# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल

२०८० जेष्ठ

# दश वर्षे शिक्षा क्षेत्र योजना (२०७९-२०८८)

# दश वर्षे शिक्षा क्षेत्र योजना (२०७९-२०८८)

**भरतपुर महानगरपालिका**

**भरतपुर चितवन**

**२०८०**

# भूमिका

नेपालको संविधानमा व्यवस्था भएअनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकारक्षेत्रमा परेको छ । सोही व्यवस्था अनुसार भरतपुर महानगरले शैक्षिक व्यवस्थापका कार्य गर्दै आएको छ । दिगो विकासका लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेको प्रतिवद्धता, पन्ध्रौँ आवधिक योजना (२०१९/२०२०-२०२३/२४) एवम् विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-२०३०) ले परिलक्षित गरेका उद्देश्यहरू हासिल गर्न सबै तहका सरकारहरूको उत्तिकै दायित्व रहेको हुन्छ । यसै सन्दर्भमा सङ्घीय एवम् प्रदेश तहबाट मार्गदर्शन एवम् योजनाका खाकाहरू उपलब्ध गराउने एवम् आवश्यक क्षमता विकास गर्ने जस्ता गर्ने जस्ता कार्यहरू गरिएको थियो । स्थानीय तहको सरकार गठन भए पश्चात् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरेअनुरूप क्षेत्रगत रूपमा आवधिक एवम् दीर्घकालीन योजनाहरू निर्माण एवम् कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको भएको सन्दर्भमा भरतपुर महानगरपालिकाको आर्थिक, सामाजिक तथा पर्यावरणीय परिवेश एवम् शिक्षा क्षेत्रका सूचकहरूको अवस्था समेतलाई ध्यानमा राखी यो शिक्षा क्षेत्रको दशवर्षे योजना तयार गरी भरतपुर महानगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०३/०७ गतेको निर्णयबाट पारित गरिएको छ ।

यो योजना निर्माणमा स्थानीय समुदायस्तर तथा वडास्तरमा सरोकारवालासँग छलफल एवम् परामर्श गरी विगतमा कार्यान्वयन गरिएका कार्यक्रमहरूको नतिजा एवम् प्राप्तिहरू, तीनको प्रभावकारिता तथा त्यस्ता कार्यक्रमबाट हासिल भएका सिकाइहरूको विश्लेषण तथा समीक्षा गरिएको थियो । महानगरपालिकालाई शिक्षा क्षेत्रको वार्षिक योजना तथा बजेट तर्जुमा गर्न, अन्य विषयक्षेत्रका योजनाहरूसँगको सम्बन्ध विश्लेषण गर्न तथा नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई निर्धारित लक्ष्यमा पुग्न यो योजनाले मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

यसैगरी मस्यौदा पुनरावलोकन गरी अन्तिम रूप प्रदान गर्ने क्रममा आफ्ना अमूल्य सुझाव प्रदान गर्नु हुने भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीलगायत वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरू, जनप्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक र शिक्षाप्रेमी व्यक्तित्व सबैप्रति आभार प्रकट गर्ने चाहन्छौं । यस योजनाको दस्तावेजलाई सम्पादन सहित अन्तिम स्वरूप प्रदान गर्न प्राविधिक रूपमा सहयोग गर्ने समावेशी शिक्षा परियोजनाका विज्ञ श्री सुशीलबाबु खनाल सहित परियोजना टिमप्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । यस योजनाको मस्यौदा समितिको संयोजकको रूपमा समन्वयकारी भूमिका निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतहरू क्रमशः रामबन्धु सुवेदी र नरेन्द्रकुमार राना तथा शैक्षिक प्रशासन महाशाखा प्रमुख महेन्द्र पौड्याल सहित मस्यौदा समितिका सदस्यहरू योजना तर्जुमामा संलग्न महानगरपालिकाका कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्त्यमा, यस योजनाले महानगरपालिकालाई आफ्ना वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट निर्धारण गर्न तथा गुणस्तरीय शिक्षाका लागि महानगरबाट लक्षित उद्देश्यहरू हासिल गर्न निर्धारित रणनीतिहरू उपयोगी हुने हाम्रो विश्वास रहेको छ ।

धन्यवाद ।

रेनु दाहाल  
प्रमुख  
भरतपुर महानगरपालिका

# विषय सूची


परिच्छेद १: परिचय ............ 1

१.१ पृष्ठभूमि ............ 1

१.२ विगतको योजनाका प्रगति समीक्षा ............ 6

१.३ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण ............ 7

परिच्छेद-२ : नयाँ शिक्षा क्षेत्र योजना - भरतपुर महानगरको दीर्घकालीन सोच गन्तव्य/मार्गचित्र ............ 28

२.१ सन्दर्भ र औचित्य ............ 28

२.२ दीर्घकालीन सोच ............ 28

२.३ लक्ष्य ............ 28

२.४ उद्देश्यहरू ............ 28

२.५ रणनीतिहरू ............ 29

२.६ कार्यनीतिहरू ............ 30

परिच्छेद ३: शिक्षाका क्षेत्रहरू ............ 37

३.१ प्रारम्भिक बाल विकास र शिक्षा ............ 37

३.२ आधारभूत शिक्षा ............ 40

३.३ माध्यमिक शिक्षा ............ 43

३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम ............ 46

३.५ स्थानीय पाठ्यक्रम / पाठ्यसामग्री ............ 49

३.६ शिक्षक व्यवस्थापन र विकास ............ 51

३.७ विद्यालय व्यवस्थापन ............ 56

३.८ अनौपचारिक तथा वैकल्पिक शिक्षा : साक्षरता शिक्षा, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ ............ 59

३.९ समावेशी शिक्षा ............ 62

३.१० गुणस्तरीय शिक्षा ............ 64

३.११ शिक्षामा सूचना प्रविधिको प्रयोग ............ 67

परिच्छेद ४: संस्थागत संरचना र क्षमता विकास ............ 70

४.१ रणनीति तथा कार्यनीतिहरू ............ 70

४.२ संस्थागत संरचना ..... 71

४.३ संस्थागत क्षमता विकास ..... 73

परिच्छेद ५: लगानी र स्रोत व्यवस्थापन..... 74

परिच्छेद ६: योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय..... 78

६.१ योजना तर्जुमा..... 78

६.२ अनुगमन तथा मूल्याङ्कन..... 78

६.३ समन्वय र सहकार्य..... 79

परिच्छेद ७: मुख्य मुख्य क्रियाकलाप र उपलब्धिसूचक/परिमाणात्मक लक्ष्य ..... 80

सन्दर्भ सामग्रीहरू ..... 83

अनुसूचीहरू..... **Error! Bookmark not defined.**

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

राष्ट्रको विकास, समृद्धि र सुशासनको मूल आधार शिक्षा हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी उसलाई रोजगार तथा श्रम बजारमा उपलव्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्दछ । यसवाट मर्यादित एवम् सम्मानजनक जीवन जिउन सहयोग पुग्न जान्छ । मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणको मूल आधार शिक्षा भएकाले नेपालको संविधानले शिक्षालाई नेपाली नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा शिक्षालाई नेपाली नागरिकका आधारभूत आवश्यकताका रूपमा स्थापित गरेको छ । सबै नेपाली नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउने राज्यको दायित्व रहेको कुरा संविधानले स्पष्ट पारेको छ । नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेकोछ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्न हक समेत संविधानले प्रत्याभूत गरेको छ ।

समृद्ध नेपाल सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणमा मानव संसाधनको भूमिका महत्त्वपूर्ण रहन्छ । मानव संसाधन विकासको मूल आधार शिक्षा नै हो । भरतपुर महानगरपालिकाको आर्थिक स्रोत र साधनको समुचित परिचालन गरी अवसरहरूको सिर्जना गर्न शिक्षा सम्बन्धी योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनको महत्त्वपूर्ण भूमिका रहन्छ । भरतपुर महानगरपालिकाको दीर्घकालीन सोच **भव्य नेपालको सुन्दर शहर, समृद्ध र सु-संस्कृत भरतपुर महानगरलाई** साकार पार्न समेत भरतपुर महानगरपालिकाको शिक्षा सम्बन्धी दीर्घकालीन योजना अपरिहार्य छ । नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, नेपाल सरकारको शिक्षा नीति, बागमती प्रदेशको शिक्षा नीति एवं भरतपुर महानगरपालिकाको दीर्घकालीन सोच, भरतपुर महानगरपालिकाको शिक्षा सम्बन्धी नीति, एवं कोभिड-१९ ले शिक्षा क्षेत्रमा पारेको असर समेतलाई सम्बोधन हुने गरी भरतपुर महानगरपालिकाले दश वर्षे (२०७९-२०८८) शिक्षा क्षेत्रको शिक्षा विकास योजनालाई अगाडि बढाएको छ ।

भरतपुर महानगरपालिकाले तयार गरेको यस दश वर्षे शिक्षा क्षेत्रको योजनाले संघीय सरकार र प्रदेश सरकारबाट भरतपुर महानगरपालिकालाई प्राप्त हुने स्रोत र साधनको समुचित प्रयोग गर्ने छ । योजना अनुसारको कार्यक्रम कार्यान्वयन गर्न नपुग स्रोत र साधन आन्तरिक स्रोतबाट व्यवस्थापन गरी सन् २०२२ सम्म नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउने र सन् २०३० सम्म दीगो विकासको लक्ष्य बमोजिम समावेशी र समन्यायमा आधारित गुणस्तरीय शिक्षाको पहुँच तथा निरन्तर सिकाइ र सिप विकासका अवसर सबै महानगरबासीमा पुऱ्याउन सहयोग पुग्ने छ ।

**भरतपुर महानगरपालिकाको परिचयः**

धार्मिक एवं पौराणिक हिसाबले पवित्र मानिएको नारायणी नदी किनार र प्रसिद्ध धार्मिकस्थल देवघाटको काखमा अवस्थित भरतपुर महानगरपालिका ऐतिहासिक, सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक एवं सांस्कृतिक रूपले

मुलुककै अग्रणी नगरका रूपमा आफ्नो पहिचान बनाएको छ। वि.सं. २०३५ सालमा तत्कालीन भरतपुर गाउँ पञ्चायत र नारायणगढ गाउँ पञ्चायत मिलाएर भरतपुर नगर पञ्चायत बनाइएको थियो। २०४६/०४७ को राजनैतिक परिवर्तन पछि भरतपुर नगरपालिकाको रूपमा परिणत भै सञ्चालन भएकोमा वि.सं. २०७१ मा भरतपुर नगरपालिकामा आसपासका मंगलपुर, फूलबारी, गीतानगर, शिवनगर र पटिहानी गाउँपालिकामा स्तरोन्नती गरियो। नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णय अनुसार भरतपुर महानगरपालिकामा पूर्नाववत रूपमा कायम रहेका नारायणी नगरपालिका, चित्रवन नगरपालिका र कविलास गाउँपालिका समावेश गरी भरतपुर महानगरपालिका बनेको हो।

### १.१.१ भौगोलिक परिचय

भरतपुर महानगरपालिका २७° ३२' ५८" उत्तरी अक्षांश देखि २७° ४५' ४०" उत्तरी अक्षांश सम्म् र ८४° १९' ४१" पूर्वी देशान्तर देखि ८४° २९' ५" पूर्वी देशान्तर बीचमा रहेको छ। भरतपुर महानगरपालिका समुन्द्र सतह देखि १४० मिटर देखि ३९० मिटर सम्मको उचाइमा रहेको छ। भरतपुर महानगरपालिकाको क्षेत्रफल ४३,२९५ वर्ग किलोमिटर रहेको छ। भरतपुर महानगरपालिकाको पूर्वमा रत्ननगर नगरपालिका, कालिका नगरपालिका, इच्छाकामना गाउँपालिका, पश्चिममा नवलपुर जिल्ला, उत्तरमा तनहुँ जिल्ला र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछ।

भरतपुर महानगरपालिकाको भू बनावटलाई हेर्दा तीन तहमा छुट्याउन सकिन्छ। पहिलो नारायणी नदीको प्रभाव क्षेत्रको करिव नजिकको उचाइमा रहेको वडा नं. १,२ र ३ का भूभाग र वडा नं. ४ र ५ का केही भूभाग पर्दछन। यहाँको माटो नारायणीको बगरले गर्दा ग्राभेल मिश्रित छ। दोस्रो माथिल्लो समथर भूभाग जसमा वडा नं. ४ र ५ का केही भूभाग र वडा नं. ६ देखि २८ सम्मका भूभाग पर्दछन्। तेस्रो वडा नं. २९ को पहाडी भूभाग रहेको छ। भरतपुर महानगरपालिकाका अधिकांश क्षेत्रको माटो बलौटे र पानीको प्राकृतिक नाला (घोल) भएको वरिपरि चिम्ट्याइलो किसिमको रहेको छ। भौगोलिक दृष्टिकोणले भरतपुर महानगरपालिका भित्रको माटोलाई उर्वर मानिन्छ। यहाँका कृषि जमिन प्रायः सिञ्चित छन्। नारायणी लिफ्ट सिञ्चाइ र खगेरी नहरले नगरपालिकाको प्रायः सम्पूर्ण जमिनमा सिञ्चाइको सुविधा पुऱ्याइएको छ।

### १.१.२ जलवायु

भरतपुर महानगरपालिका समुन्द्र सतहबाट कम उचाइमा रहेको, तल्लो समथर भूभागमा रहेको, महाभारत पर्वतको नजिक परेका कारण भरतपुरको औसत तापक्रम बढी आर्द्रतायुक्त जलवायु भएको पाइन्छ। भरतपुरमा पुस, माघ महिनामा सबैभन्दा बढी जाडो हुन्छ भने जेठ देखि भदौ सम्म बढी गर्मी हुन्छ। भरतपुरमा न्यूनतम तापक्रम १० सेन्टिग्रेड देखि ४० डिग्री सेन्टिग्रेड सम्म पुग्दछ। यहाँको औषत तापक्रम २५ डिग्री सेन्टिग्रेड रहेको छ। भरतपुरमा वार्षिक औसत वर्षा १५०० मि.मि. हुने गर्दछ जसमध्ये लगभग ७८ प्रतिशत वर्षा असार देखि भदौसम्म मनसुनी वर्षाको रूपमा हुने गर्दछ।

### १.१.३ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थानहरू

भरतपुर महानगरपालिकाको वडा नं. २९ मा रहेको कविलासगढी, भरतपुर वडा नं. १ मा रहेको दियालो बङ्गला दरबार आदि भरतपुर महानगरपालिकाका ऐतिहासिक स्थानहरू हुन्। चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी ताल, नारायणी

नदी, ज्ञानेश्वर सामुदायिक वन, वि.पी. शान्तिनगर वन, रानी पोखरी आदि यस महानगरपालिकाका प्राकृतिक दृश्यावलोकनका लागि मनोरम स्थानका रूपमा लिन सकिन्छ। यसैगरी देवघाट, कालिका मन्दिर, शिवघाट, सीतामाई, विक्रम बाबा, गणेशस्थान, बागेश्वर मन्दिर, हरिहर मन्दिर, पशुपति मन्दिर (पोखरा बसपार्क), दुर्गा मन्दिर (बसेनी) आदि यस महानगरपालिकाका धार्मिक स्थलहरू हुन्‌। भरतपुर महानगरपालिका धार्मिक पक्षबाट पनि उच्च एवम् समुन्नत क्षेत्रको रूपमा रहेको छ।

### १.१.४ प्रमुख नदी र तालहरू

यस महानगरपालिकाको पश्चिम सीमा भएर बहने नारायणी र दक्षिण भएर बहने राप्ती नदी नै यस महानगरपालिकाका प्रमुख नदी हुन्। राप्ती नदीले यस महानगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज बीच सीमाको काम गरेर बहेको छ। भरतपुर महानगरपालिका भित्र रानी पोखरी, कमल पोखरी लगायतका केही तालहरू रहेका छन्। महानगरपालिकाको सीमासँग जोडिएको चितवन राष्ट्रिय निकुञ्जमा नन्द भाउजु ताल, राइनो ताल, बाटुली पोखरी, बिसहजारी ताल लगायत विभिन्न ताल तलैयाहरू रहेका छन्।

### १.१.५ राजनैतिक तथा प्रशासनिक विभाजन

नेपालमा संघीय व्यवस्था लागु भएपछि नेपाललाई ७ प्रदेश र ७५३ स्थानीय तहमा विभाजन गरिएको छ। बागमती प्रदेशमा रहेका १३ जिल्ला, तीन महानगरपालिका, एक उप-महानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका मध्ये भरतपुर महानगरपालिका एक हो। भरतपुर महानगरपालिकालाई २९ वटा वडामा विभाजन गरिएको छ।

### १.१.६ जनसङ्ख्या अवस्था

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार भरतपुर महानगरपालिकाको कूल जनसङ्ख्या ३,६९,२६८ रहेको छ। त्यसमध्ये महिला १,९०,३७१ र पुरूष १,७८,८९७ रहेका छन्। जनसङ्ख्या वृद्धिदर २.६४ प्रतिशत रहेको छ। कूल परिवार सङ्ख्या ९६,५९१ रहेको छ। उमेरगत जनसङ्ख्या विवरण निम्न तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १ उमेरगत जनसङ्ख्या विवरण**

| क्र.सं. | उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष भन्दा मुनि | ११००३ | १२८३१ | २३८३४ | ६.४५ |
| २ | ५-९ वर्षसम्म | १२८१६ | १५६१८ | २८४३४ | ७.७० |
| ३ | १०-१४ वर्षसम्म | १४०३७ | १५९५३ | २९९९० | ८.१२ |
| ४ | १५-१९ वर्षसम्म | १७२०५ | १८९८३ | ३६१८८ | ९.८० |
| ५ | २०-२४ वर्षसम्म | १९२५३ | १६९८० | ३६२३३ | ९.८१ |

| क्र.सं. | उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ६ | २५-४४ वर्षसम्म | ६६९५७ | ५१७४९ | ११८७०६ | ३२.१४ |
| ७ | ४५-५९ वर्षसम्म | २८५१७ | २७७६३ | ५६२८० | १५.२४ |
| ८ | ६०-६९ वर्षसम्म | ११४४५ | १०९२७ | २२३७२ | ६.०५ |
| ९ | ७० वर्षसम्म भन्दा माथि | ९१३८ | ८०९३ | १७२३१ | ४.६६ |
| जम्मा | | १९०३७१ | १७८८९७ | ३६९२६८ | १०० |

स्रोत केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८

यसैगरी यस महानगरपालिका भित्रका विभिन्न २९ वडामा रहेको जनसङ्ख्या विवरण देहाय अनुसार रहेको छ । जसअनुसार सबैभन्दा धैरै जनसङ्ख्या वडा नं ११ मा र सबैभन्दा कम जनसङ्ख्या वडा नं २४ मा रहेको छ। वडागत जनसङ्ख्या विवरण निम्न तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २ वार्डगत जनसङ्ख्या विवरण**

| वडा नं | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ४५७१ | ४५३८ | ९१०९ |
| २ | ९७६६ | ९७९८ | १९५६४ |
| ३ | ९२२० | ८००२ | १७२२२ |
| ४ | १०३२२ | १०५४९ | २०८७१ |
| ५ | ६६१३ | ७०९७ | १३७१० |
| ६ | ६४७७ | ६८७२ | १३३४९ |
| ७ | ८२११ | ९००० | १७२११ |
| ८ | ५५२७ | ५९११ | ११४३८ |
| ९ | ७५४२ | ७६४१ | १५१८३ |
| १० | १०२०४ | १०४२९ | २०६३३ |
| ११ | १७३३६ | १८३५६ | ३५६९२ |
| १२ | ७८०० | ८०२६ | १५८२६ |
| १३ | ३२५० | ३६४२ | ६८९२ |
| १४ | ५२४५ | ५८८९ | १११३४ |
| १५ | ७५७६ | ८२५७ | १५८३३ |
| १६ | ८४८८ | ९३३० | १७८१८ |

| वडा नं | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १७ | ४०२२ | ४५८६ | ८६०८ |
| १८ | ४८९९ | ५६७८ | १०५७७ |
| १९ | ३८०७ | ४६४७ | ८४५४ |
| २० | ३९०७ | ४५६३ | ८४७० |
| २१ | ४४७० | ४९१५ | ९३८५ |
| २२ | ३१४८ | ३५०४ | ६६५२ |
| २३ | ३८९७ | ४१४२ | ८०३९ |
| २४ | २६४३ | २८१६ | ५४५९ |
| २५ | ४५६८ | ४९४९ | ९५१७ |
| २६ | ५०३९ | ५६९७ | १०७३६ |
| २७ | ४२४६ | ४८१२ | ९०५८ |
| २८ | ३२२५ | ३६८२ | ६९०७ |
| २९ | २८७८ | ३०४३ | ५९२१ |
| जम्मा | १७८८९७ | १९०३७१ | ३६९२६८ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८

### १.१.६ आर्थिक तथा सामाजिक पक्ष

नेपालको केन्द्र र पूर्वपश्चिम लोकमार्गको करिब करिब मध्य भागमा रहेको र तराइ क्षेत्रलाई राजधानीसँग जोड्ने मार्गहरू मध्ये प्रमुख मार्ग भएका कारण भरतपुर देशकै आर्थिक विकासको केन्द्रका रूपमा विकास हुँदैछ। भरतपुरका विभिन्न स्थानमा उद्योगहरू स्थापना भै सञ्चालनमा छन्। उद्योग, शैक्षिक संस्थाहरू, व्यापार व्यवसायको विस्तारले रोजगारीका सम्भावनाहरू दिनानुदिन बढ्दै गइरहेका छन्। माडी-ठोरी जोड्ने एकमात्र मार्ग भरतपुर रहेको कारण पनि यातायात र व्यापारको विकासमा थप टेवा पुगेको छ। देशको तेस्रो ठूलो पर्यटनस्थल सौराहाका लागि स्थल र हवाइ मार्ग पनि भरतपुरमा नै छ। यस महानगरपालिकालाई देशको ७८ औँ जिल्ला पनि भनिन्छ। देशका प्रायः सबै जिल्लाबाट यस जिल्लामा बसाई सराई गरेर आएर बसोबास गर्ने हुँदा यहाँ सबै जातजाति र धर्म मान्ने मानिसहरूको बसोबास छ। यस महानगरपालिकामा आर्थिक तथा सामाजिक रूपले पछि परेका चेपाङ्ग, माझी, कुमाल, दराई आदि अति सिमान्तकृत, अल्पसङ्ख्यक र लोपोन्मुख जातिहरूको बसोबास समेत छ। विभिन्न जातिहरूको आ-आफ्नै मौलिक भाषा र संस्कृति छ।

### १.१.७ शैक्षिक अवस्थाः

शिक्षा व्यक्ति एवं समाज विकासको मेरूदण्ड हो। शिक्षा बिना देश विकासको कल्पना पनि गर्न सकिंदैन। व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले ठूलो सहयोग पुऱ्याएको हुन्छ। आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन

गर्न जाने बालबालिकाहरू नै भोलिका देशका कर्णधार हुन् । त्यसैले पनि शिक्षालाई यति धेरै महत्त्व दिनु परेको प्रष्ट छ । भनिन्छ शिक्षा नै सामाजिक परिवर्तनको बाहक हो ।

वि.सं. २००७ सालमा देशमा प्रजातन्त्र प्राप्ति अगाडिसम्म चितवन जिल्लाभित्र कुनै पनि शैक्षिक संस्था सञ्चालन भएको पाइदैन भने प्रजातन्त्रको बहालीपश्चात् वि.सं. २००९ सालमा तत्कालीन भाषा पाठशालाको सरकारी दरबन्दीका एक शिक्षकबाट केही महिना पूर्वी चितवनको चात्राङ र पछि तत्कालीन चितवन जिल्ला सदरमुकाम उपरदाङगढी नजिक सेरबासको एउटा ठाँटीमा चितवनको पहिलो पाठशाला सञ्चालन भएको पाइन्छ । भरतपुर महानगरपालिकामा विद्यालय स्थापनाको इतिहास वि.सं. २०१२ कार्तिक १४ गते साझापुरमा विद्यालय स्थापना भएको पाइन्छ । त्यस्तै वि.सं. २०११ माघ १ गते नारायणगढको नारायणी नदी किनारको ठाँटीमा सहकारी मिडिल स्कुल स्थापना भएको पाइन्छ । त्यस्तै वि.सं. २०१२ सालमा पटिहानीमा छिता विक्रम पाठशाला स्थापना भएको थियो । वि.सं. २०१८ सालमा माध्यमिक तह सञ्चालन भएको चितवन माध्यमिक विद्यालय भरतपुरको मात्र होइन चितवन जिल्लाकै पहिलो माध्यमिक विद्यालय हो । त्यस्तै वि.सं. २०२२ सालमा उच्च शिक्षा तर्फ पहिलो कलेज वीरेन्द्र इन्टर कलेज सञ्चालन भएको थियो । वि.सं. २०२६ सालमा अनिवार्य निःशुल्क प्राथमिक शिक्षा भरतपुरसँगै चितवन जिल्लामा लागु भयो । वि.सं. २०२८ सालमा नयाँ शिक्षा योजना (राष्ट्रिय शिक्षा पद्धतिको योजना) लागु भयो । वि.सं.२०४६/०४७ को राजनैतिक परिवर्तनसँगै भरतपुर महानगरपालिका नेपाल राष्ट्रकै शैक्षिक केन्द्रका रूपमा विकास हुँदै गइरहेको छ ।

हाल भरतपुर महानगरपालिकामा ११३ वटा सामुदायिक विद्यालय, ९५ वटा संस्थागत विद्यालय, ४ वटा धार्मिक प्रकृतिका २७ वटा उच्च शिक्षा प्रदान गर्ने क्याम्पस तथा कलेजहरू र एउटा कृषि तथा वन विश्वविद्यालय सञ्चालित छन् । शिक्षाको पक्षबाट पनि भरतपुर नगरपालिकाले महानगरपालिका तथा समग्र चितवन जिल्लाको प्रतिनिधित्व गर्ने अवस्था रहेको छ ।

## १.२ विगतको योजनाका प्रगति समीक्षा

देशको आर्थिक सामाजिक साँस्कृतिक विकासको प्रमुख पूर्वाधार शिक्षा हो । शिक्षाको योजनाबद्ध रूपमा विकास र विस्तार गर्नका लागि नेपाल सरकारले विभिन्न योजनाहरू तयार गरी कार्यान्वयन गर्दै आएको छ । राष्ट्रियस्तरमा राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको योजना २०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन र यसका सुझावहरूको कार्या्नयन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनमा आधारित शैक्षिक विकास कार्यक्रमहरू २०५५, सबैका लागि शिक्षा, माध्यमिक शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास योजना लगायतका योजना तथा कार्यक्रमहरूको क्रमबद्ध कार्यान्वयनबाट शिक्षाको विकास हुँदै आएको छ । यसैगरी सरकारका प्रथम पञ्चवर्षीय योजना देखि हाल कार्यान्वयनमा रहेको पन्ध्रौँ पञ्चवर्षीय योजनाले समेत शिक्षा क्षेत्रको विकासमा योगदान पुऱ्याएको छ। यसैगरी नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिवद्धताहरूका आधारमा ती प्रतिवद्धताहरूलाई राष्ट्रिय योजना तथा कार्यक्रमहरूमा समावेश गरी योजनाबद्ध रूपमा कार्यान्वयन गरी शिक्षामा पहुँच, सहभागिता, गुणस्तर र समावेशी पक्षमा प्रगति भएको छ । हाल दिगो विकासका लक्ष्य २०३० को प्रभावकारी कार्यान्वयनका लागि योजनाबद्ध रूपमा शैक्षिक विकासका लागि कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम लागु भएपछि तत्कालीन गाउँ विकास समितिहरूमा गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यको थालनी गरियो। हाल भरतपुर महानगरपालिकामा समावेश भएका तत्कालीन गाउँ विकास समितिहरूले गाउँ शिक्षा योजना तर्जुमा गरेपनि बजेटमा केन्द्रको मुख ताक्नु पर्ने अवस्थाले गर्दा गाउँपालिकाहरूले बनाएका योजनाहरू अपेक्षाकृत रूपमा कार्यान्वयन हुन सकेनन्।

नेपाल सरकारको साक्षर नेपाल कार्यक्रम अन्तर्गत शैक्षिक सत्र २०६५ देखि साक्षरता कार्यक्रम सञ्चालन गरी यस महानगरपालिकालाई आ.व. २०७१/०७२ मा साक्षर महानगरपालिका घोषणा गरिसकिएको छ। साक्षर नेपाल कार्यक्रम अन्तर्गत नेपाल राष्ट्रकै पहिलो साक्षर गाउँ विकास समिति तत्कालीन फूलबारी गाउँ विकास समिति हो। फूलबारी गाउँ विकास समिति हाल भरतपुर महानगरपालिकामा समावेश भएको छ। यद्यपि, राष्ट्रिय जनगणना २०७८ अनुसार भरतपुर महानगरपालिकाको साक्षरतादर ८७.२% रहेको छ। जसमध्ये महिला साक्षरता दर ८२.६ % र पुरुष साक्षरता दर ९२.१% छ, जसको मुख्य कारण आन्तरिक तथा मौसमी बसाइँसराइ रहेको देखिन्छ।

नेपालमा संघीय व्यवस्था लागु भएपछि तीन तहको सरकार गठन भएसँगै भरतपुर महानगरपालिकाको गठन भयो। नेपालको संविधानको अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) ज बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरू भरतपुर महानगरपालिकाले तय गरी कार्यान्वयन गर्ने कार्य जिम्मेवारी गर्नुपर्ने भयो। महानगरपालिकाको प्रथम नगरसभा देखि नै वार्षिक नीति तथा कार्यक्रममा शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्दै आएको छ। शिक्षा क्षेत्रको यो योजना भरतपुर महानगरपालिकाको प्रथम योजना हो।

## १.३ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण

यस महानगपालिकामा विद्यालय, विद्यार्थी, विद्यार्थी भर्नादर, विद्यालय छाड्ने दर, विद्यालय विद्यार्थी अनुपात, विद्यार्थी शिक्षक अनुपात, लैङ्गिक समता सूचकाङ्क र प्राविधिक शिक्षा र उच्च शिक्षाको विद्यमान अवस्था निम्नानुसार उल्लेख गरिएको छ :

तालिका २ : शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था

| शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बाल कक्षा | ११३ | १४६ | २५९ | एक विद्यालयमा एक भन्दा बढी कक्षाहरू समेत सञ्चालित रहेका छन्। |
| आधारभूत विद्यालय कक्षा १-३ | ८ | ४ | १२ | |
| आधारभूत विद्यालय कक्षा १-५ | ३० | १६ | ४६ | |
| आधारभूत विद्यालय १-८ | २४ | ८ | ३२ | |

| | | | | |
|---|---|---|---|---|
| माध्यमिक विद्यालय १-१० | १७ | ५८ | ७५ | |
| माध्यमिक विद्यालय १-१२ | ३५ | १९ | ५५ | |
| गुरुकुल,गुम्बा र मदरसा | | | ४ | |
| खुला विद्यालय कक्षा (९-१०) | | | १ | |
| प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय | | | २ | |
| नमुना विद्यालयमा सूचीकृत माध्यमिक विद्यालय | | | २ | |
| विशेष विद्यालय | | | ३ | |
| बहुप्राविधिक शिक्षालय | | | ३ | |
| क्याम्पस एवम् कलेज | | | २७ | |
| विश्व विद्यालय | | | १ | |

स्रोतः EMIS,२०७९

उपरोक्त शैक्षिक अवस्थाबाट महानगरपालिकामा प्रारम्भिक बालविकास शिक्षाको सङ्ख्या सवैभन्दा बढी रहेको अवस्था देखिन्छ। यी कार्यक्रमहरूको व्यवस्थापन तथा गुणस्तरीय सुधारमा थप सुधार हुन सकेमा गुणस्तरीय शिक्षाको आधार निर्माण हुन जाने अवस्था छ। १२ ओटा आधारभूत तर्फका कक्षा १-३ सञ्चालित विद्यालयहरू रहेका छन् भने सोही तहका कक्षा १-५ सञ्चालन हुने र कक्षा १-८ सञ्चालन हुने विद्यालयहरू क्रमशः ४६ र ३२ ओटा रहेका छन। त्यसैगरी कक्षा १ १० र कक्षा १ १२ सञ्चालन हुने विद्यालयहरूको सङ्ख्या क्रमशः ७५ र ५५ ओटा रहेका छन्। खुला विद्यालय कक्षा (९-१०) प्राविधिकधार सञ्चालित माध्यमिक विद्यालय २ नमुना विद्यालयमा सूचीकृत माध्यमिक विद्यालय २ विशेष विद्यालय ३ क्याम्पस एवम् कलेज २७ र विश्वविद्यालय १ सञ्चालनमा रहेका छन्। सङ्ख्यात्मक रूपमा शैक्षिक सस्थाहरूको अवस्था पर्याप्त नै देखिन्छ। यी संस्थाहरूको शिक्षा सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाउन सकेमा महानगरपालिकाको समग्र विकासका लागि आवश्यक जनशक्ति विकास हुन जाने अवस्था देखिन्छ।

तालिका ३: वडागत विद्यालय विवरण, २०७९

| वडा नं | सामुदायिक | | | संस्थागत | | | सामुदायिक र संस्थागत जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा | आधारभूत | माध्यमिक | जम्मा |
| १ | २ | ३ | ५ | २ | १ | ३ | ४ | ४ | ८ |
| २ | ० | २ | २ | २ | ६ | ८ | २ | ८ | १० |
| ३ | ० | १ | १ | ० | ५ | ५ | ० | ६ | ६ |
| ४ | २ | २ | ४ | ० | ७ | ७ | २ | ९ | ११ |
| ५ | १ | २ | ३ | ० | ३ | ३ | १ | ५ | ६ |
| ६ | २ | ३ | ५ | ० | ३ | ३ | २ | ६ | ८ |
| ७ | ० | २ | २ | ० | १ | १ | ० | ३ | ३ |
| ८ | ० | २ | २ | ० | ४ | ४ | ० | ६ | ६ |
| ९ | ० | ० | ० | ० | ४ | ४ | ० | ४ | ४ |
| १० | २ | ३ | ५ | १ | ५ | ६ | ४ | ७ | ११ |
| ११ | ३ | २ | ५ | २ | ५ | ७ | ५ | ७ | १२ |
| १२ | ० | १ | १ | ० | ४ | ४ | ० | ५ | ५ |
| १३ | २ | २ | ४ | २ | ० | २ | ४ | २ | ६ |
| १४ | ३ | १ | ४ | २ | २ | ४ | ५ | ३ | ८ |
| १५ | ४ | ३ | ७ | ० | २ | २ | ४ | ५ | ९ |
| १६ | ३ | २ | ५ | २ | २ | ४ | ५ | ४ | ९ |
| १७ | १ | ० | १ | १ | २ | ३ | २ | २ | ४ |
| १८ | १ | २ | ३ | १ | ५ | ६ | २ | ७ | ९ |
| १९ | १ | २ | ३ | ० | २ | २ | १ | ४ | ५ |
| २० | २ | १ | ३ | ० | २ | २ | २ | ३ | ५ |
| २१ | ३ | २ | ५ | ० | २ | २ | ३ | ४ | ७ |
| २२ | २ | १ | ३ | १ | १ | २ | ३ | २ | ५ |
| २३ | २ | २ | ४ | ० | २ | २ | २ | ४ | ६ |
| २४ | २ | १ | ३ | ० | ० | ० | २ | १ | ३ |
| २५ | २ | ३ | ५ | ० | २ | २ | २ | ५ | ७ |
| २६ | ७ | २ | ९ | ० | १ | १ | ७ | ३ | १० |
| २७ | १ | १ | २ | २ | २ | ४ | ३ | ३ | ६ |
| २८ | ३ | २ | ५ | १ | ० | १ | ४ | २ | ६ |
| २९ | १० | २ | १२ | १ | ० | १ | ११ | २ | १३ |
| **जम्मा** | ६१ | ५२ | ११३ | २० | ७५ | ९५ | ८१ | १२७ | २०८ |

स्रोत: महानगरपालिकाको शैक्षिक अभिलेख, २०७९

वडा न ९ मा कुनै पनि सामुदायिक  विद्यालय नभएको अवस्था देखिन्छ भने वडा नं २९ मा सबैभन्दा बढी सामुदायिक विद्यालय (१२ ओटा) विद्यालय रहेको देखिन्छ। त्यसै गरी वडा नं २४ मा संस्थागत तर्फ कुनै पनि विद्यालय नरहेको र वडा नं २ र ११ मा सबैभन्दा बढी ८/८ ओटा विद्यालय रहेका छन्। यद्यपि, यसबाट उक्त वडाहरूमा विद्यालय उमेर समुहका स साना बालबालिकाहरूका लागि सँगै रहेको नजिकैको अर्को वार्डमा रहेका विद्यालयमा सहज पहुँच भएकोले खासै कठिनाइ रहेको देखिँदैन।

तालिका ४: कक्षागत विद्यार्थी विवरण

| कक्षा | जम्मा | | | | दलित | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | अन्य | जम्मा | छात्रा | छात्र | अन्य | जम्मा |
| प्रारम्भिक बाल विकास | ६८६५ | ८२८६ | | १५१५१ | १०७४ | १२३१ | | २३०५ |
| १ | ३२७६ | ४०४५ | १ | ७३२३ | ४९९ | ५९९ | | १०९८ |
| २ | ३१९७ | ३९१६ | | ७११३ | ४७६ | ५४६ | | १०२२ |
| ३ | ३२३६ | ४१०२ | ३ | ७३४१ | ४४१ | ६०१ | | १०४२ |
| ४ | ३३०३ | ४२२९ | | ७५३२ | ४५३ | ५५८ | | १०११ |
| ५ | ३३२३ | ४२९१ | | ७६१४ | ४३३ | ५५७ | | ९९० |
| ६ | ३५५९ | ४२११ | | ७७७० | ५०६ | ५३९ | | १०४५ |
| ७ | ३३९० | ३९१४ | | ७३०४ | ४३८ | ४८९ | | ९२७ |
| ८ | ३३८० | ३८४१ | | ७२२१ | ४३३ | ४५४ | | ८८७ |
| आधारभूत तह (बाविके-८) | ३३५२९ | ४०८३५ | ४ | ७४३६९ | ४७५३ | ५५७४ | ० | १०३२७ |
| ९ | ३४७७ | ३९१६ | | ७३९३ | ४३९ | ४६७ | | ९०६ |
| १० | ३०६१ | ३२५५ | | ६३१६ | ३५४ | ३१८ | | ६७२ |
| ११ | ४०३५ | ४४६२ | | ८४९७ | ४६४ | ३९९ | | ८६३ |
| १२ | ३४७६ | ३९३६ | १ | ७४१३ | ३३० | ३४१ | | ६७१ |
| माध्यमिक तह (कक्षा ९-१२) | १४०४९ | १५५६९ | १ | २९६१९ | १५८७ | १५२५ | ० | ३११२ |

स्रोतः EMIS,२०७९

यसैगरी अपाङ्गता भएका बालबालिकाको कक्षागत विवरण देहायअनुसार रहेको छ।

तालिका नं ५: अपाङ्गता भएका बालबालिकाको कक्षागत विवरण, २०७९

| कक्षा | छात्रा | छात्र | अन्य | जम्मा |
|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास | २७ | ६१ | | ८८ |
| १ | ९ | १६ | | २५ |
| २ | १२ | १४ | | २६ |
| ३ | १३ | २० | | ३३ |
| ४ | ४ | ५ | | ९ |
| ५ | ४ | ७ | | ११ |
| ६ | ४ | ७ | | ११ |
| ७ | ५ | ९ | | १४ |
| ८ | ८ | ६ | | १४ |
| आधारभूत तह (बाविके-८) | ८६ | १४५ | ० | २३१ |
| ९ | ६ | ४ | | १० |
| १० | ४ | २ | | ६ |
| ११ | | ३ | | ३ |
| १२ | २ | | | २ |
| माध्यमिक तह (कक्षा ९-१२) | १२ | ९ | ० | २१ |

स्रोतः EMIS,२०७९

**तालिका ५: सामुदायिक विद्यालयको शिक्षक दरबन्दी विवरण**

| बाल विकास केन्द्र | आधारभूत विद्यालय १-५ | | | उच्च आधारभूत विद्यालय ६-८ | | | माध्यमिक विद्यालय ९-१० | | | उच्च माध्यमिक विद्यालय ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | राहत | दरबन्दी | जम्मा | राहत | दरबन्दी | जम्मा | राहत | दरबन्दी | जम्मा | राहत | दरबन्दी | जम्मा |
| २०० | ६० | ६७९ | ७३९ | ४७ | २२३ | २७० | ४६ | १७६ | २२२ | ३५ | २४ | ५९ |

तालिका ६ : सामुदायिक तर्फको विद्यालय विद्यार्थी अनुपात

| तह | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | विद्यालय विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|
| बालविकास केन्द्र | ११३ | ६३९४ | ५७ | |
| आधारभूत (१८- ) तह | ११३ | २५८९० | २२९ | |
| माध्यमिक तह ( ९१२- ) तह | ५२ | १२८९४ | २४८ | |

स्रोत : महानगरपालिकाको अभिलेख र EMIS Report, २०७९

यस महानगरपालिकाको तथ्याङ्कबमोजिम विद्यालय विद्यार्थी अनुपातका आधारमा बालविकासमा १:५७, आधारभूत तह (कक्षा१-८) मा १:२२९ र माध्यमिक तह (कक्षा ९-१२) मा १:२४८ रहेको छ।

तालिका ७ : शिक्षक विद्यार्थी अनुपात (सामुदायिक विद्यालय)

| तह | शिक्षक दरबन्दी | विद्यार्थी सङ्ख्या | अनुपात |
|---|---|---|---|
| बालविकास | २०० | ६३६४ | १:३२ |
| आधारभूत ( १-५ ) | ७३९ | १५१६१ | १:२१ |
| आधारभूत (६-८) | २७० | १०७२२ | १:४० |
| आधारभूत (१-८) | १००९ | २५८८३ | १:२६ |
| माध्यमिक तह ( ९१२- ) | २८१ | १२८९४ | १:४६ |

सामुदायिक विद्यालयको विद्यार्थी-शिक्षक अनुपातमा बालविकास तहमा १:३२, आधारभूत तह (कक्षा १-५) मा १:२१, आधारभूत (कक्षा ६-८) मा १:४१, आधारभूत तह (कक्षा १-८)मा १:२६, र माध्यमिक तह (कक्षा ९-१२) मा १:४६ रहेको छ। आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात कम देखिएतापनि कूल ७३९ दरबन्दीमध्ये ४७७ जना आधारभूत तह (१-५) मा कायम गरी बाँकी २६२ जना शिक्षक आधारभूत (६-८) र माध्यमिक तहमा अपुग दरबन्दी भएको विद्यालयमा व्यवस्थापन गरी दरबन्दी मिलान गरिएको छ।

तालिका ८: पहुँचमा लैङ्गिक समता सूचकाङ्क

| तह | लैङ्गिक समता सूचकाङ्क |
|---|---|
| बालविकास | **०.८३** |
| आधारभूत (१८- ) | **०.८४** |
| माध्यमिक तह (९१२- ) | ०.८९ |

बालविकास, आधारभूत तह र माध्यमिक तहको लैङ्गिक समता सूचकाङ्क क्रमशः **०.८३,** ०.८४ र ०.८९ रहेको छ।

पहुँच र समावेशिता

| तह | सहजै देखिने भर्नादर | खुद भर्नादर |
|---|---|---|
| बालविकास | १०१.७% | ७३.७% |
| आधारभूत तह (कक्षा १-५ ) | १२८.९% | ९९.६% |

| तह | सहजै देखिने भर्नादर | खुद भर्नादर |
|---|---|---|
| आधारभूत तह (कक्षा ६-८) | ११२.८% | ९५.४% |
| आधारभूत तह (कक्षा १-८) | १२७.१% | ९८% |
| माध्यमिक तह (कक्षा ९-१०) | १०८.८% | ८०.३% |
| माध्यमिक तह (कक्षा ११-१२) | ६१.९% | ३५% |
| माध्यमिक तह (कक्षा ९-१२) | ८०.२% | ५६.४% |

स्रोत: IEMIS, 2078

२०७८ को तथ्याङ्क बमोजिम बालविकास, आधारभूत तह कक्षा १-५, आधारभूत तह कक्षा ६-८, आधारभूत तह कक्षा १-८, माध्यमिक तह कक्षा ९-१०, माध्यमिक तह कक्षा ११-१२, र माध्यमिक तह कक्षा ९-१२ को सहजै देखिने भर्नादर क्रमशः १०१.७%, १२८.९%, ११२.८%, १२७.१%, १०८.८%, ६१.९%, र ८०.२% रहेको छ। यसैगरी खुद भर्नादर क्रमश: ७३.७%, ९९.६%, ९५.४%, ९८%, ८०.३%, ३५%, र ५६.४% रहेको छ। साथै बालविकास केन्द्रको अनुभव लिइ कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६३ रहेको छ।

सामुदायिक विद्यालयमा महिला शिक्षकको प्रतिशत बालविकासमा १००%, आधारभूत तह (कक्षा १-५) मा ६२%, आधारभूत तह (कक्षा ६-८) मा ३३%, माध्यमिक तह (कक्षा ९-१२) मा १६% रहेको छ।
कूल १,०४,०१७ जना बालबालिका अध्ययनरत यस महानगरपालिकामा ४६% छात्रा रहेका छन्। साथै जनजाति तर्फ ३९,५१५ जना, दलित तर्फ १३४५० बालबालिका अध्ययनरत रहेका छन्। यसैगरी अपाङ्गता भएका बालबालिकाको सङ्ख्या २४० रहेको छ।

**गुणस्तर**

कक्षा ५ को गणित विषयमा प्रदेशस्तरीय औसत उपलब्धिलाई राष्ट्रिय औसत ५०० सँग तुलना गर्दा यस प्रदेशको कक्षा ६ को गणित विषयको औसत ५०५ रहेको देखिन्छ। (विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA),२०१८) बागमती प्रदेशको भन्दा प्रदेश नं. २ को औसत उपलब्धिस्तर यस प्रदेशको भन्दा बढी रहेको देखिन्छ भने अन्य प्रदेशको कम छ। यस प्रदेशमा कक्षा १ को कक्षोन्नति दर ८४% रहेको छ भने राष्ट्रियस्तरमा ८१% रहेको छ र कक्षा दोहोऱ्याउने दर ११% रहेको छ जसमा राष्ट्रियस्तरमा १४% रहेको छ। यसैगरी कक्षा ५ को कक्षोन्नति दर ९४% र कक्षा दोहोऱ्याउने दर ४% र कक्षा ८ को कक्षोन्नति दर ९५% र कक्षा दोहोऱ्याउने दर न्यून (०.२%) रहेको छ, जुन राष्ट्रिय औसतभन्दा राम्रो हो।

**तालिका ९: मुख्य उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI)**

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७८ | २०८३ | २०८८ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | महानगर | १०१ | १०० | १०० | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |
| | | प्रदेश | ९६.१ | १०४ | १०१ | | फ्ल्यास रिपोर्ट |
| | | राष्ट्रिय | **८९.७** | **९४.०** | **९९.०** | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | महानगर | **६३.१** | **८५** | **९५** | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |
| | | प्रदेश | ७६.४ | ७६ | ८१ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |
| | | राष्ट्रिय | **७४.९** | **८५.०** | **९५.०** | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | महानगर | ९३.४ | ९८ | १०० | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |
| | | प्रदेश | ९५.४ | ९९ | १०० | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | **९६.३** | **९९.०** | **१००** | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | महानगर | ११८ | ११४ | १०५ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |
| | | प्रदेश | १२२.५ | | | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |
| | | राष्ट्रिय | **१२७** | **१०७.०** | **१०५.०** | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | महानगर | ९९.६ | ९९.७ | ९९.८ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |
| | | प्रदेश | ९६.८ | ९८.३ | ९९.८ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली २०७८ | फ्ल्यास रिपोर्ट |
| | | राष्ट्रिय | **९६.** | **९९.५** | **१०२** | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | महानगर | **१२८.९** | **११६** | **१०८** | | |
| | | प्रदेश | ११८.७ | ११८ | ११० | | |
| | | राष्ट्रिय | **१२१.९** | | | वि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | महानगर | **८८.९** | **९२.९** | **९६** | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९३.०** | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | महानगर | ८७.३ | ९५.३ | ९९.५ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९५.५ | ९९.५ | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.७ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | महानगर | २५ | १७ | १० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.२ | १५.० | १०.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क* | महानगर | ०.८४ | ०.९२ | १.० | | |
| | | प्रदेश | ०.९९ | १ | १ | | |
| | | राष्ट्रिय | १.०६ | | १.०१ | दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | महानगर | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | ९५.५ | ९७ | | | |
| | | राष्ट्रिय | ९४.७ | | १०० | पन्ध्रौँ योजना, वि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | महानगर | १२७.१ | १०७ | १०५ | | |
| | | प्रदेश | ११६ | १११ | १०६ | | |
| | | राष्ट्रिय | ११६.३ | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | महानगर | ७७.४ | ८७.० | ९५ | | |
| | | प्रदेश | ७८.६ | ८४.५ | ९० | | |
| | | राष्ट्रिय | ७९.३ | | ९५.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.१२ | | महानगर | ०.८४ | ०.९५ | १.० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | प्रदेश | **०.९५** | **१** | **१** | | |
| | | | राष्ट्रिय | **१.०१** | | | फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट |
| २.१३ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | महानगर | २.५ | २ | ० | | |
| | | | प्रदेश | ३.२ | २ | ० | | |
| | | | राष्ट्रिय | २.९ | ०.५ | ० | दि.वि.ल. ४ (ने.रा.का.) | |
| | | आधारभूत (कक्षा १-८) | महानगर | **६** | **५** | **१** | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | महानगर | ४९.७ | ५४ | ६० | | |
| | | | प्रदेश | ५७.७ | | | | |
| | | | राष्ट्रिय | **४३.७** | **५०.०** | **५०.०** | फ्ल्यास रिपोर्ट<br>पन्ध्रौँ योजना<br>दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | महानगर | ५६.४ | ६५ | ७० | | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट |
| | | | प्रदेश | ५९ | ५८ | ६५ | | |
| | | | राष्ट्रिय | **५४** | **६५.०** | | फ्ल्यास रिपोर्ट<br>पन्ध्रौँ योजना | पन्ध्रौँ योजनाले वि.सं.२१०० (९५.० %) मा पुर्‍याउने लक्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | महानगर | | **८०.२** | **८०.०** | **८५.०** | | |
| | | प्रदेश | | **७८.८** | | | | |
| | | राष्ट्रिय | | **७५.७** | | **९९.०** | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा.समीक्षा) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट र<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | महानगर | | ०.८९ | १.० | १.० | | |
| | | प्रदेश | | १.०४ | १.०२ | १ | | |
| | | राष्ट्रिय | | **१.०२** | **१.०** | **१.०** | पन्ध्रौँ योजना<br>वि.क्षे.वि.यो.<br>दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | महानगर | | १२ | २५ | ३३ | | |
| | | प्रदेश | | २७.९ | | | | |
| | | राष्ट्रिय | | **२०.६** | **२७.०** | **३३.०** | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट |
| ३.५ | *माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%)* | महानगर | विज्ञान | | १० | १५ | | |
| | | | प्रा.व्या. | ४ | ६ | १० | | |
| | | प्रदेश | विज्ञान | | | | | |
| | | | प्रा.व्या. | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | **१५.०** | | पन्ध्रौँ योजना | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| | | | प्रा.व्या. | **१०.०** | **३०.०** | | पन्ध्रौँ योजना | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| **४. जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | महानगर | ८४.९ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ५८.० | ९५.० | | पन्ध्रौँ योजना | पन्ध्रौँ योजनामा वि.सं.२१०० मा (९९.० %) पुऱ्याउने लक्ष |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | महानगर | ८७.२ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८२.० | ९५.० | १०० | दि.वि.ल. ४ (ने.रा.का.) | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | महानगर | ९८.६ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९२.० | ९९.० | | पन्ध्रौँ योजना | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | महानगर | ८९.७ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | ०.८० | दि.वि.ल. (रा.समीक्षा) | दि.वि.ल. (रा.समीक्षा) |
| **५. सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | महानगर | २१:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४:१ | ३०:१ | ३०:१ | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना | शैक्षिक सूचना |
| ५.२ | | महानगर | ४०:१ | ३०:१ | ३०:१ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:१ | ३०:१ | ३०:१ | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना | शैक्षिक सूचना |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | महानगर | २५.६:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३०:१ | ३०:१ | पन्ध्रौँ योजना | शैक्षिक सूचना |
| ५.४ | माध्यमिक तह (कक्षा९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | महानगर | ३४:४ | २५:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४०:१ | ३०:१ | ३०:१ | फ्ल्यास रिपोर्टपन्ध्रौँ योजना | शैक्षिक सूचना |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | महानगर | ४६:१ | ४५:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३०:१ | ३०:१ | पन्ध्रौँ योजना | शैक्षिक सूचना |

**तालिका १०: कार्यक्रम तथा नतिजा खाका (Programmes and Results Framework-PRF) मा आधारित सूचकहरू**

| क्र.सं. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७८ | २०८३ | २०८८ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | महानगर | १०१ | १०० | १०० | | |
| | | प्रदेश | ९६.१ | १०४ | १०१ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | १२८ | ११५ | १०५ | फ्ल्यास रिपोर्टर पन्ध्रौं योजना | शैक्षिक सूचना |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र (सङ्ख्या) | महानगर | २५५ | २७० | २८० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०,०३९ | | | फ्ल्यासरिपोर्ट | फ्ल्यासरिपोर्ट |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरू मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका दर* (%) | महानगर | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| १.४ | प्रारम्भिक बालविकास र शिक्षामा बालबालिका र तालिम प्राप्त शिक्षक तथा सहजकर्ताको अनुपात | महानगर | ३२:१ | २६:१ | २०:१ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २३:१ | | | फ्ल्यासरिपोर्ट | फ्ल्यासरिपोर्ट |
| १.५ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता* (%) | महानगर | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९५.७ | १०० | १०० | दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| १.६ | प्रारम्भिक बालविकास तथा शिक्षामा दिवा खाजा, खेल तथा सिकाइ सामग्रीसहितको अनुदान प्राप्त गर्ने बालबालिकाको सङ्ख्या* (हजारमा) | महानगर | ६.३ | ६.५ | ७ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ५८० | ६५० | ७०० | फ्ल्यासरिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यासरिपोर्ट |
| **२.आधारभूत शिक्षा (कक्षा १ -८)** | | | | | | | |
| २.१ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक*(%) | महानगर | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | **९६.५** | **९७.५** | **१००** | दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| २.२ | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | महानगर | २१:१ | २५:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.३ | आधारभूत तह(कक्षा १-८) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | महानगर | २६:१ | २८:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९३.५** | | | फ्ल्यासरिपोर्ट | फ्ल्यासरिपोर्ट |
| | | | | | | | |
| २.४ | आधारभूत तह (कक्षा १-८)मा भर्ना भएका ५-१२ वर्ष उमेर समूहका भन्दा माथिका बालबालिका* (%) | महानगर | **३२.६** | **२०** | **१०** | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **१७.०** | | | फ्ल्यास रिपोर्ट | फ्ल्यासरिपोर्ट |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षकहरू* (%) | महानगर | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **९६.०** | **९८.५** | **१००** | दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| ४. जीव**न-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | भाषिक तथा गणितीय साक्षरता सीप (१५-वर्ष भन्दा माथि) * (%) | महानगर | **८४.९** | **९२** | **९८** | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | **७१.७** | **८६.१** | **९८.०** | दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| ४.२ | भाषिक तथा गणितीय साक्षरता सीप (१५-वर्ष भन्दा माथिका महिला)*(%) | महानगर | ७९.८ | ८८ | ९५ | | |
| | | प्रदेश | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | ६३.४ | ८०.६ | ९५.० | दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| **५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| ५.१ | हरेक स्थानीय तहमा कम्तिमा एक वटा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक सामुदायिक विद्यालय (सङ्ख्या) | महानगर | | २ | ४ | ५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ४८४ | ६८४ | ७५३ | राष्ट्रिय नीति फ्ल्यास रिपोर्ट | फ्ल्यासरिपोर्ट |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(लामो अवधि)तथा सीप विकास (छोटो अवधि) प्रदायक संस्था तथा केन्द्र (सङ्ख्या) | महानगर | छोटो अवधि | १० | १० | १० | | |
| | | | लामो अवधि | ३ | ३ | ३ | | |
| | | प्रदेश | छोटो अवधि | | | | | |
| | | | लामो अवधि | | | | | |
| | | राष्ट्रिय | छोटो अवधि | ११३१ | १२१५ | १२५० | | एकीकृत सङ्ख्या |
| | | | लामो अवधि | ६१८ | ६७८ | ७५३ | | एकीकृत सङ्ख्या |
| ५.३ | ईन्टरनेट उपयोग गर्न सक्ने आर्थिक रूपले सक्रिय जनशक्ति* (%) | महानगर | | ६८.३ | ८५ | ९५ | | |
| | | प्रदेश | | ५५.२ | | | | |
| | | राष्ट्रिय | | ३७.८ | ७८.९ | ९५.० | दि.वि.ल. (रा.समीक्षा) दि.वि.ल. ४ (ने.रा.का.) | दि.वि.ल. (रा.समीक्षा) |
| ५.४ | कक्षा १० पूरा गरी प्राविधिक तथा व्यावसायिक शिक्षा (उदाहरणका लागि डिप्लोमा) मा प्रवेश गर्ने विद्यार्थी दर (%) | महानगर | | २ | ५ | ७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.१ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय (%) | महानगर | ६० | ८० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.२ | नर्सिङ् सेवा तथा सुविधा पुगेको विद्यालय (%) | महानगर | १० | २० | २५ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी* (%) | महानगर | ६१ | ६३ | ६५ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.४ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक (%) | महानगर | ५० | ७० | ९० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय (%) | महानगर | ९५ | १०० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.६ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने आधारभूत तहको विद्यालय (%) | महानगर | ३० | ५० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.७ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी | महानगर | ४० | ६० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक तहको विद्यालयमा (%) | | | | | | |
| ६.८ | विद्युतको पहुँच पुगेको विद्यालय* (%) | महानगर | ९८ | ९९.० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३४.७ | ७०.० | १०० | फ्ल्यास रिपोर्ट र दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| ६.९ | ईन्टरनेट सुविधा पुगेको विद्यालय* (%) | महानगर | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १२.७ | ६५.८ | ९९.० | फ्ल्यास रिपोर्ट र दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| ६.१० | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको विद्यालय* (%) | महानगर | ९८ | ९९.० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८५.९ | ९१.९ | ९९.० | फ्ल्यास रिपोर्ट र दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| ६.११ | अपाङ्गतामैत्री विद्यालय* (%) | महानगर | ३० | ८० | ९९ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १८.० | ८०.० | ९९.० | फ्ल्यास रिपोर्ट र दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| ६.१२ | राष्ट्रिय तथा स्थानीय पाठ्यक्रममा मानव अधिकार, दिगो विकास, लैङ्गिक | महानगर | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समानता जस्ता विषयवस्तुहरूको समावेशीकरणभएको सुनिश्चितता | राष्ट्रिय | | | | | |
| ६.१३ | एक वर्षमा सेवावाट अवकास लिने शिक्षक (निवृत्त भएका समेत) दर* (%) | महानगर | ३.० | ३.० | ३.० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३.० | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| ६.१४ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या (%) | महानगर | ३२ | ५० | ८० | | **समावेशी शिक्षा परियोजनाको अध्ययन प्रतिवेदन** |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| **७. शिक्षाका लगानी** | | | | | | | |
| ७.१ | शिक्षामा कूल ग्राहस्थ्य उत्पादनको अंश (%) | महानगर | ४ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४ | | | | |
| ७.२ | सुत्रमा आधारित शिक्षामा लगानी (%) | महानगर | २४ | २५ | २६ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ७.३ | आधारभूत तह(कक्षा १-८) मा प्रति विद्यार्थी लागत (रू.) | महानगर | २१५०० | २३००० | २५००० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |

**सूचकका स्रोतहरू**

१. पन्ध्रौं योजना भन्नाले राष्ट्रिय योजना आयोगले२०७६ साल फागुनमा प्रकाशन गरेको आवधिक योजनालाई बुझिन्छ ।

२. दि.वि.ल.  (रा.समीक्षा) भन्नाले राष्ट्रिय योजना आयोगले २०७७ असारमा प्रकाशन गरेको दिगो विकास लक्षको राष्ट्रिय समीक्षाको प्रतिवेदनलाई बुझिन्छ।

३. दि.वि.ल. ४ (ने.रा.का.) भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७६ साल पुष१४ गते स्वीकृत गरेको दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्य ढाँचालाई बुझिन्छ।

४. वि.क्षे.वि.यो. भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७३ साल कार्तिक ८ गते स्वीकृत गरी कार्यान्वयन भईरहेको७-वर्षे विद्यालय क्षेत्र विकास योजनालाई बुझिन्छ।

५. शैक्षिक सूचना भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हरेक वर्ष प्रकाशन गरेको वार्षिक शैक्षिक सूचनालाई बुझिन्छ।

६. फ्ल्यास रिपोर्ट भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले हरेक छ-छ महिनामा प्रकाशन गरेको रिपोर्टलाई बुझिन्छ।

७. शै.गु.प.के. रिपोर्ट भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगतको शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशन गरेको वार्षिक तथा आवधिक रिपोर्टलाई बुझिन्छ।

## परिच्छेद २-: नयाँ शिक्षा क्षेत्र योजना - भरतपुर महानगरको दीर्घकालीन सोच गन्तव्य/मार्गचित्र

### २.१ सन्दर्भ र औचित्य

नेपालको संविधानले संघीय गणतान्त्रिक लोकतन्त्रात्क शासन व्यवस्थालाई अङ्गीकार गरी तीन तहमा निर्वाचित सरकार क्रियाशील रहेको छ। संविधानमा व्यवस्था भएअनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकारक्षेत्रमा परेको छ। यही व्यवस्था अनुसार स्थानीय तहहरूले कार्य गर्दै आएका छन्। विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भएअनुसार विद्यालय शिक्षाको विकासको योजना निर्माणको दायित्व स्थानीय तहको हुन आएको छ। स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि मार्गनिर्देश गरेको छ। दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्नु सबै तहका सरकारको दायित्व हुन आएको सन्दर्भ विद्यमान रहेको छ। संघीयता लागु हुनुपूर्व नेपाल सरकार, शिक्षा मन्त्रालयले कार्यान्वयनमा ल्याएको SSDP को अवधि २०७८ आषाढमा समाप्त भई हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना तर्जुमाको कार्य अगाडि बढाएको छ। उक्त योजना स्वीकृतिको क्रममा रहेको छ। साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागि मार्गनिर्देश गरेको अवस्था छ। भरतपुर महानगरपालिकाले संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता सहितको शिक्षाका लागि शिक्षा क्षेत्रको योजना निर्माण आवश्यक ठानी दश वर्षे योजना निर्माण गरिएको छ।

### २.२ दीर्घकालीन सोच

सामाजिक एवम् आर्थिक रूपान्तरणका लागि सामाजिक न्यायसहितको गुणस्तरीय शिक्षा।

### २.३ लक्ष्य

स्वस्थ, सभ्य, सक्षम र प्रतिस्पर्धी जनशक्ति विकास मार्फत् महानगरको सामाजिक एवम् आर्थिक रुपान्तरण र सामाजिक न्याय सहितको दिगो समृद्धि हासिल गर्ने।

### २.४ उद्देश्यहरू

यस योजनाको प्रमुख उद्देश्य नेपालको संविधानले परिकल्पना गरेअनुसार शिक्षाको पहुँच, गुणस्तर, समता, दक्षता र सुशासनमा सुधार ल्याई सङ्घ र प्रदेश सरकारसँग समन्वय, सहकार्यका माध्यमबाट सबै नागरिकको जीवनोपयोगी र सिपमूलक शिक्षाको अवसर सुनिश्चित गर्नु हो। यस योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. महानगरपालिका भित्रका सबै अवस्थाका बालबालिकाहरूको पोषण, स्याहार, मनोरञ्जन सहितको प्रारम्भिक बाल शिक्षा, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र माध्यमिक शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु
२. सबै विद्यालयमा आधारभूत पूर्वाधार, दक्ष जनशक्ति र सञ्चार प्रविधिको व्यवस्था मिलाई गुणस्तरीय र प्रतिस्पर्धात्मक शैक्षिक वातावरण निर्माण गर्नु

३. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास एवम् विस्तार गरी उत्पादनमुखी र सक्षम जनशक्ति उत्पादन गर्नु
४. अनौपचारिक तथा निरन्तर सिकाइका अवसर प्रदान गर्नु र शिक्षालाई सीप विकास र आयआर्जनसँग आवद्ध गर्नु
५. शैक्षिक सुशासन र व्यवस्थापनको सुदृढीकरण मार्फत् संस्थागत सक्षमता अभिवृद्धि गर्नु
६. विपद् तथा महामारीका समयमा समेत सिकाइ निरन्तरता हुन सक्ने सक्षम र उत्थानशील प्रणाली (Resilient System) को विकास गर्नु
७. माध्यमिक तहसम्मको शिक्षामा अपाङ्गता भएका बालबालिकाहरूलाई आवश्यकताअनुसार ब्रेल लिपि तथा साङ्केतिक भाषा सहितको पहुँच सुनिश्चित गर्नु
८. समुदायमा रहेका विभिन्न सामाजिक सञ्जालहरूको सक्षमता विकास एवम् परिचालन गरी समतामूलक समाजका लागि सामुदायिक सशक्तीकरण गर्नु
९. संघ र प्रदेश सरकारसँगको सहकार्य र समन्वय सुदृढ बनाउनु ।

## २.५ रणनीतिहरू

१. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई पोषण, स्याहार, मनोरञ्जन सहितको एक वर्षको बाल शिक्षा अनिवार्य गर्ने (१)।
२. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षाका गुणस्तरका मापदण्ड विकास गरी सोका आधारमा सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्ने (१)।
३. लोपोन्मुख, अति सिमान्तकृत, दलित, द्वन्द्वपिडित, अति विपन्न समूहका र जोखिममा रहेका बालबालिकालाई सुविधा प्रदान गर्ने (१)।
४. सबै विद्यालयलाई मापदण्डमा आधारित आधारभूत पूर्वाधार, दक्ष जनशक्ति र स्रोत साधनले युक्त प्रतिस्पर्धात्मक तथा प्रभावकारी सिकाइ वातावरणको सुनिश्चित गर्ने (२)।
५. सूचना, सञ्चार तथा प्रविधिको पहुँच विस्तार गरी प्रविधिमैत्री जनशक्तिमार्फत गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्ने (२)।
६. सीपयुक्त र उद्यमशील जनशक्ति विकास गर्न आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको अवसर प्रदान गर्ने (३)।
७. प्रत्येक वडा तहमा निरन्तर शिक्षा एवम् आयआर्जनका अवसर प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रहरूको विकास तथा सुदृढीकरण गर्ने (४)।
८. अति विपन्न समुदायका व्यक्तिहरूलाई स्वरोजगार बनाउन र स्थानीय श्रमबजारमा उपलब्ध रोजगारीका अवसरहरूमा प्रतिस्पर्धी वनाउन आय आर्जन सिप तालिम कार्यक्रमहरू सञ्चालन गर्ने (४)।
९. विद्यालयको शैक्षिक व्यवस्थापनलाई सक्षम निष्पक्ष पारदर्शी र जवाफदेही बनाउन वडा शिक्षा समिति, विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकको सक्षमता विकास गर्ने (५)।

१०. भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गरी न्यूनतम जनशक्तिको व्यवस्थापन गर्ने (५)।

११. विपद तथा महामारीमा शैक्षिक निरन्तरता प्रदान गर्न प्रत्येक विद्यालयमा उत्थानशील पूर्वाधार एवम् वैकल्पिक सिकाइ प्रणाली विकास गर्ने (६)।

१२. अपाङ्गता मैत्री विद्यालय वातावरण सिर्जना गर्ने र अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच गुणस्तरीय सिकाइ तथा सिकाइ समस्याहरूमा सहजीकरण गर्ने (७)।

१३. अपाङ्गता तथा कार्यगत सिमितता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नीतिगत सुधार एवम् मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याउने (७)।

१४. सामाजिक न्याय एवम् समताका लागि विद्यमान विभेद, हिंसा, दुर्व्यवहार तथा कुरीति अन्त्य गर्न विद्यालय र समुदायमा रहेका विभिन्न सञ्जालहरू परिचालन गरी अभिभावक जागरण अभिवृद्धि गर्ने (८)।

१५. संघ र प्रदेश सरकारबाट जारी भएका नीति र कार्यक्रमहरूसँग समन्वय हुने गरी आफ्ना नीति तथा कार्यक्रमहरू निर्माण एवम् कार्यान्वयन गर्ने (९)।

## २.६ कार्यनीतिहरू

### क) प्रारम्भिक बालविकास

१. प्रारम्भिक बालविकासको अवस्था पहिचान गरी प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्न मापदण्डका आधारमा बालविकास केन्द्रहरू सञ्चालन गरिनेछ।

२. प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि पोषण, स्याहार, मनोरञ्जन सहितको न्यूनतम मापदण्ड विकास गरी सूचकका आधारमा वर्गीकरण गरी थप प्रोत्साहन गरिनेछ।

३. प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सहजीकरण गर्न सिकाइ सामग्रीहरूको उचित प्रबन्ध र प्रयोगको वातावरण तयार गरिनेछ।

४. प्रारम्भिक बालविकासका शिक्षकहरूलाई खेलमा आधारित एवम् बालबालिका केन्द्रित सिकाइ प्रक्रिया सम्बन्धी तालिम प्रदान गरी सक्षमता विकास गरिनेछ।

### ख) आधारभूत शिक्षा

१. प्रत्येक बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकार सुनिश्चित गर्न अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा मापदण्ड मार्फत वडास्तरीय संरचनाहरूलाई जिम्मेवार बनाइ कार्यान्वयन गरिनेछ।

२. अपाङ्गता भएका बालबालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने सवैधानिक हकको सुनिश्चित गर्न विद्यालयमा पहुँचयुक्त संरचना निर्माण तथा बालवालिकाको आवश्यकताअनुसार सिकाइ सहयोगका कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

३. अपाङ्गता भएका वा सिकाइ सिमितताभएका बालबालिकाको पहिचान (Screening) गरी वैयक्तिक सिकाइ योजना कार्यान्वयन गरी सिकाइमा सहजीकरण गरिनेछ ।

४. सीमान्तकृत तथा लोपोन्मुख एवम् अति विपन्न समुदायका बालबालिकाहरूको शैक्षिक निरन्तरताका लागि आवश्यक प्रोत्साहन तथा सहयोगका कार्यक्रम कार्यान्वयनमा ल्याइने छ ।

५. आधारभूत तहको सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षक सहयोग एवम् विद्यार्थी सहयोग पद्धति विकास गरी कार्यान्वयनमा ल्याइनेछ र निरन्तर सिकाइको मूल्याङ्कन तथा उपचारात्मक सिकाइको अवसर सुनिश्चित गरिनेछ ।

६. प्रत्येक विद्यालयमा **एक विद्यालय एक पुस्तकालय**को अवधारणा अनुसार पुस्तकालयको प्रवन्ध गरी पठनसंस्कृतिका लागि क्रियाकलापहरू सञ्चालन गरिने छ ।

७. स्थानीय मूल्य मान्यता, परम्परागत ज्ञान प्रविधि, सामाजिक तथा सांस्कृतिक पहिचान, संरक्षण तथा सम्बर्द्धन गर्न स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइने छ ।

८. बालवालिकाहरूमा सिर्जनशील, व्यावहारिक तथा जीवनोपयोगी सीप प्रत्यक्ष रूपमा अवलोकन, अन्तर्क्रिया तथा अनुभवबाट सिक्ने माध्यमको रूपमा स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास, शिक्षक निर्देशिका लगायतका सामग्री विकास तथा प्रयोग गरिनेछ ।

९. आधारभूत तह देखि नै बालबालिकाहरूका प्रतिभाको खोजी गरी तिनको विकास तथा प्रवर्धनका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

१०.एकीकृत पाठ्यक्रमको अवधारणाअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न पेसागत विकास कार्यक्रम सञ्चालन गरी शिक्षकलाई बढी जिम्मेवार बनाइनेछ ।

११.समावेशी शिक्षण सिकाइका लागि आधारभूत ज्ञान तथा सिप विकास गरी समावेशी लैङ्गिक मैत्री तथा वालमैत्री शिक्षण सिकाइको वातावरण सिर्जना गरिनेछ ।

**ग) माध्यमिक शिक्षा**

१. माध्यमिक शिक्षालाई गुणस्तरीय बनाउन विषयगत एवम् दक्ष शिक्षकहरूबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नियमित रूपमा शिक्षक दरबन्दी मिलान तथा योग्यता पुगेका प्रधानाध्यापक व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

२. विद्यार्थी सङ्ख्या र विषयका आधारमा नपुग शिक्षकको व्यवस्थापन एवम् आकस्मिक रूपमा हुने शिक्षक अभाव परिपूर्तिका लागि आफ्नै स्रोत परिचालन गरी आवश्यक विषयगत युवा स्वयम् सेवक शिक्षकको प्रवन्ध गरिनेछ ।

३. प्रत्येक माध्यमिक विद्यालयमा **"एक विद्यालय, एक पुस्तकालय"** र STEAM को अवधारणाअनुसार विषयगत प्रयोगशाला र सूचना सञ्चार तथा प्रविधि सम्बन्धी प्रयोगशाला क्रमश: प्रबन्ध गरी गुणस्तरीय शिक्षण सिकाइको न्यूनतम वातावरण निर्माण गरिने छ ।

४. प्रत्येक विद्यालयका भौतिक संरचना तथा शिक्षण सिकाइ क्रियाकलापलाई अपाङ्गता मैत्री एवम् पहुँचयुक्त बनाइने छ।
५. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी लैङ्गिक मैत्री वातावरण निर्माण गरिनेछ।
६. प्रत्येक विद्यालयमा विद्यार्थीहरूलाई निःशुल्क र सहजरूपमा स्यानिटरी प्याड वितरण तथा व्यवस्थापनको प्रबन्ध गरिनेछ।
७. सम्भाव्यता र आवश्यकताका आधारमा महानगरपालिकाभित्र प्राविधिक शिक्षा तथा व्यावसायिक धारका शिक्षालयहरू सञ्चालन गरिनेछ।
८. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा श्रमप्रति सकारात्मक बनाउन तथा जीवनोपयोगी ज्ञान एवम् सिप विकासका लागि **"पढ्दै कमाउँदै"** कार्यक्रम सञ्चालन गरिनेछ।
९. माध्यमिक शिक्षामा अपाङ्गता भएका, सीमान्तकृत तथा अति विपन्न परिवारका बालबालिकालाई आवश्यक शैक्षिक सामग्रीहरू प्रबन्ध गरी माध्यमिक शिक्षा सम्मको शिक्षालाई निरन्तरता दिन सहयोग गरिनेछ।
१०. कमजोर सिकाइ भएका बालबालिकालाई सिकाइ समस्या समाधान गर्न र सिकाइ उपलब्धिमा सुधार गर्न उपचारात्मक शैक्षणिक सहयोग कार्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइनेछ।
११. विपद तथा अन्य महामारीमा सिकाइलाई निरन्तरता प्रदान गर्न सक्ने गरी भवनसंहिता अनुसार शैक्षिक पूर्वाधार निर्माण गरी आवश्यक शैक्षणिक सामग्रीको विकास एवम् कार्यान्वयन गरिनेछ।
१२. प्रत्येक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार गरी शैक्षिक व्यवस्थापन तथा गुणस्तर सुधारमा जिम्मेवार बनाइनेछ।
१३. बालवालिकाको शिक्षामा सहयोग एवम् प्रोत्साहनका लागि अक्षयकोष वा छात्रवृत्तिको व्यवस्था गर्न इच्छुक व्यक्ति वा संस्थाहरूलाई प्रोत्साहन गरिनेछ।
१४. प्रत्येक विद्यालयमा सामाजिक परीक्षण कार्यलाई संस्थागत गरी शैक्षिक प्रशासन तथा व्यवस्थापन प्रति शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा प्रधानाध्यापकलाई बढी जिम्मेवार र जबाफदेही बनाइनेछ।

**घ) अनौपचारिक तथा वैकल्पिक शिक्षा**

१. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको विस्तार गरिने छ र साक्षरोत्तर कक्षा जीवनोपयोगी शिक्षा तथा अन्य पेसागत सिकाइ हस्तान्तरणको थलोको रूपमा विकसित गरिनेछ।
२. सामुदायिक सिकाइ केन्द्रलाई क्रमशः आधुनिक ज्ञानमा आधारित समाजको अवधारणा अनुसार समुदाय सदस्यहरूलाई सशक्तीकरण गर्न र आधुनिक सूचना सञ्चार र प्रविधिको प्रयोगमा अभिप्रेरित गर्न डिजिटल साक्षरता सीप विकास गरिनेछ।

३. स्थानीय आवश्यकता अनुसार सम्भाव्य आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्न अनौपचारिक तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सीपसँग व्यावसायिक सीपलाई जोड्दै आय आर्जनका कार्यक्रमहरू सञ्चालन कार्यलाई जोड दिइनेछ।

४. विद्यार्थीमा अन्तर्निहित प्रतिभाको पहिचान गरी वृत्तिविकासको मार्ग छनोटमा सहयोगका लागि पेशाविद् तथा सम्बन्धित क्षेत्रका विज्ञहरूमार्फत परामर्श दिने व्यवस्था मिलाइनेछ।

**ङ) शिक्षामा समावेशिता र लैङ्गिक सशक्तीकरण**

१. सबै तहको शिक्षामा लैङ्गिक समानताको अवस्था सिर्जना गर्न सीमान्तकृत तथा अति विपन्न समुदायका विद्यालय उमेर समूहका बालबालिका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

२. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक रूपमा एक जना महिला शिक्षकलाई तोकि छात्राहरूका समस्याहरू समाधान गर्न आवश्यक परामर्श सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ।

३. विद्यालयमा कार्यरत महिला शिक्षकको विद्यालय व्यवस्थापन तथा नेतृत्व विकास सम्बन्धी सक्षमता विकास गरी विद्यालयको नेतृत्वका लागि प्रोत्साहित गरिनेछ।

४. रिक्त हुन आएका प्रधानाध्यापकको नियुक्तिमा महिला शिक्षकलाई प्राथमिकता दिइनेछ।

५. तोकिएका आधारमा अति सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताका लागि आवश्यक सहयोग प्रदान गरिनेछ।

६. तोकिएका आधारमा अपाङ्गता एवम् कार्यगत सीमितता भएका, विपन्न, द्वन्द्वपिडित, अति सीमान्तकृत तथा दलित समुदायका बालबालिकाका लागि उच्च शिक्षासम्म लक्षित कार्यक्रमहरू सञ्चालन गरी उच्च शिक्षा पूरा गर्ने अवसर प्रदान गरिनेछ।

७. विद्यालय र समुदायका बालक्लब, युवा क्लव, तथा अन्य सामुदायिक सञ्जालहरू मार्फत अभिभावक सचेतना तथा शैक्षिक जागरणका कार्यहरू सञ्चालन गरी समाजमा विद्यमान अन्धविश्वास, लैङ्गिक हिंसा, कुरीति, गलत मूल्य मान्यता, बालबिवाह, दाइजो प्रथा, घरेलु हिंसा र सबै प्रकारका विभेदलाई निरुत्साहित गरिनेछ।

**च) सुशासन तथा जवाफदेहिता**

१. विद्यालयमा आधारित कार्यक्रम बजेट तथा अन्य सेवाहरूको पारदर्शिता र सूचनाको पहुँच बढाउन अनलाइन पद्धति विकास गरी सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ।

२. विद्यालयहरूमा गुनासो पेटिकाको व्यवस्थापन गरी गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ।

३. विद्यालयहरूबाट सम्पादित कार्यहरूमा सुशासन कायम गर्न सामाजिक परीक्षण र वित्तीय परीक्षणलाई नियमित गराई सामाजिक परीक्षण प्रतिवेदन र आयव्यय विवरण अनिवार्यरूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

४. वडा शिक्षा समितिलाई आफ्नो वडा भित्रका विद्यालयको अनुगमन, रेखदेख र सामाजिक परीक्षणलाई पारदर्शी बनाउन जिम्मेबार बनाइ शैक्षिक सुशासन र जवाफदेहिता अभिवृद्धि गरिनेछ।

५. विद्यालय तहबाट हुने कार्यहरूको सही कार्यान्वयन तथा शैक्षिक क्रियाकलापहरूमा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलाई थप जिम्मेवार बनाइनेछ।
६. विद्यालय तथा शिक्षकहरूलाई सिकारुको सिकाइ उपलब्धिप्रति जिम्मेवार तथा जबाफदेही बनाउन कार्यसम्पादनमा आधारित विद्यालय अनुदान तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई कार्यान्वयनमा ल्याइनेछ।
७. विद्यालयका सरोकारवालाहरूलाई सुशासन एवं वित्तीय अनुशासनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**छ) प्राविधिक एवम् व्यावसायिक शिक्षा तथा तालिम**

१. माग र आवश्यकताका आधारमा रोजगारी र उद्यमशीलता विकास गर्नका लागि प्राविधिक एवं व्यवसायिक शिक्षा र तालिमको अवसर विस्तार गरिनेछ।
२. प्राविधिक शिक्षामा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ।
३. स्वरोजगार तथा उद्यमशीलता अभिवृद्धिका लागि तालिम प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरी मागमा आधारित छोटो र लामा अवधिका शैक्षिक कार्यक्रम तथा सीपमूलक तालिममार्फत आयआर्जनका अवसर सिर्जना गरिनेछ।
४. प्राविधिक धारको शिक्षा सञ्चालन भएका संस्थाहरूको नियमन तथा भौतिक अवस्थामा सुधार गरी गुणस्तरीय शिक्षाको व्यवस्था मिलाइनेछ।
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन गर्ने विद्यालय तथा संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

**ज) पाठ्यक्रम तथा पाठ्यसामग्री**

१. भरतपुर महानगरपालिका भित्रका जातजाति, संस्कृति, विशिष्टता र भौगोलिक विविधतालाई प्रतिबिम्बित हुने गरी कार्यान्वयनमा ल्याइएको स्थानीय विषयको पाठ्यक्रममा आवश्यक परिमार्जन गरी शिक्षक निर्देशिका तथा पाठ्यसामग्रीहरूको विकास तथा प्रयोग गरिनेछ।
२. सामुदायिक तथा संस्थागत विद्यालयमा स्वीकृतप्राप्त पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनको व्यवस्था मिलाइनेछ।
३. अनलाइन शिक्षण सिकाइका लागि डिजिटाइज्ड पाठ्यसामग्रीहरूको विकास गरी शिक्षकको क्षमता विकास एवम् प्रयोगमा जोड दिइनेछ।

४. खुला तथा दूर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालयमा सूचना, सञ्चार र प्रविधि (ICT) को पहुँच विस्तार तथा विकास गरिनेछ।

**झ) शिक्षक तालिम तथा पेसागत विकास**

१. शिक्षकको पेशागत विकासका लागि TMIS व्यवस्थित गरी बालबालिकाले दक्ष शिक्षकहरूबाट सिक्न पाउने अवसर सहितको शिक्षकहरूको क्षमता विकासका विभिन्न मोडेलहरू प्रयोगमा ल्याइनेछ।

२. विषयगत समितिहरूको व्यवस्था गरी शिक्षक तालिम एवम् पेसागत क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. नव नियुक्त प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिनेछ ।

४. निजी तथा गैरसरकारी संस्थाहरू समेतको सहकार्यमा शिक्षकहरूको क्षमता विकासका लागि तालिमहरू सञ्चालन गरिनेछ।

५. माग र आवश्यकताका आधारमा अनलाइनभर्चुअल तालिम/ सञ्चालन गर्ने संयन्त्र विकास गरी तालिम सञ्चालन गरिनेछ।

६. कार्यरत शिक्षकहरूको योग्यता वृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न विश्वविद्यालय र खुला विश्वविद्यालयसँग सहकार्य र साझेदारी गरिनेछ।

७. शिक्षकहरूका अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ।

८. प्रधानाध्यापक र शिक्षकहरूको लागि असल अभ्यासको आदानप्रदान गर्ने अवसर प्रदान गर्न अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. शिक्षकहरूलाई निरन्तर पेशागत सहयोगका लागि विषयगत समिति र स्वयम् सेवी विज्ञहरूको समूह गठन गरी कार्यथलोमा आधारित सुपरिवेक्षण र पृष्ठपोषण दिने व्यवस्था मिलाइनेछ।

**ञ) शैक्षिक व्यवस्थापन**

१. विद्यालय व्यवस्थापनलाई व्यवस्थित गर्न नक्साङ्कन गरी आवश्यकताको आधारमा सामुदायिक तथा संस्थागत विद्यालय समायोजन एवम् तह थपघट गरिनेछ।

२. सामुदायिक तथा संस्थागत विद्यालयको व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक नीतिगत व्यवस्था तथा पृष्ठपोषणको पद्धति विकास गरिनेछ।

३. विशेष शिक्षा सञ्चालित विद्यालय तथा स्रोतकक्षाहरूको व्यवस्थापन सुधार गर्दै स्रोतसाधनयुक्त बनाइनेछ।

४. विद्यालयमा न्यूनतम सिकाइ अनुकूल वातावरणका सिर्जना गरी गुणस्तरीय सिकाइ सुनिश्चित गरिनेछ।

५. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको नियमित बैठक सञ्चालन गरी अनुभव आदानप्रदान गरिनेछ।

६. सामुदायिक र संस्थागत विद्यालयको अनुमति स्विकृतिका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

७. वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई शैक्षिक योजना तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिनेछ।

८. नतिजामा आधारित मूल्याङ्कन प्रणालीका आधारमा पुरस्कार, दण्ड र पृष्ठपोषणको पद्धतिलाई अवलम्वन गरिनेछ ।

९. सामुदायिक-सामुदायिक विद्यालय वीच भगिनी सम्बन्ध स्थापना गरी विद्यालय व्यवस्थापनका असल अभ्यास तथा सिकाइ अनुभव आदानप्रदानका लागि प्रोत्साहन गरिनेछ ।

१०. सरोकारवालाको सहभागितामा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ ।

११. विद्यालय व्यवस्थापनमा असल अभ्यास गरेका विद्यालयहरूलाई मापदण्ड निर्माण गरी नमुना उन्मुख विद्यालयका रूपमा विकास एवम् प्रोत्साहन गरिनेछ ।

१२. संस्थागत विद्यालय वर्गीकरण, शुल्क निर्धारण तथा छात्रवृत्ति वितरणलाई व्यवस्थित र पारदर्शी बनाइनेछ।

१३. महानगरभित्र सञ्चालित विश्वविद्यालयहरू, उच्च शिक्षा सञ्चालित संस्थाहरू, शिक्षा क्षेत्रसँग सम्बन्धित प्रतिष्ठानहरूसँग नीतिगत समन्वय एवम् सहजीकरण गरिनेछ ।

# परिच्छेद ३: शिक्षाका क्षेत्रहरू

देशको आर्थिक विकास तथा सामाजिक विकास,राजनैतिक परिर्वतन र स्थिरता तथा रूपान्तरणको सशक्त माध्यम शिक्षा हो। गुणस्तरीय शिक्षा प्राप्त गर्नु नागरिकको मौलिक हकको रूपमा नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको छ। सोही संविधान अनुसार शासकीय स्वरूप अनुरूप देशको विकास तथा समृद्धिको लागि तीन तहको सरकारको समन्वय, सहकार्य, सहयोग तथा लगानी जरुरी छ। स्थानीय तहको शिक्षा क्षेत्रको कार्य जिम्मेवारी अन्तर्गत प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन र विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायत पर्दछन्। यी क्षेत्रहरूमा यस भरतपुर महानगरपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरी देखिएका समस्या तथा चुनौतीहरूको सामना गर्न उपयुक्त रणनीति मार्फत शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्नुपर्ने आवश्यकता भए अनुसार यस महानगरपालिकाका शिक्षाका क्षेत्रगत विश्लेषण र भावी रणनीति तथा कार्यक्रमहरू निम्नानुसार प्रस्तुत गरिएको छ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

बालबालिकाको सर्वाङ्गीण विकास र विद्यालय प्रवेशको तयारी प्रारम्भिक बाल विकास शिक्षाको प्रमुख उद्देश्य हो। ३ वर्ष देखि ४ वर्षको उमेरलाई प्रारम्भिक बाल शिक्षाको उमेरको रूपमा व्यवस्था गरिएकोछ। शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासको दृष्टिले यो समय निकै महत्त्वपूर्ण र संवेदनशील उमेर हो। मानव जीवन कै बलियो आधारशीला निर्माणका लागि प्रारम्भिक बाल विकास महत्त्वपूर्ण रहेको हुन्छ। यो उमेरलाई बालबालिकाको विद्यालय शिक्षाको पूर्व तयारीका रूपमा लिइएको छ। हाल प्रारम्भिक बाल शिक्षाका लागि विद्यालयमा आधारित, समुदायमा आधारित र निजी तवरबाट समेत सञ्चालन भईरहेको हुँदा मुख्य रूपले तीन प्रकारबाट सञ्चालन भएको छ। यस्ता कक्षाहरूलाई नर्सरी, किन्डरगार्डेन वा केजी, मन्टेश्वरी जस्ता नामहरू पनि दिएको पाइन्छ। प्रारम्भिक बाल विकास केन्द्रहरूको स्थापना र सञ्चालनको अनुमति स्थानीय तहले नै प्रदान गर्ने व्यवस्था रहेको छ। प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न विभिन्न पृष्ठभूमिका बालबालिकाको सिकाइ आवश्यकताअनुसार अनुकुल सिकाइ वातावरणका लागि न्यूनतम पूर्वाधार सुनिश्चित गरेर विभिन्न मोडेलका प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षा सेवाको विस्तार गर्नुपर्ने भएकोले स्रोत व्यवस्थापन तथा अन्य हिसावले पनि तीन तहका सरकार बिचको सहअस्तित्व, समन्वय र सहकार्यलाई सुदृढ बनाएर सरकारी, गैर सरकारी, निजी क्षेत्र र सबै सरोकारवालाको परिचालनलाई अझै सशक्त बनाई कार्यान्वनयमा लैजानुपर्ने आवश्यता देखिएको छ।

समस्या र चुनौतीहरू

समस्याहरूः

- प्रारम्भिक बाल विकास उमेर समूहको जनसङ्ख्या र प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुन आएका बालबालिकाहरूको महानगरपालिकाको सङ्ख्यालाई केलाउँदा सबै प्रारम्भिक बाल विकास उमेर (३–४ वर्ष) समूहका सबै बालबालिकाहरूलाई वालविकास केन्द्रमा समावेश गर्न नसक्नु।

- प्रारम्भिक बालशिक्षामा कार्यरत शिक्षकहरूको तलब न्यून हुनु ।
- सबै शिक्षकहरूका लागि गुणस्तरीय तथा प्रविधि मैत्री तालिम सञ्चालन हुन नसक्नु ।
- कक्षाकोठाको पर्याप्त भौतिक व्यवस्थापन तथा सिकाइ बालमैत्री हुन नसक्नु र आवश्यक पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू, र सूचना  तथा सञ्चार सम्बन्धी सामग्रीको व्यवस्थापन हुन नसक्नु आदि प्रमुख समस्याको रूपमा रहेकाछन् ।

चुनौतीहरूः

- प्रारम्भिक बाल विकास उमेर (४–५ वर्ष) समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा बालविकासको दायरामा ल्याउने,
- प्रारम्भिक बाल विकास उमेर (३–४ वर्ष) समूहभन्दा कम उमेरका बालबालिकालाई शिशु स्याहार केन्द्रमा रहने व्यवस्था गर्ने,
- पाँच वर्ष उमेर पूरा भएका बालबालिकालाई आधारभूत विद्यालय कक्षा १ का लागि योग्य बनाई प्रारम्भिक बाल शिक्षा तथा वाल विकास कक्षाबाट स्तरोन्नति गर्ने,
- प्रारम्भिक बालविकास कक्षाहरू सिकाइ सामग्री तथा सूचना तथा सञ्चार  सामग्री युक्त बनाउने, प्रारम्भिक बालविकास शिक्षकहरूलाई तालिम प्राप्त बनाउने र निर्धारित शैक्षिक योग्यता हासिल गर्ने व्यवस्था मिलाउने,
- प्रारम्भिक बालविकास शिक्षकहरूको पारिश्रमिक न्यूनतम जीवन निर्वाहमुखी बनाउने र प्रारम्भिक बाल शिक्षा व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई सुदृढ बनाई यसको विकास र  गुणस्तरीय वनाउन सरोकारवालाहरूको क्षमता, स्रोत र ज्ञानको अधिकतम उपयोग गर्ने चुनौतीहरू रहेका छन् ।

लक्ष्य

प्रारम्भिक बाल शिक्षा तथा विकासमा समतामूलक पहुँच र गुणस्तरमा सुधार गर्ने ।

उद्देश्य

(क) पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षालाई अधिकार र कर्तव्यका रूपमा स्थापित गर्नु ।

(ख) आधारभूत शिक्षाको आधारका रूपमा प्रारम्भिक बालशिक्षालाई विकसित गर्नु ।

रणनीति तथा कार्यनीतिहरू

१. प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्ने ।

क) बालविकास केन्द्र सञ्चालनको राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट उक्त उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालकेन्द्रित एवम् खेलविधिबाट सिक्ने अवस्था सुनिश्चित गरिनेछ।

ख) प्रारम्भिक बाल विकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी हाल सञ्चालित बालविकास शिक्षक दरबन्दीको पुनर्वितरण, मापदण्डका आधारमा प्रोत्साहन अनुदान समेत उपलब्ध गराइनेछ।

ग) महानगरस्तरीय प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तररूपमा अद्यावधिक गरिनेछ।

घ) अभिभावक शिक्षा कार्यक्रमलाई परिवार साक्षरता, आय आर्जन, स्वास्थ्य तथा सरसफाइ तथा सिप विकास कार्यक्रमसँग आबद्ध गराएर प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममा समुदायको संलग्नता बढाइ प्रदेश र गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

२. प्रारम्भिक बाल विकासका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने।

क) प्रारम्भिक बाल विकास शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

ख) शिक्षकलाई अवलोकन भ्रमण मार्फत सिकाइका अनुभवहरू आदान प्रदान गर्ने अवसर प्रदान गरिनेछ।

ग) प्रारम्भिक बाल सहजकर्ताहरूको लागि उपलब्ध गराइँदै आएको प्रोत्साहन खर्चलाई निरन्तरता दिई न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ।

घ) विज्ञसमूहबाट अनुगमन तथा पृष्ठपोषणका आधारमा कार्यथलोमा आधारित शिक्षक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

३. प्रारम्भिक बाल विकास तथा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।

क) निर्देशिकाको मापदण्ड बमोजिमको बाल विकास व्यवस्थापनका लागि बालमैत्री कक्षा कोठा व्यवस्थापन, सिकाइ लगायतका अन्य सामग्रीहरूको व्यवस्थापनमा विद्यालयसँग सहकार्य र सहयोग गरिनेछ।

ख) बाल विकाससँग सम्बन्धित शिक्षक निर्मित सिकाइ सामग्रीहरूको विकास गरी प्रयोगमा जोड दिइनेछ।

ग) स्वयम्सेवक बालकक्षा शिक्षक व्यवस्थापन गरी बालबालिका र प्रारम्भिक बाल विकास शिक्षकको अनुपात क्रमशः २०: १ कायम गरिनेछ।

घ) अभिभावक शिक्षा सञ्चालन गरिनेछ।

ङ) प्रारम्भिक बाल विकास तथा शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय सङ्घसंस्थाहरूसँग सहकार्य गरिनेछ।

प्रमुख कार्यक्रमहरू

| कार्यक्रमहरू | कार्य जिम्मेवारी | | |
|---|---|---|---|
| | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| राष्ट्रिय न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता | √ | √ | √ |
| मापदण्डका आधारमा वर्गीकरण तथा प्रोत्साहन अनुदान | √ | √ | |
| तथ्याङ्क अद्यावधिक | √ | | |
| अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | √ | | √ |
| प्रारम्भिक बाल विकास शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम | √ | √ | √ |
| बालविकास शिक्षक अवलोकन भ्रमण | √ | | √ |
| बाल विकास शिक्षक पारिश्रमिक | √ | √ | |
| कार्यथलोमा आधारित शिक्षक सहयोग | √ | √ | √ |
| बालमैत्री कक्षा कोठा व्यवस्थापन | √ | √ | √ |
| शिक्षक निर्मित सिकाइ सामग्रीहरूको विकास र प्रयोग | √ | | |
| स्वयम्सेवक बालकक्षा शिक्षक व्यवस्थापन | √ | | |

**अपेक्षित उपलब्धि**

१. प्रारम्भिक बाल विकास उमेर (३–४ वर्ष) समूहका सबै बालबालिका बालविकास केन्द्रमा गएका हुनेछन्।
२. कक्षा १ मा भर्ना हुन आउने सबै बालबालिकाहरू बालबालिकाहरूमा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास भई आधारभूत शिक्षाका लागि सक्षम भएका हुनेछन्।
३. प्रारम्भिक बाल विकास कक्षाहरू भौतिक पुर्वाधारयुक्त र शैक्षिक सामग्रीको व्यवस्था सहितको सिकाइमैत्री हुनेछन्।
४. सबै प्रारम्भिक बाल विकास शिक्षकहरू उच्च क्षमता विकास भएका हुनेछन्।

## ३.२ आधारभूत शिक्षा

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले सङ्घीय तथा प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाका लागि कानुन बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। पायक पर्ने विद्यालय उपलब्ध नभएको वा अन्य कुनै कारणले विद्यालयमा भर्ना भई पूरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकाहरूलाई त्यस्तो तहसम्मको वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुने कानुनी व्यवस्था रहेको छ। शिक्षाका साथै बालबालिकाहरूको स्वास्थ्य अवस्था सुदृढ पार्न आधारभूत तहसम्मको विद्यार्थीहरूलाई विद्यालयमा दिवा खाजाको व्यवस्था रहेको छ। आधारभूत तहमा

बालबालिकाको खुद भर्नादर करीब ९८ प्रतिशत पुगेको भएतापनि बाँकी दुई प्रतिशत बालबालिकालाई विद्यालयमा आउन नसक्नुका कारण पहिचान गरी विद्यालयको पहुँचमा ल्याउने तथा विद्यालय आउन नसक्ने बालबालिकाका लागि उपयुक्त वैकल्पिक विधिबाट सिकाइ सहजीकरण गर्नु आवश्यक छ।

समस्या र चुनौतीहरू

समस्याहरूः

- आधारभूत तहमा विद्यालय उमेरका करीब चार प्रतिशत बालबालिका विद्यालय बाहिर रहनु,
- अस्थायी एवम् मौसमी बसाइँसराइका कारण विद्यालयमा भर्ना भएका बालबालिकालाई विद्यालयमा टिकाई राख्न नसक्नु,
- सार्वजनिक विद्यालयप्रतिको आकर्षणमा अभिवृद्धि गर्न नसक्नु,
- विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी उपलब्ध नहुनु,
- सबै विद्यालयमा सुविधाजनक भौतिक पूर्वाधारको विकास गर्न नसक्नु,
- शहरी क्षेत्रमा विद्यालय नक्साङ्कन र सेवाक्षेत्र निर्धारण गर्न नसकिनु,
- जनसाङ्ख्यिक बनोट, तथा बसाइँसराईको कारण विद्यार्थी टिकाउन कठिनाइ हुनु जस्ता विषयहरू आधारभूत तहमा देखिएका प्रमुख समस्याहरू हुन् ।

चुनौतीहरू:

- विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयभित्र ल्याउनु,
- गुणस्तरीय शिक्षाका लागि बालमैत्री, प्रविधि मैत्री, समतामूलक र समावेशी वातावरण निर्माण गरी बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्नु,
- विद्यार्थीको वैयक्तिक रुची, चाहना र क्षमताअनुसार शिक्षण सिकाइमा सहजता काम गर्नु,
- अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूलाई उनीहरूको सिक्ने शैली अनुसारको सिकाइ वातावरण तयार गर्नु,
- विद्यालय र कक्षाकोठालाई बालमैत्री तथा प्रविधिमैत्री बनाउनु,
- शैक्षिक क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्नु र सुशासनको प्रत्याभूति दिनु,
- सबै विद्यालयको शिक्षणमा समान गुणस्तर कायम गर्नु जस्ता यस क्षेत्रका मुख्य चुनौतीहरू हुन्।

उद्देश्य

१. प्रारम्भिक बालविकासको अनुभवसहित अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सबैमा पहुँच सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

रणनीति तथा कार्यनीतिहरू

१. आधारभूत तहमा शिक्षालाई समावेशी एवम् समतामूलक बनाइ सबैको पहुँच सुनिश्चित गर्ने।
   क) सबैका लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चत गर्न जोखिममा परेका, अल्पसङ्ख्यक, लोपोन्मुन्ख, अति सिमान्तकृत र दलित समूहका विद्यार्थीको सिकाइमैत्री वातावरण तथा सिकाइ अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।
   ख) अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको पहिचान एवं लेखाजोखा गरी सिकाइका अवसरहरू प्रदान गर्न वैयक्तिक सहयोग एवम् सिकाइ सामग्रीहरूको प्रबन्ध गरी आवासीय र विशेष शिक्षाको व्यवस्था गरिनेछ।
   ग) आवश्यकताका आधारमा सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गरिनेछ।
   घ) संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय,तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विद्यालय बाहिर रहेका सबै बालबालिकाहरू विद्यालयको पहुँचमा ल्याइने छ।
२. सबै बालबालिकाहरूलाई बालमैत्री वातावरण सहितको गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्ने।
   क) गुणस्तरीय शिक्षाका लागि विद्यालयमा बालमैत्री, सूचना प्रविधिको प्रयोगको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ।
   ख) विद्यालयमा मापदण्ड बमोजिम **"कम्तीमा एक कक्षा एक शिक्षक"**को अवधारणा कार्यान्वयनका लागि युवा स्वयम्सेवक परिचालन गरी विषयगत र कक्षागत शिक्षकको व्यवस्था सुनिश्चित गरिनेछ।
   ग) भौगोलिक अवस्था र जनसङ्ख्या बनौटका आधारमा विद्यालय नक्साङ्कनका गरी विद्यालय एकीकरण लगायतका कार्यका सरोकारवालाको सहकार्य र सहयोग गरिनेछ।
   घ) पाठ्यक्रमले निर्धारण गरेको स्थानीय पाठ्यक्रम वा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री (अनलाईन सामग्री समेत) विकास गरी लागू गरिनेछ।
   ङ) विद्यार्थीको सर्वाङ्गीण विकासको लागि खेलकुद तथा अतिरिक्त क्रियाकलापको लागि विद्यालयलाई सहयोग गरिनेछ।
   च) हाल सञ्चालित विद्यालयहरू मध्ये केही विद्यालयहरूलाई नमुना उन्मुखका रूपमा छनोट गरी सञ्चालन गरिनेछ।
   छ) निरन्तर मूल्याङ्कन प्रणालीलाई थप सहज,तथा व्यवस्थित गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ।

प्रमुख कार्यक्रमहरू

| कार्यक्रमहरू | कार्य जिम्मेवारी | | |
|---|---|---|---|
| | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| लक्षित समूह सिकाइ सहयोग | √ | √ | √ |
| अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको पहिचान एवं लेखाजोखा र सिकाइ सहयोग | √ | √ | √ |
| विद्यालय बाहिर रहेका बालबालिकाहरू पहुँच अभिवृद्धि – छात्रवृत्ति तथा दिवा खाजा व्यवस्थापन समेत | √ | √ | √ |
| बालमैत्री र सूचना प्रविधि पूर्वाधार विकास | √ | √ | √ |
| **"कम्तीमा एक कक्षा एक शिक्षक"**को अवधारणा कार्यान्वयनका लागि युवा स्वयम्सेवक शिक्षक व्यवस्थापन | √ | √ | |
| विद्यालय नक्साङ्कन तथा समायोजन | √ | √ | |
| स्थानीय पाठ्यक्रम, शिक्षक निर्देशिका तथा स्रोतसामग्री विकास | √ | | √ |
| खेलकुद तथा अतिरिक्त क्रियाकलाप | √ | | |
| नमुना उन्मुख विद्यालय छनोट तथा प्रोत्साहन | √ | | |
| निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन | √ | √ | |

अपेक्षित उपलब्धिहरू

१) आधारभूत तह कक्षा (१-५) र कक्षा (१-८) को खूद भर्ना दर शत प्रतिशत भएको हुने
२) सबै विद्यालयहरूमा आधारभूत पूर्वाधारहरू विकास भएको हुने
३) सूचना प्रविधिको ल्याब, ईलाइब्रेरी र स्मार्टबोर्डको शिक्षण सिकाइमा प्रयोग भएको हुने
४) स्थानीय पाठ्यक्रम तथा स्रोत सामग्री (डिजीटल तथा अनलाइन सामग्री) विकास एवम् प्रयोग भएको हुने
५) समावेशी शिक्षाका लागि विद्यालयहरूको पूर्वाधार एवम् सिकाइ वातावरण सुदृढ भएको हुने
६) विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप नियमित एवम समावेशी रूपमा सञ्चालन भएको हुने।

## ३.३ माध्यमिक शिक्षा

नेपाल सरकारले कक्षा ९-१२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनी किटान गरेको छ। माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारशिला पनि हो। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था मौलिक हक मार्फत सुनिश्चित गरेको छ। संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिएको छ। नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन कार्य स्थानीय तहको जिम्मेवारी भित्र

रहेको छ। सो व्यवस्थालाई सफल कार्यान्वयन गर्नका लागि शिक्षाका राष्ट्रिय उद्देश्यहरू निर्धारण गरिएको छ। विद्यालय अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमता राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको छ। भरतपुर महानगर भित्र माध्यमिक तहको शिक्षामा पहुँचको अवस्था सन्तोषजनक देखिएतापनि समतामूलक पहुँचको सुनिश्चितताका साथै गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउनशिक्षालाई जीवन र प्रविधिसँग जोड्ने कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ।

समस्या तथा चुनौतीहरू

समस्याहरूः

- माध्यमिक तहमा विषयगत शैक्षिक योग्यताका शिक्षकहरूको दरवन्दी पर्याप्त नहुनु
- कक्षा कोठाको सिकाइ प्रविधि मैत्री र व्यावहारिक बनाउन नसकिनु
- शिक्षणलाई अनुसन्धानमूलक बनाउन नसक्नु
- सबै विद्यालयमा पहुँचयुक्त भौतिक पूर्वाधार तथा सिकाइ वातावरण तयार गर्न नसकिनु,
- माध्यमिक शिक्षा निःशुल्क र समतामूलक पहुँच सुनिश्चित गर्न पर्याप्त स्रोतको अभाव हुनु मुख्य समस्याको रूपमा रहेका छन्।

चुनौतीहरूः

- सामाजिक तथा आर्थिक कारणले पिछडिएका, अपाङ्गता तथा कार्य सीमितता भएका, विविध कारणले बहिष्करणमा परेका तथा एचआइभि एड्सबाट प्रभावित बालबालिकाको सहभागिता तथा गुणस्तर सुनिश्चित गर्नु,
- विद्यालय छोड्ने दर, कक्षा दोहोऱ्याउने दर लगायतका शैक्षिक क्षति कम गरी टिकाउदर कायम गर्नु मुख्य चुनौतीको रूपमा रहेका छन्।

**लक्ष्य**

व्यावहारिक र गुणस्तरीय शिक्षामार्फत स्वरोजगार, उद्यमशील तथा प्रतिस्पर्धी एवम् सिपयुक्त जनशक्तिको उत्पादन गरी उच्च शिक्षाको लागि आधारशिला तयार गर्ने।

उद्देश्य

भरतपुर महानगरपालिका भित्र माध्यमिक शिक्षाको पुहँच, समता, गुणस्तर र सान्दर्भिकतामा सुधार गर्नु।

रणनीति तथा कार्यनीतिहरू

१. माध्यमिक शिक्षामा लक्षित समुदायको पहुँच र अवसरमा वृद्धि गर्न निःशुल्क शिक्षामा जोड दिने।
    क) माध्यमिक शिक्षा निःशुल्क गरी पहुँच वृद्धि, समतामा सुधार र सहभागिताको अवसरमा वृद्धि गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ख) अपाङ्गता भएका बालबालिका लगायत लक्षित समुदायका बालबालिकाको समावेशी पुहँच र गुणस्तरीय शिक्षाको लागि आवश्यकताअनुसार आवासीय विद्यालय सञ्चालन गरिनेछ ।

ग) विपद् तथा महामारीका कारण भएको सिकाइ क्षतिको परिपुरण (Learning Loss Recovery) एवम् न्यूनतम सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्ने विद्यार्थीहरूको लागि सिकाइ सहयोगका कार्यक्रम गरिनेछ ।

घ) विद्यालयसँगको सहकार्यमा विद्यालय बाहिर रहेका सबै विद्यार्थीलाई भित्र ल्याउन व्यवस्था गरिनेछ ।

२. माध्यमिक तहको प्राविधिक शिक्षाको विस्तार र गुणस्तर सुधार गर्ने ।

क) माध्यमिक तहको शिक्षामा प्राविधिक तथा व्यावसायिक धारको शिक्षा विस्तार गरिनेछ ।

ख) सामुदायिक विद्यालयका प्रयोगशाला एवं भौतिक पूर्वाधार विकास गरिनेछ ।

ग) विद्यालयको माग र आवश्यकताबमोजिम शैक्षिक, भौतिक तथा व्यवस्थापन पक्षमा सहयोग गरिनेछ।

३. माध्यमिक तहको साधारण शिक्षालाई आवश्यकताको आधारमा विस्तार गर्ने ।

क) सामुदायिक विद्यालयका प्रयोगशाला एवम् भौतिक पूर्वाधार विकास गरिनेछ ।

ख) विद्यालयको माग र आवश्यकताबमोजिम शैक्षिक, भौतिक तथा व्यवस्थापन पक्षमा सहयोग गरिनेछ।

४. शिक्षाको गुणस्तर अभिवृद्धिको लागि शिक्षक व्यवस्थापन र अभिलेखीकरण गर्ने ।

क) न्यून दरबन्दी भएका विद्यालयहरूमा **"कम्तीमा एक कक्षा एक शिक्षक"**को अवधारणा कार्यान्वयन गरी विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरिनेछ ।

ख) शिक्षक विद्यार्थी अनुपात क्रमशः घटाउँदै १:३५ पुऱ्याइनेछ ।

ग) शिक्षकहरूको शिक्षण विधि र प्रविधि प्रयोगको क्षमता विकास गरिनेछ ।

घ) सबै शिक्षक तथा शिक्षाकर्मीलाई प्रत्येक वर्ष कम्तीमा एउटा शिक्षा विकास वा शिक्षणसँग सम्बन्धित अनुसन्धान गर्न लगाइनेछ ।

ङ) अनुभवी एवम् योग्यता प्राप्त विषयगत शिक्षक सम्मिलित विज्ञ समूहबाट समेत कक्षा शिक्षण अवलोकन, पृष्ठपोषण र नमुना शिक्षणको व्यवस्था गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू**

| कार्यक्रमहरू | कार्य जिम्मेवारी | | |
|---|---|---|---|
| | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| लक्षित समूहका लागि पहुँच अभिवृद्धि | √ | √ | √ |
| विपद् तथा महामारीका कारण भएको सिकाइ क्षतिको आरिपुरण (Learning Loss Recovery) एवम् सिकाइ सहयोग | √ | √ | √ |
| विद्यार्थी भर्ना तथा निरन्तरता | √ | | √ |
| विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार विकास | √ | √ | |
| युवा स्वयम्सेवक शिक्षक व्यवस्थापन | √ | √ | |
| शिक्षक क्षमता विकास (मागमा आधारित, पुनर्ताजगी तालिम, अनुसन्धान) | √ | √ | √ |
| विज्ञ समूहबाट शिक्षक सहयोग तथा पृष्ठपोषण | √ | | √ |

अपेक्षित उपलब्धिहरू

१) दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुने ।

२) प्राविधिक धारको शिक्षामा बालबालिकाको पहुँच वृद्धि भएको हुने ।

३) शिक्षण विधि र प्रविधिको विकास र प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुने ।

४) पाठ्यक्रमका आधारमा पाठ्यसामग्रीहरूको विकास गरी कार्यान्वयन हुने ।

५) सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी प्रयोगशाला र ई लाईब्रेरीको लगायतका शैक्षिक पूर्वाधार विकास तथा प्रयोग भएको हुने ।

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम

प्राविधिक तथा व्यवसायिक शिक्षा, रोजगारीका अवसरहरूको सृजना महानगरपालिकाको विकास तथा देशको समृद्धिको आधार हो । यस क्षेत्रको विकास र विस्तारको क्रममा हाल प्राविधिक शिक्षा तथा तालिम परिषद्बाट सञ्चालित कार्यक्रमहरू, विद्यालय तहको कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा र विविध क्षेत्रमा व्यावसायिक तथा सिप विकासमा आधारित तालिमहरू सञ्चालनमा रहेका छन् । प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको क्रममा सङ्घीय व्यवस्थाबमोजिम सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रहने गरी प्राविधिक शिक्षा तथा व्यावसयिक तालिम परिषद्को व्यवस्था गरिएको छ । यसै गरी अन्य श्रम तथा

रोजगार,उद्योग लगायतका मन्त्रायहरूबाट समेत यससम्बन्धी विभिन्न सिप विकाससम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

हाल देशभरी आङ्गिक, साझेदारी, परिषद्सँग सम्बन्धन लिएका सामुदायिक विद्यालय र निजी संस्थाहरूले डिप्लोमा, प्रमाणपत्र तह र प्राविधक एसएलसी तथा छोटो अवधिको सिपमूलक तालिम सञ्चाललन गरिरहेका छन्। यस महानगरभित्र ३ वटा आङ्गिक तथा २ वटा प्राविधिक धारका सामुदायिक विद्यालय रहेका छन्।

**समस्या तथा चुनौतीहरू**

**समस्याहरू:**

- समयमै नयाँ शिक्षा ऐन आउन नसक्नु, र प्रदेशबाट तर्जुमा गरिएको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐन, २०७५ कार्यान्वयनमा आउन नसक्नु,
- प्राविधिक शिक्षालाई योजनबद्ध रूपमा सञ्चालन गर्न नसक्नु र महानगरमा प्रर्याप्त योग्य र दक्ष जनशक्ति नहुनु यस क्षेत्रको विकास र विस्तार समस्याको रूपमा रहेका छन्।

**चुनौतीहरू:**

- प्राविधिक विद्यालयहरूमार्फत प्राविधिक शिक्षा एवं सिपमूलक तालिममा स्थानीय युवाहरूको आकर्षण र पहुँचमा विस्तार गर्नु,
- प्राविधिक शिक्षालय एवम् सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रम र निजीस्तरबाट सञ्चालन भएका सस्थाहरूबाट सञ्चालन हुने शैक्षिक कार्यक्रम एवम् तालिमहरूको गुणस्तर अभिवृद्धिका लागि समन्वय गर्नु,
- कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका विद्यालयमा आधारित प्राविधिक शिक्षा तथा तालिम परिषद् मार्फत सञ्चालित शैक्षिक कार्यक्रमहरूका बिचमा एकरूपता कायम गर्दै समान गुणस्तर सुनिश्चत गर्न समन्वयत्मक भुमिका निर्वाह गर्नु, आदि प्रमुख चुनौतीका रूपमा रहेका छन्।

**लक्ष्य**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच विस्तार तथा गुणस्तर अभिवृद्धिको लागि सहयोग तथा समन्वय गर्ने।

**उद्देश्य**

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार र गुणस्तर अभिवृद्धि गर्न मद्दत गर्नु

२. मागका आधारमा सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गर्न सहयोग गर्नु

३. सिकाइलाई उद्यमशीलता तथा रोजगारीसँग आबद्ध  गर्न मद्धत गर्नु

४. प्राविधिक शिक्षालयको नतिजामूलक अनुगमन तथा सुपरिवेक्षण गर्नु ।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीतिहरूः**

१) रोजगारी र उद्यमशीलता विकास गर्नका लागि प्राविधिक एव व्यवसायिक शिक्षा र तालिमको विस्तार गर्ने ।

- क) हाल भएका बहुप्राविधिक शिक्षालयको नक्साङ्कन गरी प्रोफाइल तयार पारिनेछ ।
- ख) प्राविधिक शिक्षालयमा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- ग) प्राविधिक शिक्षाको सञ्चालन सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा गरिनेछ ।
- घ) महानगर भित्रका परम्परागत प्रविधि तथा व्यावसायिक सिपहरूको अभिलेखीकरण गरी परम्परागत ज्ञान तथा सिपको उद्यमीकरण गरी तिनलाई रोजगारीमा आबद्ध  गरिनेछ ।

२) मागमा आधारित छोटो र लामा अवधिका सिपमूलक  एवं उद्यमशील तालिम सञ्चालन गर्ने ।

- क) प्रविधि तथा सिपमा भएका ज्ञान एवम् सिपको सङ्कलन गरी तयार गरिएका मोडुलर र ननमोडुलर पाठ्यक्रम तथा पाठयपुस्तक पठनपाठन गराउने प्रबन्ध मिलाइनेछ ।
- ख) ज्ञान तथा सिपमा आधारित भई छोटा अवधिका तालिम दिने प्रबन्ध मिलाइनेछ ।
- ग) महानगर भित्र आवश्यक निम्न र मध्यमस्तरको जनशक्ति निर्माणमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपसम्बन्धी छोटो र लामो अवधिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- घ) महानगरमा आवश्यक पर्ने सिपयुक्त जनशक्ति विकासको लागि नियमित तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि समन्वय गरिने छ ।

३) प्राविधिक तथा व्यावसियक शिक्षा र तालिमको संस्थागत क्षमता अभिवृद्धि गर्ने

- क) निरीक्षणको कार्यलाई प्रभावकारी बनाउन सहभागितामूलक, नतिजामूलक तथा सुधारात्मक प्रणालीको विकास गरिनेछ ।
- ख) प्राविधिक शिक्षालयको विकास तथा विस्तारका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई कार्यमूलक अनुसन्धानको ढाँचामा सञ्चालन गरिनेछ ।
- ग) निरीक्षणबाट प्राप्त सूचनालाई शैक्षिक सूचना प्रणालीसँग एकीकृत गरी संस्थागत सुधारका लागि प्रयोग गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू**

| कार्यक्रमहरू | कार्य जिम्मेबारी | | |
|---|---|---|---|
| | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| बहुप्राविधिक शिक्षालयको नक्साङ्कन तथा प्रोफाइल तयारी | √ | √ | |
| लक्षित समूहका लागि प्राविधिक शिक्षा छात्रवृत्ति | √ | √ | |
| परम्परागत प्रविधि तथा व्यावसायिक सिपहरूको अभिलेखीकरण तथा उद्यमीकरण | √ | √ | |
| छोटो तथा लामो अवधिका तालिम तथा शैक्षिक कार्यक्रम | √ | √ | √ |

**अपेक्षित उपलब्धि**

१) प्राविधिक धारको शिक्षाको सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुदृढ भएको हुने।

२) प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयको प्रयोगशाला, मेशिनरी र अभ्यास स्थलको सुदृढीकरण भएको हुने।

३) सामुदायिक विद्यालयमा उद्यमशिलता प्रवर्धन कार्यक्रम भएको हुने।

## ३.५ स्थानीय पाठ्यक्रम / पाठ्यसामग्री

पाठ्यक्रम विद्यालयद्वारा बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृत्ति तथा सम्पूर्ण अनुभवहरू व्यवस्थित गरिएको योजना हो। पाठ्यक्रममा सिकारुले हासिल गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरूलाई समेटिएको हुन्छ। यसले समग्र शैक्षिक प्रणालीको मार्गदर्शन गर्दछ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने प्रमुख दायित्व शिक्षकको हो। त्यसैले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन शिक्षकलाई पाठ्यक्रमको कार्यान्वयनका लागि तालिमको आवश्यकता पर्दछ। पाठ्यक्रमको प्रभावकारी मापनको आधार मूल्याङ्कन हो। शैक्षिक सुपरीवेक्षण, विद्यालय व्यवस्थापनले पाठ्यकम कार्यान्वयनलाई नै प्रभावकारी बनाउँछ। पाठ्यक्रमलाई मुख्य पाठ्यक्रम, ऐच्छिक पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम गरी व्यवस्था गरिएको छ। यसलाई राष्ट्रिय प्रारूप ढाँचा तथा योग्यता प्रारूप ढाँचाबाट निर्देशित गरिएको हुन्छ। विद्यमान विद्यालय तहको पाठ्यक्रममा कक्षा १ देखि कक्षा ८ सम्म एक/एक ओटा विषय स्थानीय पाठ्यक्रम वा मातृभाषा रहने व्यवस्था गरिएको छ। यसको पाठ्यक्रम विकास तथा कार्यान्वयनको अधिकार स्थानीय तहहरूलाई दिइएको छ। स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,२०७६ अनुसार स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्न स्थानीय तहले सबै शिक्षकहरूको क्षमता विकास तथा यसको कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने व्यवस्था छ।

समस्या तथा चुनौतीहरू

समस्याहरू:

- पाठ्यक्रम तथा अनलाइनमा आधारित सिकाइ तथा मूल्याङ्कन क्रियाकलाप सञ्चालन नहुनु

- सिकाइमा प्रविधिको प्रयोग तथा प्रयोगात्मक शिक्षण सिकाइका लागि सबै शिक्षकको क्षमता विकास हुन नसक्नु,
- पाठ्यक्रम प्रबोधीकरणको अवस्था कमजोर रहनु,
- सिकाइ सामग्रीको उत्पादन, सङ्कलन र प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई सक्षम बनाउन नसक्नु,
- पठनपाठन शैलीलाई स्थानीय आवश्यकता र अन्तर्राष्ट्रिय परिवेशअनुसार बनाउन नसक्नु,
- थप पाठ्यसामग्रीको मूल्याङ्कन गर्ने संयन्त्रको विकास हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन्।

**चुनौती**

- तोकिए बमोजिमका स्थानीय विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका तथा स्रोतसामग्रीको विकास गरी पाठ्यपुस्तकको दायराभन्दा बाहिरबाट सिक्ने सिकाउने वातावरण तयार गर्नु,
- सूचना प्रविधिमा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्नु,
- खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास तथा कक्षाकोठा क्रियाकलापमा रूपान्तरणको अवस्था सुनिश्चित गर्नु,
- जातजाति, सांस्कृतिक विशिष्टता र भौगोलिक परिवेशअनुसार पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको विकासका लागि ढाँचा निर्धारण गरी पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्नु,
- भरतपुर महानगरपालिकाभित्र मातृभाषा र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनसम्बन्धी विषय शिक्षकहरूबीच अनुभव र सहयोग आदानप्रदान लगायतका चुनौतीहरू रहेका छन्।

**लक्ष्य**

स्वीकृत पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री विकास तथा प्रयोग गरी गुणस्तरीय सिकाइ वातावरण सिर्जना गर्ने।

उद्देश्य

क) जीवनोपयोगी र गुणस्तरीय मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्नु।
ख) मातृभाषा, स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा विद्यालय र शिक्षकलाई प्राविधिक सहयोग गर्नु।

रणनीति र कार्यनीतिहरू

१. स्थानीय विषयको कक्षागत पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्ने।
   क) विज्ञ समूह तयार गरी स्थानीय पाठ्यक्रम परिमार्जन, शिक्षक निर्देशिका तथा स्रोत सामग्री विकास गरिनेछ।
   ख) विकास गरिएका स्थानीय पाठ्यक्रम तथा स्रोत सामग्री कार्यान्वयनमा शिक्षकका लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिने छ।

२. स्थानीय पाठ्यकम कार्यान्वयनको लागि सरोकारवालाहरूको क्षमता विकास तथा सहयोग गर्ने ।

  क) स्थानीय विषयहरूको पठनपाठनलाई व्यवहारिक बनाउन विद्यालयहरू तथा समुदायमा प्रयोगात्मक अभ्यासको वातावरण सिर्जना गरिनेछ ।

  ख) अवलोकन र अनुभूतिबाट सिक्न "मौलिक र व्यावहारिक शुक्रबार" अवधारणा कार्यान्वयन विद्यार्थीमा आफ्ना परम्परा तथा संस्कृतिसँग परिचित गराइनेछ ।

प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | **कार्य जिम्मेवारी** | | |
|---|---|---|---|---|
| | | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| १ | स्थानीय पाठ्यक्रम परिमार्जनशिक्षक , निर्देशिका तथा स्रोत सामग्री विकास | √ | | √ |
| २ | स्थानीय पाठ्यक्रम, शिक्षक निर्देशिका तथा स्रोत सामग्री प्रबोधीकरण | √ | | √ |
| ३ | "मौलिक र व्यावहारिक शुक्रबार" अवधारणा कार्यान्वयन | √ | | √ |

अपेक्षित उपलब्धिहरू

  क) स्थानीय पाठ्यक्रम परिमार्जन तथा शिक्षक निर्देशक र पाठ्यसामग्री विकास तथा कार्यान्वयन भएको हुने

  ख) सबै विद्यालयहरूमा "समुदाय सेरोफेरो" कार्यान्वयन भएको हुने ।

## ३.६ शिक्षक व्यवस्थापन र विकास

गुणस्तरीय शिक्षाको प्रमुख तत्त्व शिक्षक हो । यसका लागि शिक्षकहरूको पनि उचित व्यवस्थापन र विकास गर्नुपर्ने हुन्छ । श्रम बजारमा भएको जनशक्तिलाई शिक्षण पेसाप्रति आकर्षण बढाउने र कार्यरत शिक्षकहरूको क्षमता विकासमार्फत शिक्षण पेसाप्रतिको उत्तरदायित्वको भावना बढाउनु अहिलेको आवश्यकता हो । शिक्षकको गुणस्तरको मात्रा पनि प्रत्यक्ष रूपले शिक्षकको तयारी, विकास र व्यवस्थापनसँग सम्बन्धित हुन्छ । शिक्षासम्बन्धी विभिन्न प्रतिवेदनहरूले शिक्षक व्यवस्थापनका लागि शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुवैलाई उत्तिकै महत्त्व दिएका छन् । विद्यालय तहका शिक्षकका लागि अध्ययन अनुमतिपत्रको व्यवस्था गर्न र शिक्षक छनोट र शिक्षकको बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगको व्यवस्था रहेको छ । यसै गरी हाल शिक्षक व्यवस्थापनका लागि शिक्षा तथा मानव स्रोत विकास

केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, विद्यालय शिक्षक किताव खाना, शिक्षा विकास निर्देशनालय र शिक्षक तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र विद्यालय संलग्न रहेका छन् ।

समस्या तथा चुनौतीहरू

समस्याहरूः

- दक्ष शिक्षकहरूलाई आकर्षण गर्न र टिकाउनका लागि वृति विकासका अवसरहरू कम हुनु
- शिक्षक व्यवस्थापनमा विद्यालय, स्थानीय तह, प्रदेश र सङ्घीय तहबाट गर्नुपर्दा एकआपसमा समन्वयमा कमी
- प्राविधिक शिक्षा र विज्ञान विषयका शिक्षकहरूलाई अध्यापन अनुमतिपत्रको व्यवस्था अनिवार्य हुनु
- प्राविधिक शिक्षा सञ्चालनमा रहेका विद्यालयका शिक्षकहरूलाई तालिममा समेट्न नसक्नु समस्याको रूपमा रहेकाछन् ।

**चुनौतीहरूः**

- आधारभूत तहमा विषयगत शिक्षकको सङ्ख्या सन्तुलित नहुनु
- तालिममा सिकेका ज्ञान तथा सिप कक्षा कोठामा प्रयोग नहुनु
- शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जवाफदेहि बनाउन नसक्नु
- विद्यालय सुपरिवेक्षण तथा सहयोग प्रणालीको विकास तथा कार्यान्वयन हुन नसक्नु
- दण्ड र पुरस्कार प्रणालीको विकास र कार्यान्वयन तथा शिक्षालाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु चुनौतीका रूपमा रहेकाछन् ।

**लक्ष्य**

शिक्षकको पेसागत दक्षता विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

**उद्देश्य**

क) शिक्षक व्यवस्थापनलाई चुस्त बनाई विषयगत शिक्षकको उपलब्धताका लागि वैकल्पिक उपायहरू अवलम्बन गर्नु,

ख) शिक्षकलाई बालबालिकाको सिकाइ प्रति जवाफदेही बनाउनु,

ग) शिक्षकको पेशागत विकास एवम् अनुभव आदानप्रदानका अवसर प्रदान गर्नु ।

**रणनीति तथा कार्यनीतिहरू**

**रणनीतिहरूः**

१. शिक्षक व्यवस्थापनलाई चुस्त बनाउने ।

क) महानगरपालिका भित्रका विद्यालयमा कार्यरत प्रधानाध्यापक तथा शिक्षकहरूको अभिलेख व्यवस्थापनमा प्रविधिको प्रयोग गरिनेछ ।

ख) शिक्षक छनोट, भर्ना, बढुवा, तालिम, मूल्याङ्कन तथा प्रोत्साहन प्रणालीलाई पारदर्शी एवम् अनुमानयोग्य बनाउन आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

ग) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनका लागि थप वैज्ञानिक र पूर्वानुमान योग्य बनाउन सङ्घ र प्रदेशसँग सहकार्य गरिनेछ।

घ) उत्कृष्ट शिक्षक, कर्मचारी र प्रधानाध्यापकलाई वार्षिक रूपमा प्रमाण पत्र तथा नगद पुरस्कारबाट सम्मान गरी प्रोत्साहन गरिनेछ।

ङ) शिक्षक, प्रधानाध्यापक विद्यालय कर्मचारीको पुरस्कार तथा दण्ड सजायको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२. विद्यालयमा कक्षागत र विषयगत शिक्षक उपलब्ध गराउने।

क) विविध कारणले शिक्षक विदामा रहेको बेलामा वा दरबन्दी पूर्तिको क्रममा रहेको बेलामा विद्यालयमा शिक्षक अभाव हुन नदिन तथा विधागत रूपमा विशेष दक्षता आवश्यक पर्ने विषयवस्तु शिक्षण सिकाइका लागि घुम्ती शिक्षकको व्यवस्थापन वा परिचालन गरिनेछ।

ख) स्वयम्सेवक शिक्षक एवम् विज्ञको समूह सूची (रोस्टर) निर्माण गरी विद्यालयमा शिक्षण गर्न अवसर दिई प्रोत्साहन गरिनेछ।

ग) उपलब्ध शिक्षक दरबन्दी अपुग भएको अवस्थामा दीर्घकालीन रूपमा सम्बोधन गर्न आवश्यक न्यूनतम दरबन्दीको अभाव पूर्तिका लागि संघ तथा प्रदेशसँग आवश्यक समन्वय गरी थप दरबन्दी व्यवस्थापन गरिनेछ।

**३.** प्रधानाध्यापक तथा शिक्षकको पेसागत दक्षता विकास गर्ने।

क) नवप्रवेशी शिक्षक, प्रधानाध्यापक तथा युवा स्वयम् सेवक शिक्षकहरूलाई अभिमुखीकरण गरी कार्यथलोमा पठाइनेछ।

ख) आवश्यकताअनुसार एवम् मागमा आधारित पुनर्ताजगी तालिमको व्यवस्था गरी शिक्षकहरूको पेशागत सक्षमता अभिवृद्धि गरिनेछ।

ग) विषयगत समिति तथा स्वयम् सेवक विज्ञ समूह निर्माण गरी कार्यथलोमा आधारित नियमित, आकस्मिक र आमन्त्रित स्वरूपको शिक्षक सहयोग एवम् सुपरिवेक्षण प्रणाली अवलम्वन गरिनेछ।

घ) शिक्षकहरूको क्षमता विकासका लागि विषयगत/थिमगत आधारमा सिकाइका लागि अनलाइन/आमनेसामने सम्मेलन, गोष्ठी र कार्यशाला सञ्चालन गरी सिकाइका अवसरहरू प्रदान गरिनेछ।

ङ) निजी तथा गैरसरकारी संस्थाहरू समेतको सहकार्यमा शिक्षकहरूको क्षमता विकासका लागि तालिमहरू सञ्चालन गरिनेछ।

**४.** प्रधानाध्यापक तथा शिक्षकलाई बालबालिकाको सिकाइ प्रति जिम्मेबार बनाउने।

क) प्रधानाध्यापकलाई विद्यालयको समग्र नतिजाप्रति र शिक्षकलाई आफूले अध्यापन गरेको विषय र कक्षाको विद्यार्थी सिकाइ उपलब्धि तथा नतिजाप्रति उत्तरदायी बनाइनेछ।

ख) विद्यालयका प्रधानाध्यापकहरूसँग महानगरपालिकाको शिक्षा महाशाखाले र विद्यालयका शिक्षकहरूसँग विद्यालयका प्रधानाध्यापकले निर्धारित सूचकका आधारमा कार्यसम्पादन करार सम्झौता गरी हासिल उपलब्धिलाई प्रोत्साहन पद्धतिसँग आवद्ध गरिनेछ।

ग) प्रविधिमा आधारित अनुगमन तथा शिक्षक सहयोग प्रणाली कार्यान्वयन गरिनेछ।

५. पेसागत क्षमता विकासका लागि अनलाइन /भर्चुअल माध्यमका तालिम र शिक्षक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।

क) माग र आ वश्यकताका आधारमा अनलाइन/भर्चुअल तालिम सञ्चालन गर्ने संयन्त्र विकास गरी तालिम सञ्चालन गरिनेछ।

ख) अनलाइन/अफलाइन सामग्री विकासका अतिरिक्त एप्सहरूको विकास र प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

ग) अनलाइन मार्फत शिक्षकहरूको लागि योग्यता वृद्धि तथा तालिमका लागि Professional degree तथा तालिमका कार्यक्रमहरू सञ्चालन गर्न खुला विश्वविद्यालय तथा विश्वविद्यालयहरूसँग सहकार्य र साझेदारी गरिनेछ।

घ) शिक्षकहरूका अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ।

ङ) प्रधानाध्यापक र शिक्षकहरूको लागि असल अभ्यासको आदानप्रदान गर्ने अवसर प्रदान गर्न अन्तर्क्रिया तथा अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

कार्यक्रमहरू

| क्र.स . | कार्यक्रमहरू | कार्य जिम्मेवारी | | | |
|---|---|---|---|---|---|
| | | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य | विद्यालय |
| १ | प्रधानाध्यापक तथा शिक्षकहरूको अभिलेख व्यवस्थापन | √ | | | √ |
| २ | शिक्षक व्यवस्थापन तथा पुरस्कार, दण्डसम्बन्धी कानुन निर्माण तथा परिमार्जन | √ | √ | | √ |
| ३ | शिक्षक प्रोत्साहन कार्यक्रम | √ | | | √ |
| ४ | युवा स्वयम्सेवक तथा घुम्ती शिक्षक व्यवस्थापन | √ | √ | √ | √ |
| ५ | शिक्षक अभिमुखीकरण तथा कार्यथलोमा आधारित सहयोग | √ | | | √ |
| ६ | मागमा आधारित पुनर्ताजगी तालिम | √ | √ | | √ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | विषयगत समिति तथा स्वयम् सेवक विज्ञ समूह मार्फत कार्यथलोमा आधारित शिक्षक सहयोग एवम् सुपरिवेक्षण | √ | | √ | |
| ८ | अनलाइनआमनेसामने सम्मेलन/, गोष्ठी र कार्यशाला सञ्चालन | √ | √ | √ | |
| ९ | सूचकका आधारमा प्रधानाध्यापक तथा शिक्षक प्रोत्साहन | √ | √ | | √ |
| १० | प्रधानाध्यापक र शिक्षकसँग कार्यसम्पादन करार सम्झौता र यसको कार्यान्वयन | √ | | | √ |
| ११ | प्रविधिमा आधारित अनुगमन तथा शिक्षक सहयोग प्रणाली कार्यान्वयन गरिनेछ। | √ | √ | √ | √ |
| १२ | शिक्षकको पेशागत दक्षता अभिवृद्धिका लागि खुला विश्वविद्यालय तथा विश्वविद्यालयहरूसँग सहकार्य | √ | √ | | √ |
| १३ | शिक्षक जर्नल विकास तथा प्रकाशन | √ | √ | √ | √ |
| १४ | असल अभ्यासको आदानप्रदान | √ | √ | √ | √ |

अपेक्षित उपलब्धिहरू

१. शिक्षक व्यवस्थापन चुस्त एवम् पारदर्शी हुने
२. युवा स्वयम्सेवक तथा घुम्ती शिक्षकको व्यवस्थापन भएको हुने
३. प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकास भएको हुने
४. तालिम सञ्चालनको सम्बन्धमा विद्यालय, निजी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य भएको हुने
५. सूचकका आधारमा प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन अनुगमन/सुपरीवेक्षण र पेसागत सहयोग संयन्त्रको विकास र परिचालन भएको हुने
६. अनुगमन, सुपरिवेक्षण र पेसागत सहयोगबाट सिकाइ वातावरणमा सुधार भएको हुने
७. अनलाइन/भर्चुअल पद्धती मार्फत शिक्षकको पेसागत क्षमता विकास भएको हुने
८. प्रत्येक वर्ष मापदण्डका आधारमा उत्कृष्ट विद्यालय शिक्षक, कर्मचारी एवम् प्रधानाध्यापक भरतपुर महानगरपालिकाबाट सम्मानित भएको हुने
९. शिक्षकको व्यक्तिगत विवरण अभिलेख डिजिटाइजेसन भई व्यवस्थित भएको हुने
१०. शैक्षिक प्रशासन महाशाखाबाट अनुसन्धानात्मक जर्नल प्रकाशन भएको हुने
११. विद्यालय एवम् मेन्टोरिङमा आधारित तालिका पद्धतिको विकास भई सञ्चालन भएको हुने,

## ३.७ विद्यालय व्यवस्थापन

भरतपुर महानगरपालिकाबाट भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५, विभिन्न कार्यविधि, मापदण्ड तयार गरी विद्यालय व्यवस्थापन पक्षमा अझ व्यवस्थित र सुदृढीकरण गर्न महानगर लागिपरेको छ। विद्यालयको शैक्षिक सुधार व्यवस्थापन र चौतर्फी सुदृढीकरण गर्न विद्यालय व्यवस्थापन समितिको महत्त्वपूर्ण भूमिका हुन्छ। त्यसैले विद्यालय व्यवस्थापन समितिको गठन गर्न कार्यविधि बनाई तोकिएको समयभित्र गठन प्रक्रियालाई अगाडि बढाइएको छ भने शिक्षक अभिभावक संघ गठन, सामाजिक परीक्षणलाई कडाईका साथ लागु गरिएको छ। संस्थागत विद्यालयको शुल्क निर्धारण, छात्रवृत्ति वितरण, विद्यालय वर्गीकरण जस्ता कार्यहरूलाई कार्यविधि बनाई व्यवस्थित गरिएको छ। यसैगरी शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि, करारमा शिक्षक नियूक्ति सम्बन्धी कार्यविधि, प्रारम्भिक बाल शिक्षा केन्द्र एवं व्यवस्थापन निर्देशिका तयार गरी कार्यान्वयन गरिएको छ। यस महानगरपालिकाले विद्यालय व्यवस्थापनको क्षेत्रमा उल्लेखित कार्यहरूलाई योजनाबद्ध ढंगबाट अगाडि बढाएको हुँदा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्त्वपूर्ण टेवा पुग्ने आशा गरिएको छ। भरतपुर महानगरपालिकामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट विभिन्न किसिमका कार्यक्रम सञ्चालन हुँदै आएतापनि विद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न समयको माग र बदलिदो राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा परिवर्तन गर्दै लैजान धेरै चुनौतीहरू रहेका छन्। ती चुनौतीहरूलाई सम्बोधन नगर्दा सम्म महानगरले चाहेजस्तो गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्ने अवस्थामा छन्। त्यसैले तीन तहको सरकारको समन्वय र सहकार्यमा समस्या समाधानका लागि तपसिलका थप कार्यहरू गर्नुपर्ने देखिन्छ।

**समस्या तथा चुनौतीहरू**

**समस्याहरू**

- संघीय सरकार र प्रदेश सरकारबाट शिक्षा सम्बन्धी आवश्यक नीति तथा ऐन/नियम तर्जुमा हुन नसक्नु,
- विद्यालय सञ्चालनको न्यूनतम भौतिक पूर्वाधारको अभाव जस्तै विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षाका अनुपातमा पुस्तकालय, प्रयोगशाला समेतको लागि कोठाको अभाव हुनु,
- विद्यालयमा आवश्यक दरबन्दी तथा आर्थिक स्रोतको अभाव हुनु

चुनौतीहरू

- बालबालिकाको वैयक्तिक आवश्यकताअनुसार अपाङ्गतामैत्री संरचना र सिकाइ अभ्यासमा सुधार गर्नु,
- विद्यालय सञ्चालनका लागि न्यूनतम रूपमा आवश्यक पर्ने स्रोत साधनको सुनिश्चितता गर्नु
- वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गरी प्रभावकारी परिचालन गर्नु
- सक्षम शिक्षकहरूमा प्रधानाध्यापक पद प्रति कम आकर्षण र उक्त पदको भूमिका सबल हुन नसक्नु

- अनुगमन, सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउनु

**लक्ष्य**

विद्यालयको व्यवस्थापनलाई सुदृढ बनाई गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।

**उद्देश्य**

योजनामा राखिएका लक्ष्य प्राप्तिका लागि तपसिलका उद्देश्यहरू राखिएका छन् :

क) गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय तहमा योजना निर्माण तथा कार्यान्वयन गर्ने ।

ख) विद्यालयमा सहभागिता, पारदर्शिता र जवाफदेहिता मार्फत शैक्षिक सुशासन कायम गर्ने ।

ग) विद्यालयको शैक्षिक सुधारको निम्ति प्रधानाध्यापकलाई जिम्मेवार एवम् उत्तरदायी बनाउने ।

**रणनीति एवं कार्यनीतिहरू**

१. कानुनी र संस्थागत प्रबन्धमार्फत विद्यालय शिक्षामा सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्ने ।

   क) शिक्षा नियमावली, नीति, योजना, निर्देशिका, कार्यविधिको तर्जुमा तथा समयानुकूल परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

   ख) विद्यालय शिक्षालाई व्यवस्थित गर्न नक्साङ्कन गरी आवश्यकताको आधारमा विद्यालय समायोजन गरिनेछ ।

   ग) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता विकास गरी प्रत्येक विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

   घ) विद्यालय समायोजन, दरबन्दी मिलान, शिक्षक व्यवस्थापन, प्रधानाध्यापकको स्थायी नियुक्ति सम्बन्धी व्यवस्था, विषयगत दरबन्दी मिलानसम्बन्धी कार्यको लागि कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

   ङ) प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि बनाई प्रत्येक सामुदायिक विद्यालयमा योग्य एवम् दक्ष प्रधानाध्यापकको व्यवस्था गरिनेछ ।

२. विद्यालय शिक्षाको गुणस्तर सुधार एवम् शैक्षिक क्षति न्यूनीकरणका लागि सामुदायिक विद्यालयको सबलीकरण गर्ने ।

   क) नतिजामा आधारित मूल्याङ्कन प्रणालीमार्फत विद्यालयहरूलाई स्तरीकृत गर्ने र प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ ।

   ख) विद्यालयमा न्यूनतम सिकाइ अनुकूल वातावरणका लागि निर्धारित सूचकका आधारमा सहजीकरण गरिनेछ ।

ग) वालमैत्री वातावरण, वातावरणीय अनुकूलन र सौन्दर्यीकरण मार्फत हरित विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

घ) विद्यालयलाई औपचारिक शिक्षाका अतिरिक्त अनौपचारिक शिक्षाका अवसरहरू सञ्चालन गर्ने संस्थाको रूपमा विकास गरिनेछ।

३. विद्यालयमा सुशासन अभिवृद्धि गरी प्रभावकारी सेवा प्रवाह गर्ने।

क) वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गरी शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

ख) विद्यालयसँग सम्बन्धित सरोकारवालाहरूलाई सुशासन एवम् वित्तीय अनुशासनका लागि क्षमता विकास गरिनेछ।

ग) विद्यालयको अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाइनेछ।

**प्रमुख कार्यक्रमहरू**

| कार्यक्रमहरू | कार्य जिम्मेवारी | | |
|---|---|---|---|
| | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| कानुन तर्जुमा तथा परिमार्जन | √ | √ | |
| विद्यालय भौतिक संरचना सुधार | √ | √ | √ |
| **हरित विद्यालय, स्वच्छ विद्यालय** अभियान | √ | | |
| विद्यालय नक्साङ्कन तथा समायोजन | √ | √ | |
| वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिशिक्षक , अभिभावक संघको क्षमता विकास | √ | | √ |
| नतिजामा आधारित विद्यालय मूल्याङ्कन, स्तरीकरण तथा प्रोत्साहन | √ | √ | |

**अपेक्षित उपलब्धीहरू**

१) शैक्षिक योजना तथा कार्यक्रमहरू सञ्चालन र व्यवस्थाका लागि समन्वय र सहकार्य गरी विद्यालयमा शैक्षिक सुशासनको वातावरण तयार हुनेछ।

२) विद्यालय एवं शैक्षिक संस्थाहरूमा पहुँचयुक्त भौतिक संरचना तथा पूर्वाधारको विस्तार एवम् संरक्षण भएको हुनेछ।

३) सामुदायिक विद्यालय एवं शिक्षण संस्थाहरूको सक्षमता अभिवृद्धि भएको हुनेछ।

४) आवश्यकताको आधारमा ऐन नियमावली कार्यविधि निर्माण र कार्यान्वयन गरी विद्यालय व्यवस्थापनलाई सहजीकरण भएको हुनेछ।

## ३.८ अनौपचारिक तथा वैकल्पिक शिक्षा : साक्षरता शिक्षा, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ

समाज रूपान्तरणको सशक्त माध्यम शिक्षा हो। शिक्षा विभिन्न प्रकारले प्राप्त गर्न सकिन्छ। विद्यालय, विश्वविद्यालयबाट दिइने नियमित शिक्षा,औपचारिक वा नियमित शिक्षा पद्धति भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्ने अनौपचारिक शिक्षा,आदि पर्दछन्। त्यसै गरी गर्भावस्थादेखि मृत्यु पर्यन्त देखेर, सुनेर, गरेर, आकस्मिक रूपमा सिक्ने अनियमित शिक्षा, औपचारिक शिक्षा पद्धति भन्दा बाहिर मानवीय जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्ने माध्यम नै अनौपचारिक शिक्षा हो। मानव सभ्यताको विकाससँगै मानिसले कुनै न कुनै रूपमा अनौपचारिक शिक्षा पद्धतिको अभ्यास गर्दै आएको छ। सिकाइ मानिसको गर्भावस्था देखि मृत्यु नहुँदासम्म निरन्तर चलिरहन्छ। तसर्थ सिकाइलाई आजीवन वा जीवनपर्यन्त सिकाइ भनिन्छ। ज्ञान, विज्ञान र प्रविधि एक पटक सिकेर जीवनभर रहदैन। समय र परिस्थिति बमोजिम सिकाइमा निरन्तरता आवश्यक छ। विभिन्न क्षेत्रमा ज्ञान, सीप र प्रविधि हासिल गर्नुपर्ने आवश्यकता अझ बढेर गएको छ। प्रत्येक व्यक्तिमा रुची, क्षमता र आवश्यकता बमोजिम समयानुकूल ज्ञान, सीप र प्रविधिको विकास गर्नु आवश्यक छ।

नेपाल सरकारको साक्षर नेपाल अभियान अन्तर्गत चितवन जिल्लाको तत्कालीन फूलबारी गाउँ विकास समिति मिति २०६९/०६/०८ मा साक्षर गा.वि.स. घोषणा भै नेपाल राष्ट्र कै पहिलो साक्षर गा.वि.स. बन्न सफल भएको थियो। तत्कालीन फूलबारी गा.वि.स. हाल भरतपुर महानगरपालिकामा समावेश भैसकेको छ। हाल भरतपुर महानगरपालिकामा समावेश भएका तत्कालीन चितवन जिल्लाका गा.वि.स. हरू र तत्कालीन भरतपुर नगरपालिका समेत साक्षर गा.वि.स. र साक्षर नगरपालिका घोषणा भैसकेका छन्।

भरतपुर महानगरपालिकाले यो योजना अवधिमा प्रौढ साक्षरता ९९ प्रतिशत र युवा साक्षरता १०० प्रतिशत पुर्याउने लक्ष्य लिएको छ। यस कार्यक्रमको सफलताका लागि सामुदायिक सिकाइ केन्द्रहरूलाई वडा कार्यालयहरू अन्तर्गत काम गरी साक्षरता शिक्षा, आयआर्जन कार्यक्रम र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। त्यसैगरी निरन्तर शिक्षालाई सीप विकाससँग जोड्न आवश्यक पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। यस कार्यका लागि संघ र प्रदेशसँग समेत समन्वय गरिनेछ।

**समस्या तथा चुनौतीहरू**

**समस्याहरू**

- नवीनतम मान्यताअनुसार कार्यमूलक साक्षरताको अवधारणा कार्यान्वयन हुन नसक्नु,
- अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूसँग प्रभावकारी रूपमा समन्वय हुन नसक्नु,
- नीतिगत एवम् संस्थागत संरचना एवम् साधन स्रोतको अभावमा आधारभूत साक्षरता र जीवनपर्यन्त सिकाइका अवसरहरू उपलब्ध गराउन नसक्नु,
- बेरोजगार युवाहरूको वास्तविक तथ्याङ्कका अभावमा शिक्षालाई सीपसँग जोड्ने कार्यक्रम तर्जुमा गर्न नसक्नु,

## चुनौतीहरू

- साक्षर महानगरपालिका घोषणा भएपछि बाँकी रहेका निरक्षर र बसाइसराइका कारण निरन्तर थप हुने निरक्षर व्यक्तिहरूका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्न सकिएको छैन
- साक्षरता अभियान सञ्चालन गर्ने, आर्थिक रूपले पछाडि परेका समुदायमा आय आर्जन गर्न र निरन्तर शिक्षाको कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रभावकारी रूपमा परिचालन गर्न सकिएको छैन

## लक्ष्य

अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गरी समावेशी तथा समतामूलक समाजको निर्माण गर्नु ।

## उद्देश्य

भरतपुर महानगरपालिकाको अनौपचारिक तथा निरन्तर शिक्षाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

क) नियमित शिक्षाको अवसरबाट बञ्चित समूह, लक्षित वर्ग एवं व्यक्तिलाई अनौपचारिक शिक्षाका कार्यक्रम साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा जीवन पर्यन्त शिक्षाका माध्यमबाट सामाजिक तथा आर्थिक रूपमा सशक्तीकरण गराई जीवनयापन सहज र गुणस्तरीय बनाउनु,

ख) औपचारिक शिक्षासँग तादात्म्यता कायम राखी महानगरपालिकालाई साक्षर महानगरपालिका कायम राख्नु,

ग) महानगरपालिका भित्र सञ्चालित पुस्तकालय तथा वाचनालयहरूको क्षमता वृद्धि गरी पठन संस्कृतिको विकास गर्न, र

घ) सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास गरी निरन्तर शिक्षा र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने ।

## रणनीति तथा कार्यनीतिहरू

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्न अनुसार रणनीति र कार्यनीतिहरू अवलम्बन गरी कार्यान्वयनमा सफलता प्राप्त गरिनेछ :-

१. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने

   क) महानगरपालिका भित्र रहेका किसान, मजदुर तथा अन्य समूहका व्यक्तिमा भएका ज्ञान र सीपलाई अद्यावधिक गरी सरकारी तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रममा उनीहरूलाई परिचालन गरिनेछ ।

ख) जनचेतना र निरन्तर शिक्षाका कार्यक्रमहरू रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन, भर्चुअल कार्यक्रम सञ्चालन गरिनेछ र त्यसका लागि आवश्यक सामग्री उत्पादन र प्रसारण गर्न सञ्चार माध्यमहरूसँग सहकार्य गरिनेछ।

ग) साक्षरता शिक्षा साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त शिक्षा सञ्चालनमा सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

घ) अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२. सामुदायिक सूचना केन्द्रको सुदृढीकरण गर्ने।

क) सामुदायिक सिकाइ केन्द्रलाई समुदायको सूचना स्रोतको रूपमा विकास गरी वडाका तथ्याङ्क स्रोतका रूपमा विकास गरी निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा आवश्यकता अनुसार साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

ख) एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन गरी समुदायको आवश्यकताअनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्र समेतको कार्य गर्न सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरिनेछ।

**प्रमुख कार्यक्रमहरू**

| कार्यक्रमहरू | कार्य जिम्मेवारी | | |
|---|---|---|---|
| | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| ज्ञान र सीपको अद्यावधिकीकरण तथा प्रमाणीकरण | √ | √ | |
| जनचेतना र निरन्तर शिक्षाका कार्यक्रम विकास, उत्पादन तथा प्रसारण | √ | | √ |
| साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, जीवनपर्यन्त शिक्षा तथा लक्षित वर्गको आयआर्जनसम्बन्धी कार्यक्रम सञ्चालन | √ | | √ |
| एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन | √ | √ | √ |
| सेवाक्षेत्रभित्रको साक्षरता सम्बन्धी तथ्याङ्क व्यवस्थापन | √ | | √ |
| सामुदायिक पुस्तकालय (elibrary समेत) सञ्चालन | √ | √ | |
| अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन | | | √ |

**अपेक्षित उपलब्धीहरू**

१) भरतपुर महानगरपालिका साक्षर महानगरपालिका कायम रहने,

२) अनौपचारिक शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तर अध्यावधिक भएको हुने,
३) निरन्तर सिकाइका विभिन्न कार्यक्रमहरू नियमित सञ्चालन भएको हुने,
४) सामुदायिक सिकाइ केन्द्रको पुनर्संरचना भै आ-आफ्नो सेवा क्षेत्रमा अनौपचारिक शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी सम्बन्धी सूचना र युवा तथा प्रौढहरूको आजीवन सिकाइको स्रोत केन्द्रका रूपमा विकास हुने, र
५) आयआर्जनका कार्यक्रमहरूबाट लक्षित समूह लाभान्वित भएको हुने ।
६) अनौपचारिक तथा बैकल्पिक शिक्षाका माध्यमबाट हासिल ज्ञान तथा सीप परीक्षण तथा प्रमाणीकरण भइ औपचारिक शिक्षामा निरन्तरता भएको हुने ।

## ३.९ समावेशी शिक्षा

समावेशी भन्नाले समावेश गर्नु, सामेल गर्नु, सहभागी गराउने भन्ने अर्थवोध हुन्छ । शिक्षा भन्नाले कुनै विषयमा दिइने वा लिइने औपचारिक जानकारीलाई बुझिन्छ । समावेशी शिक्षा विशेष गरी शिक्षाको मूल प्रवाहबाट बाहिर रहेका वा बन्चितीकरणमा परेका वा पारिएका बालबालिका तथा प्रौढहरू समेतलाई शिक्षाको पहुँचमा ल्याउने वा मूल प्रवाहमा समाहित गर्ने प्रक्रियालाई बुझाउँछ । शिक्षालाई सामाजिक आर्थिक रुपान्तरणको मूल विषय क्षेत्र हो भन्ने मान्यता राखिएको छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने र मातृ भाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । समावेशी शिक्षा भन्नाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, जातजाति लगायत शिक्षाबाट बञ्चितीकरणमा परेका वर्गलाई उनीहरूको आवश्यकता र चाहना अनुसारको शिक्षा प्रदान गरी गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाई शिक्षाको माध्यमबाट  राज्यको मूल प्रवाहमा समाहित गर्ने शिक्षणको आधुनिक विधि नै समावेशी शिक्षा हो । प्रत्येक बालबालिकाको शैक्षिक अधिकारको प्राप्तिका लागि समतामूलक पहुँच भएको शिक्षा जसले सबै प्रकारका बालबालिकाले सिक्न सक्छन भन्ने मान्यता राख्दछ । सबै बालबालिकाले एउटै प्रक्रियाबाट उही कुरा उही समयमा सिक्न सक्दैन । यसर्थ, अपाङ्गता भएका, कार्यगत सीमितता तथा सिकाइमा कठिनाई भएका लगायत सबै बालबालिकाको पूर्ण सहभागिताको सुनिश्चितता गर्ने शिक्षा नै समावेशी शिक्षा हो । समावेशी शिक्षालाई बालबालिकामा भएको विविधताको सम्मान गर्दै विविधतालाई सम्बोधन हुने गरी प्रदान गरिने शिक्षाको रूपमा लिने गरिन्छ । समावेशी शिक्षाले सबै सिकारुको सक्रिय सहभागिताको लागि उपयुक्त वातावरण सिर्जना गर्दै उनीहरूको विविध क्षमता र चाहनाको समेत सम्बोधन गर्ने प्रयास गर्दछ । यसको बाबजूद समावेशी शिक्षाले सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न सहयोग गर्ने तथा सबै बालबालिकामा रहेको विविधताको सम्मान गरी बालमैत्री शिक्षण सिकाइ बाताबरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा मद्दत गर्नेछ ।

**समस्या तथा चुनौतीहरू**

**समस्याहरू**

- विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु,
- सिकाइ क्रियाकलापलाई सिकारुको चाहना, सिकाइ शैली र वैयक्तिक आवश्यकताअनुसार बनाउन नसक्नु,

- पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सह तथा अतिरिक्त क्रियाकलापमा समावेशी पहुँच सुनिश्चित गर्न नसक्नु,
- सुरक्षित एवम् समावेशी पहुँच सहितको शैक्षिक वातावरणमा सबै प्रकारका बालबालिकाले शिक्षण सिकाइ क्रियाकलापमा समान सहभागिताको सुनिश्चितता गर्न नसक्नु,

**चुनौतीहरू**

- समुदाय तथा सरोकारवालाहरूमा समावेशी शिक्षा सम्बन्धमा समान बुझाइ विकास गर्नु,
- पहुँचयुक्त संरचना तथा सिकाइ वातावरणको सुनिश्चितताका लागि शिक्षामा लगानी वृद्धि गर्नु,

**लक्ष्य**

- गुणस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

**उद्देश्य**

क) विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा पहुँमा समतामूलक सुनिश्चित गर्नु,

ख) आर्थिक सामाजिक रूपले विपन्न, सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्नु,

**रणनीति तथा कार्यनीतिहरू**

१. अपाङ्गता तथा समावेशिता र समावेशी शिक्षाको कार्यान्वयनका लागि नीतिगत तथा कार्यक्रमगत सुधार गर्ने,

क) समावेशी शिक्षासम्बन्धी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

ख) विद्यमान शिक्षा ऐन तथा नियमावलीमा समावेशी शिक्षा सम्बन्धी नीतिगत प्रावधान समावेश गरी अद्यावधिक गरिनेछ ।

ग) लोपोन्मुख, अति सीमान्तकृत, अति विपन्न समूहका,जोखिममा रहेका र अपाङ्गता र कार्यगत सीमितता भएका बालबालिकालाई सवै तहको शिक्षामा समान अवसर सुनिश्चित गर्न छात्रवृत्तिको प्रबन्ध गरिनेछ ।

घ) अपाङ्गता भएका एवम् कार्यगत सीमितता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न पहुँचयुक्तता सहितका न्यूनतम मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. अपाङ्गता भएका, विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्ने,

क) बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्दा उनीहरुको सिकाइ सीमितता पहिचान गर्न उनीहरूको शारीरिक, मानसिक, ईन्द्रियजन्य र बौद्धिक सक्षमताको लेखाजोखा गरिनेछ ।

ख) जटिल प्रकारका अपाङ्गता भएका कारण निरन्तर विद्यालयमा उपस्थित हुन कठिनाई भएका बालबालिकाहरूका लागि घरमा आधारित सिकाइको व्यवस्था गरिनेछ ।

ग) सबै बालबालिकाहरूको आवश्यकतासम्बोधन गर्न सिकाइको विश्वव्यापी ढाँचाअनुसार बहुविधि, बहुसामग्री सहितको शिक्षण पद्दतीको विकास र प्रयोग गरिनेछ।

घ) समुदायमा रहेका विभिन्न सामुदायिक सञ्जाल युथ क्लव बालक्लव महिला समूह लगायतका सञ्जालहरू विकास गरी सामाजिक समानता सामाजिक न्याय लैङ्गिक विभेद, अपाङ्गता भएका प्रति गरिने विभेद जस्ता विषयक्षेत्रमा सचेतना अभिवृद्धि गरिनेछ।

**प्रमुख कार्यक्रमहरू**

| क्र.सं. | कार्यक्रमहरू | कार्य जिम्मेवारी | | |
|---|---|---|---|---|
| | | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| १ | समावेशी शिक्षासम्बन्धी रणनीतिक योजना तर्जुमा | √ | | √ |
| २ | समावेशी शिक्षा सम्बन्धी नीति तथा कानुन परिमार्जन | √ | | |
| ३ | लोपोन्मुख, अति सीमान्तकृत, अति विपन्न समूहका,जोखिममा रहेका र अपाङ्गता र कार्यगत सीमितता भएका बालबालिका लक्षित छात्रवृत्ति | √ | √ | √ |
| ४ | पहुँचयुक्तता सहितका न्यूनतम मापदण्ड विकास तथा कार्यान्वयन | √ | | √ |
| ५ | सिकाइ सीमितता पहिचान गर्न बालबालिकाको शारीरिक, मानसिक, ईन्द्रियजन्य र बौद्धिक सक्षमताको लेखाजोखा (Screening) | √ | | √ |
| ६ | घरमा आधारित सिकाइ सहयोग | √ | | √ |
| ७ | सिकाइको विश्वव्यापी ढाँचाअनुसार बहुविधि बहुसामग्री सहितको , शिक्षण पद्दतीको विकास तथा कार्यान्वयन | √ | √ | √ |
| ८ | सामुदायिक सञ्जाल, युथ क्लव बालक्लव महिला समूह लगायतका सञ्जालहरूमार्फत अभिभावक शिक्षा तथा सचेतना अभिवृद्धि | √ | | √ |

## ३.१० गुणस्तरीय शिक्षा

गुणस्तर आफैमा एक सापेक्षित शब्द हो, जुन स्थान समय र परिवेश अनुसार स्वत फरक फरक हुने गर्दछ। कुनै एक स्थान, समय र परिवेशमा गुणस्तरीय मानिएको कुनै वस्तु वा सेवा अर्को स्थान,समय र परिवेशमा गुणस्तरीय नहुन पनि सक्दछ। सामान्यतया कुनै वस्तु वा सेवामा भएको राम्रोपन र राम्रोपनको स्तर नै गुणस्तर हो। त्यसैगरी कुनै पनि वस्तु, पदार्थ, सामग्री वा जनशक्तिको गुणस्तर भन्नाले राम्रो भन्ने बुझिन्छ। राम्रोको वस्तुनिष्ठ मापन गर्न सहज हुदैन। गुणस्तर तुलनात्मक अर्थात् सापेक्षित हुन्छ। गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षक, सिकाइ सामग्री र वातावरण गुणस्तरीय हुनु पर्दछ। गुणस्तरीय शिक्षक तालिम प्राप्त, दक्ष, योग्य र उत्प्रेरित हुनुपर्दछ। सिकाइ सामग्री जस्तै पाठ्यक्रम,

पाठ्यपुस्तक, मूल्याङ्कन, शिक्षण र शिक्षण सामग्री र संसाधनहरू, प्रभावशाली शिक्षण लगायत गुणस्तरीय हुनुपर्छ । साथै सुरक्षित र समावेशी शिक्षा, वातावरण, सुरक्षित भौतिक संरचना र स्थानहरू गुणस्तरीय शिक्षाको अर्को महत्त्वपूर्ण आधार हो । गुणस्तरीय शिक्षाबाट गुणस्तरीय जनशक्ति प्राप्त हुन्छ । हाम्रो सन्दर्भमा परीक्षामा राम्रो अङ्क ल्याउनुलाई गुणस्तरीय शिक्षाको पहिचान मान्ने चलन छ । परम्परागत ज्ञान तथा कौशलमा आधारित सिकाइ पद्धतिमार्फत जीवनसँग जोडेर दिइने शिक्षालाई पनि गुणस्तरीय शिक्षाको रूपमा लिइने गरेको पनि पाइन्छ । हालैका दिनमा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित (STEAM)का विषयवस्तु समावेश भएको पाठ्यक्रममा आधारित शिक्षालाई गुणस्तरीय शिक्षा प्रवर्धन गर्ने विधिका रूपमा समेत लिन थालिएको छ ।

**समस्या तथा चुनौतीहरू**

**समस्याहरू**

- विद्यालयका शिक्षकको तयारी, योग्यता, नियुक्ति, विकास, प्रोत्साहन र क्षमता विकासलाई समयसापेक्ष बनाई जवाफदेही बनाउन नसक्नु,
- सिकाइ क्रियाकलापलाई सिकारुको चाहना, सिकाइ शैली र वैयक्तिक आवश्यकताअनुसार बनाउन नसक्नु,
- अनुगमन तथा मूल्याङ्कन, कार्यमूलक अनुसन्धान जस्ता पक्षलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा विकास गर्न नसक्नु,
- पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सह तथा अतिरिक्त क्रियाकलापमा समावेशी पहुँच सुनिश्चित गर्न नसक्नु,

**चुनौतीहरू**

- गुणस्तर सुनिश्चितता, प्रमाणीकरण तथा शैक्षिक गुणस्तर परीक्षण कार्यलाई व्यापक र व्यवस्थित बनाउनु,
- स्तरयुक्त पाठ्यक्रम र पाठ्यसामग्रीको विकास गरी विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित (STEAM) विषयलाई पाठ्यक्रममा समावेस गर्नु,
- शैक्षिक व्यवस्थापन र नेतृत्व, सेवा प्रवाहको प्रक्रिया र सङ्गठनात्मक संरचना तथा जनशक्ति व्यवस्थापन गर्नु,
- गुणस्तर सुधारका लागि आवश्यक स्रोतको सुनिश्चितताका लागि शिक्षामा लगानी वृद्धि गर्नु,

**लक्ष्य**

- विद्यालय तहको शिक्षाको गुणस्तरमा सुधार गर्ने ।

**उद्देश्य**

क) गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि दक्ष शिक्षक, स्तरयुक्त सिकाइ सामग्री र सुरक्षित सिकाइ वातावरण तयार गर्नु ।

ख) खोज तथा अनुसन्धानमा आधारित सिकाइ प्रक्रिया अवलम्बन गर्नु ।

ग) शिक्षकलाई बालबालिकाको सिकाइ उपलब्धि प्रति जवाफदेही बनाउन नतिजामा आधारित अनुगमन, सुपरीवेक्षण तथा सहजीकरण गर्नु ।

**रणनीति तथा कार्यनीतिहरू**

१. गुणस्तरीय शिक्षण सिकाइका लागि शिक्षकको दक्षता अभिवृद्धि गर्ने ।

क) सेवा प्रवेश तालिम, मागमा आधारित तथा पुनर्ताजगी तालिम, प्रविधिमा आधारित शिक्षक तालिम सञ्चालन गरिनेछ ।

ख) शिक्षकहरूलाई आवश्यकताअनुसार कोचिङ्ग तथा मेन्टोरिङ्ग विधिबाट कार्यथलोमा वा सिकाइ समूहमा आधारित भई विषय समिति र स्वयम्सेवी विज्ञ समूहमार्फत पेशागत सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

२. गुणस्तरीय सिकाइ वातावरणका लागि आवश्यक सिकाइ सामग्री, कक्षा व्यवस्थापन तथा सिकाइ सहयोगमा जोड दिने ।

क) परम्परागत ज्ञान तथा कौशलको विश्लेषण गरी आधुनिक शिक्षण सिकाइ प्रक्रियामा प्रयोगमा ल्याइनेछ ।

ख) कक्षाकोठा र पाठ्यपुस्तकको दायराभन्दा बाहिरको सिकाइलाई समेत प्रयोगमा ल्याउन प्रोत्साहन गरिनेछ ।

ग) बालबालिकाको सिकाइका लागि विषयगत सिकाइ कुना तथा विषयगत प्रयोगशालाको व्यवस्थापन तथा प्रयोग गराइनेछ ।

घ) बालबालिकाको सिकाइ प्रक्रियालाई सुक्ष्मरूपमा विश्लेषण गरी आवश्यक सुधार गर्न कार्यमूलक अनुसन्धानलाई अभ्यासमा ल्याइनेछ ।

प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | कार्य जिम्मेवारी | | |
|---|---|---|---|---|
| | | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| १ | सेवा प्रवेश तालिममागमा आधारित तथा , प्रविधिमा आधारित शिक्षक ,पुनर्ताजगी तालिम तालिमसञ्चालन | √ | √ | √ |
| २ | विषय समिति र स्वयम्सेवी विज्ञ समूहमार्फत पेशागत सहयोग | √ | | √ |
| ३ | विषयगत सिकाइ कुना तथा विषयगत प्रयोगशालाको व्यवस्थापन | √ | √ | √ |
| ४ | कार्यमूलक अनुसन्धान तथा सहयोग | √ | √ | √ |
| ५ | पुस्तकालय ICT प्रयोगशालाको निर्माण | √ | √ | √ |
| ६ | शैक्षिक खोज तथा अनुसन्धान | √ | √ | √ |

## ३.११ शिक्षामा सूचना प्रविधिको प्रयोग

सामान्यतया शिक्षामा सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology- ICT) भन्नाले कक्षा कोठामा कम्प्युटर र इन्टरनेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेवमा आधारित शिक्षण सिकाइ सामग्रीको प्रयोग भन्ने अर्थ लाग्दछ। सूचना र सञ्चार प्रविधिको प्रयोगले सिक्ने र सिकाउने शैलीमा परिवर्तन र सहजीकरण गर्नुका साथै देश विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुऱ्याउँछ। सूचना तथा सञ्चारका क्षेत्रमा सन् २००० पछि विश्वमा तीव्र गतिमा भएको प्रगतिले गर्दा शिक्षण सिकाइको शैलीमा मात्र नभएर सर्वसाधारण नागरिकको जीवन शैलीमा समेत आमूल परिवर्तन आएको छ। इन्टरनेट सेवाको पहुँच र गुणस्तरमा वृद्धि भएसँगै रेडियो टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरू अनलाइन सिकाइ सामग्रीमा रूपान्तरण भएका छन् भने आमनेसामने पद्धतिका कक्षाहरू भर्चुवल कक्षामा रूपान्तरण भएका छन्। सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्नका लागि सूचना तथा सञ्चार प्रविधिसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने छ। यसले शिक्षा प्रणालीलाई मजबुत बनाउन, ज्ञान वितरणमा सुधार ल्याउन, गुणस्तरीय शिक्षामा पहुँच बढाउन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको विशेष महत्त्व छ। पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीका असीमित स्रोत इन्टरनेटमा उपलब्ध हुन्छन्। ताररहित र तारसहितको इन्टरनेट सेवाको तीव्र गतिमा भएको वृद्धि र गाउँगाउँसम्म यो सेवाको पहुँच, खुला शैक्षिक स्रोतको द्रुत गतिमा भएको विकास र विस्तारले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सुवर्ण अवसर सिर्जना भएको छ। कोभिड-१९ ले शिक्षा जगत तथा मानव जीवनमा नकारात्मक प्रभाव पारेको भए तापनि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि गर्ने सम्बन्धमा यो एक वर्षको अवधि स्वर्ण अवसर सावित भएको छ।

**समस्या र चुनौतीहरू**

**समस्याहरू**

- शिक्षकहरूको ठूलो हिस्सा प्रविधिमा अभ्यस्त नभएकोले सिकाइलाई प्रविधिमैत्री बनाउन कठिनाइ हुनु,
- इन्टरनेट प्रयोगका सकारात्मक प्रभाव तथा सम्भावित जोखिमको विश्लेषण गरी सिकाइ प्रक्रियामा प्रयोग गर्ने ज्ञान तथा सीपको कमी हुनु,
- सबै शिक्षकहरूलाई सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्न नसक्नु।

**चुनौतीहरू**

- कक्षा कोठामा विषय र माध्यमका रूपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरूमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु,
- आइसिटी प्रयोगशाला एवम् आवश्यक पूर्वाधारको विकासका लागि आवश्यक आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापन गर्नु,

**लक्ष्य**

विद्यालय तहमा सूचना प्रविधिको पहुँच एवम् प्रयोगलाई विस्तार गर्ने ।

**उद्देश्य**

- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गर्नु

**रणनीति तथा कार्यनीतिहरू**

१. सूचना तथा सञ्चार प्रविधिको माध्यम र साधनको पहुँचमा वृद्धि गर्ने ।

क) शैक्षिक संस्थाहरूमा नि:शुल्क रूपमा उच्च गतिको इन्टरनेट सेवा विस्तारको लागि सहजीकरण गरिनेछ ।

ख) स्थानीयस्तरमा अनलाइनमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी विद्यालयहरूको शैक्षिक तथ्याङ्कलाई व्यवस्थापन गरिनेछ ।

ग) अनलाइन तथा वैकल्पिक प्रविधिका साधनहरूलाई शिक्षण सिकाइमा परिपुरकको रूपमा प्रयोग गरी सिकाइ अवसर वृद्धि गरिनेछ ।

२. संस्थागत क्षमताको सुदृढीकरण गर्ने ।

क) विद्यालयहरूमा विद्यार्थी सङ्ख्याका आधारमा कम्प्युटर, एलसिडी प्रोजेक्टर, टेलिभिजन, डिजिटल ह्वाइट, बोर्डसहितको आइसिटी प्रयोगशालाको स्थापना गरिने छ ।

ख) विद्यालयमा क्रमश: ई पुस्तकालयको व्यबस्था गरिने छ ।

ग) डिजिटल स्रोतसामग्री सहितको अनलाईन सिकाइ स्रोतकेन्द्र विकास गरी महानगरपालिकाभित्रका सबै विद्यालयहरूको पहुँच सुनिश्चित गरिनेछ ।

३. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गर्ने ।

क) अभिभावकका लागि सूचना तथा सञ्चार प्रविधि साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) शिक्षकहरूका लागि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

ग) महानगरपालिकाभित्र कार्यरत जनशक्तिलाई अनलाइनमा आधारित पेशागत विकासका कोर्सहरूमा सहभागी हुन अभिप्रेरित गरिनेछ ।

४. सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास गर्ने ।

क) शिक्षण सिकाइ क्रियाकलापमा डिजिटल सामग्रीको प्रयोग गरी सिकाइलाई दिगो एवम् सहभागितामूलक गराइनेछ ।

ख) विद्यालयहरूमा अनलाइनमा आधारित सामग्रीहरू प्रयोगका लागि सुरक्षित एवम् सहज वातावरण बनाइने छ ।

ग) महानगरपालिकामा डिजिटल प्रविधिमा आधारित सिकाइ पोर्टल विकास गरी प्रयोगमा ल्याइनेछ ।

घ) सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल साक्षरता सीप विकासका लागि उपयोगमा ल्याइनेछ ।

प्रमुख कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | कार्य जिम्मेवारी | | |
|---|---|---|---|---|
| | | महानगर | संघ र प्रदेशसँगको समन्वय | निजी क्षेत्र र गैससंसँगको सहकार्य |
| १ | शैक्षिक संस्थाहरूमा नि:शुल्क रूपमा उच्च गतिको इन्टरनेट सेवाको विस्तार | √ | √ | √ |
| २ | विद्यालयहरूमा ICT प्रयोगशालाको स्थापना | √ | √ | √ |
| ३ | वैकल्पिक शिक्षण सिकाइ लागि अनलाइन तथा अफलाइनमा आधारित सिकाइ सामग्रीको विकास | √ | √ | √ |
| ४ | सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्यरत शिक्षक, प्रशिक्षक प्रधानाध्यापक तथा कर्मचारीहरूको क्षमता विकास | √ | √ | √ |
| ६ | सिकाइ पोर्टल विकास र प्रयोग (एप्स समेत) | √ | √ | √ |
| ७ | विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रलाई समुदायको सिकाइ केन्द्रको रूपमा विकास | √ | √ | √ |
| ८ | अभिभावक केन्द्रित डिजिटल साक्षरता तथा कार्यमूलक साक्षरता केन्द्रित कार्यक्रमको निर्माण तथा सञ्चालन | √ | √ | √ |

प्रमुख नतिजा

- सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा सहितको ICT प्रयोगशालाको विस्तार भएको हुनेछ।
- शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको ICT सम्बन्धी क्षमता विकास भएको हुनेछ।
- शिक्षक तथा विद्यार्थीहरूका लागि वेवमा आधारित तथा डिजिटल शिक्षण सिकाइ पोर्टल सहितका स्रोत सामग्रीहरूको विकास भएको हुनेछ।
- सामुदायिक सिकाइ केन्द्रहरूबाट डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ।

# परिच्छेद ४: संस्थागत संरचना र क्षमता विकास

दीर्घकालीन शिक्षा योजना अनुसार महानगरपालिकाले कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ । यसका लागि महानगरको संस्थागत सुधार तथा क्षमता विकास गर्नुपर्छ । यस योजनाको परिकल्पना, दूरदृष्टि, दीर्घकालिन लक्ष्य, उद्देश्यअनुसारको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ तथा विद्यालयमा कार्यरत जनशक्ति एवम् महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखामा उपलब्ध जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास गर्नु आवश्यक छ । यसका लागि देहायका रणनीति तथा कार्यनीतिहरू कार्यान्वयनमा ल्याइने छ ।

## ४.१ रणनीति तथा कार्यनीतिहरू

१. महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी परिवर्तित सन्दर्भ र दीर्घकालीन योजना अनुसार आवश्यक जनशक्ति योजना तयार गर्ने ।
   - क) महानगरमा कार्यरत जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
   - ख) योजना अनुसार आवश्यक जनशक्ति तथा स्रोत व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ ।
   - ग) महानगरपालिकाबाट आफ्नै स्रोतमा व्यवस्थापन गर्न सकिने पदहरू यकिन गरी निश्चित प्रक्रिया अवलम्बन गरी जनशक्ति आपूर्ति गरिनेछ ।
   - घ) जनशक्तिको व्यवस्थापन गर्दा शिक्षाका विशिष्ट कार्यहरू जस्तैः स्थानीय पाठ्यक्रम विकास, परीक्षा तथा मूल्याङ्कन, अनौपचारिक तथा वैकल्पिक शिक्षा र विद्यालय सुपरेक्षण तथा शैक्षिक परामर्श सेवा प्रदान गर्न सक्ने विज्ञहरूको पद सुनिश्चित गर्ने ।

२. नक्साङ्कनका आधारमा विद्यालय तथा शिक्षक/कर्मचारी दरबन्दी वितरणलाई पुनरावलोकन गरी विद्यालय समायोजन, दरबन्दी मिलान तथा थप दरबन्दी सिर्जना गरी संरचना तथा स्रोतको व्यवस्थापन गर्ने ।
   - क) तोकिएका मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरिनेछ ।
   - ख) विद्यार्थी सङ्ख्या, भौगोलिकता, कक्षा तथा विषयका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।
   - ग) शिक्षक तथा कर्मचारीको दरबन्दी तथा स्रोत व्यवस्थापनका लागि आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ ।

३. प्रत्येक वडा कार्यालयलाई विद्यालय शिक्षा, अनौपचारिक शिक्षा तथा सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि जिम्मेवार बनाउने ।
   - क) वडा शिक्षा समिति गठन गरी क्षमता विकास गरिनेछ ।
   - ख) वडा शिक्षा समितिलाई विद्यालय बाहिरका बालबालिका पहिचान गर्ने, विद्यालय भर्ना अभियान सञ्चालन गर्ने, अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने तथा सामुदायिक सिकाइ केन्द्रलाई सहजीकरण गर्ने कार्यमा जिम्मेवार बनाइनेछ ।
   - ग) अपाङ्गता भएका वा अन्य कारणले विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित भएको घोषणा गर्ने विद्यालय तथा वडालाई तोकिएका आधारमा सम्मान र प्रोत्साहन गरिनेछ ।

घ) वडा शिक्षा समितिको समन्वय र सहजीकरणमा अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४. महानगरपालिकामा शिक्षा व्यवस्थापनमा प्राविधिक सहयोग प्रदान गर्न सक्ने विज्ञहरूको समूह गठन गरी परिचालन गर्ने ।

क) शिक्षा क्षेत्रमा विशेष योगदान दिएका दक्ष, अनुभवी र निवृत्त विज्ञहरूको स्वयम्सेवी समूह गठन गरी विद्यालय शिक्षाको समग्र सुधारका लागि परिचालन गरिनेछ ।

ख) शिक्षकहरूलाई कार्यथलोमा आधारित पेशागत सहयोग, कोचिङ्ग तथा मेन्टोरिङ्ग सहयोग प्रदान गर्नका लागि विज्ञसमूहलाई परिचालन गरिनेछ ।

ग) विज्ञ समूहलाई समकालीन विषय तथा मुद्दाहरूमा अभिमुखीकरण गर्ने, अनुसन्धान कार्यमा सरिक गराउने तथा निरन्तर सिकाइ आदानप्रदान गर्ने व्यवस्था गरिनेछ ।

## ४.२ संस्थागत संरचना

क) नगर शिक्षा समिति

१. महानगरपालिकाको शिक्षा ऐन २०७५ को दफा ८ अनुसार गठित नगर शिक्षा समितिको सचिवालयको काम महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले गर्नेछ ।

२. समितिलाई अनिवार्य तथा निशुल्क शिक्षाको प्रबन्धलाई सुनिश्चित गर्ने, विद्यालयबाहिर रहेका बालबालिकाको तथ्याङ्क व्यवस्थित गरी विद्यालय भर्नाका लागि योजना तयार गर्न लगाइ कार्यान्वयन गर्ने, गुणस्तर सुधारका लागि सञ्चालित विभिन्न योजना कार्यान्वयनको अनुगमन गर्ने, उपलब्ध स्रोतको न्यायोचित वितरण गर्ने, गुणस्तरीय शिक्षाका लागि विभिन्न सरोकारवालाहरू विच अन्तर्क्रिया गर्ने लगायतका क्रियाकलापहरू सञ्चालन गर्ने, विद्यालय वातावरणलाई भयमुक्त तथा स्वस्थ र सफा राख्ने लगायतका कार्यहरूका लागि जिम्मेवार बनाइनेछ ।


ख) शैक्षिक प्रशासन महाशाखा

१. महानगरपालिकामा एक शैक्षिक व्यवस्थापन महाशाखा रहने छ र यसको नेतृत्व शिक्षा प्रशासन तर्फको दशौँ/एघारौँ तहले गर्ने व्यवस्था गरिनेछ ।

२. महानगरपालिकालाई विभिन्न क्लष्टरमा विभाजन गरी समूहमा सूचना प्रवाह गर्ने तथा व्यवस्थापकीय कार्य सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

३. शैक्षिक प्रशासन महाशाखा अन्तरगत विद्यालय प्रशासन र शिक्षक व्यवस्थापन शाखा, परीक्षा तथा मूल्याङ्कन शाखा, योजना तथा अनुगमन शाखा, युवा तथा खेलकूद रहनेछन् । प्रत्येक शाखाको नेतृत्व कम्तीमा अधिकृतस्तर आठौँ/नवौँ तहको कर्मचारीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

## प्रस्तावित संरचना




ग) वडा शिक्षा समिति

१. महानगरपालिकाका प्रत्येक वडामा गठित वडा शिक्षा समितिलाई विद्यालय शिक्षाको योजना, तथ्याङ्क व्यवस्थापन, विद्यालयको व्यवस्थापन, गुणस्तर सुधार तथा निरीक्षणका लागि जिम्मेवार बनाइनेछ।
२. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रम तर्जुमा तथा व्यवस्थापनमा सहजीकरण गर्न वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।
३. वडास्तरीय विभिन्न सञ्जालहरूलाई प्रभावकारी परिचालन गरी अभिभावक शिक्षा, सचेतना अभिवृद्धि गर्ने कार्यमा वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

घ) विज्ञसमूह

१. महानगरपालिकाले स्थानीय तहमा उपलब्ध शिक्षा, व्यवस्थापन, परीक्षा र मूल्याङ्कन, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, शैक्षिक सुपरीवेक्षण तथा अनुगमन, अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता विषय क्षेत्रमा अनुभवी विज्ञहरूको एक रोष्टर तयार गरी कार्यान्वयनमा ल्याउनेछ।
२. महानगरपालिकाका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन कार्यमा आवश्यकताअनुसार विज्ञ समूह परिचालन गरी विज्ञताको उपयोग गरिनेछ।
३. आवधिक रूपमा विज्ञसमूहको सूची अद्यावधिक गरिनेछ।
४. विज्ञसमूहको काम, कर्तव्य र जिम्मेवारी महानगरपालिकाबाट तय गरिनेछ।
५. विज्ञसमूहको कार्यसम्पादनमा विकास साझेदार संस्था तथा पेशागत संस्थाहरूसँग आवश्यकता अनुसार सहकार्य गर्ने व्यवस्था मिलाइनेछ।

घ) सुपरिवेक्षण तथा सहयोगको प्रबन्ध

१. महानगरपालिकाको नगर शिक्षा समिति नै शिक्षा क्षेत्रको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रमुख अङ्गको रूपमा रहनेछ।
२. शैक्षिक प्रशासन महाशाखाको संयोजनमा वडा शिक्षा समितिका पदाधिकारी, विज्ञ समूहका प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाइ तथा साझेदार संघसंस्था समेतको आवश्यकताअनुसार प्रतिनिधित्व रहेको समूहबाट विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूको सुपरिवेक्षण, अनुगमन, पृष्ठपोषण तथा अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ।
३. महानगरपालिकाको शैक्षिक योजना तथा कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा आवश्यकताअनुसार विभिन्न उपसमिति वा कार्यसमूह गठन एवम् परिचालन गरिनेछ।
४. शैक्षिक प्रशासन महाशाखाका कर्मचारीहरूलाई नियमित सुपरिवेक्षणका लागि जिम्मेवार बनाइनेछ।

## ४.३ संस्थागत क्षमता विकास

१. महानगरपालिकाको कार्यालय, वडा कार्यालय तथा विद्यालयमा कार्यरत जनशक्तिको आवश्यकतामा आधारित सक्षमता विकासको योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. छोटो वा लामो अवधिका सक्षमता विकास कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
३. विभिन्न अनलाईनमा आधारित अध्ययन तथा तालिम कार्यक्रममा सहभागी भई सक्षमता विकास गर्न महानगरपालिकाका कर्मचारी तथा विद्यालयका शिक्षक र कर्मचारीलाई प्रोत्साहन गरिनेछ।
४. प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुखबीच, महाशाखा प्रमुख र शाखा प्रमुखबीच तथा महाशाखा प्रमुख र प्रधानाध्यापकबीच कार्यसम्पादन करार सम्झौता गरी पदाधिकारीहरूलाई जवाफदेही र उत्तरदायी बनाइनेछ।
५. जनशक्ति, स्रोत साधनको व्यवस्थापन तथा संस्थागत क्षमता विकासका लागि प्रदेश तथा संघीय सरकारसँग उचित समन्वय र सहकार्य गरिनेछ।
६. संस्थागत सक्षमता विकासका लागि विभिन्न संघसस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।

# परिच्छेद ५: लगानी र स्रोत व्यवस्थापन

महानगरपालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्र मुख्य आधारका रूपमा रहेको हुन्छ । शिक्षामा गरिने लगानीको प्रतिफल प्रत्यक्ष रूपमा तत्काल विश्लेषण गर्न कठिनाइ हुने भएता पनि यसबाट हुने प्रारम्भिक असरहरू आँकलन गर्न सकिन्छ । यसबाट दीर्घकालसम्म पर्ने असर र अन्य क्षेत्रहरूमा पार्ने सकारात्मक प्रभावहरू निकै महत्त्वपूर्ण हुन्छन् । महानगरपालिकाको दीगो आर्थिक विकास र समुन्नतिका लागि आवश्यक जनशक्तिको आपूर्ति, सरोकारवालाहरूको सशक्तीकरण र विकास प्रक्रियामा सक्रिय सहभागिता, दीगो विकासका लक्ष्यहरूको प्राप्तिमा सहजीकरण जस्ता पक्षहरूमा शिक्षा क्षेत्रले खेल्ने भूमिका अहम् रहन्छ । यसका लागि शिक्षा क्षेत्रमा गरिने लगानी प्रमुख कारकको रूपमा रहेको कुरा अन्तर्राष्ट्रिय स्तरमा नै स्थापित भैसकेको छ । विभिन्न मुलुकहरूले शिक्षा क्षेत्रमा उच्च प्राथमिकतासहित लगानी गर्दै आइरहेको र यसबाट मुलुकको आर्थिक विकास र समृद्धि उच्चतहमा पुगेका प्रशस्त उदाहरणहरू छन् ।

नेपालको संविधानले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन स्थानीय तहको कार्यक्षेत्रमा निर्धारण गरेको छ । साथै साझा अधिकारको सूचीमा प्रदेश तथा संघले खेल्नुपर्ने भूमिका उल्लेख गरिएकोले पनि यस क्षेत्रको महत्व पुष्टि हुन्छ । तर राष्ट्रिय बजेटमा शिक्षाको प्रतिशत लक्ष्य अनुसार विनियोजन हुन सकेको अवस्था छैन । स्थानीय तहमा सशर्त तथा समन्यायिक अनुदानको रूपमा वार्षिक रूपमा बजेट व्यवस्थापन हुँदै आएको भएतापनि स्रोत अपर्याप्त रहेको छ । यस अवस्थामा स्थानीय सरकारबाट शिक्षा क्षेत्रमा हुने लगानी महत्त्वपूर्ण हुने देखिन्छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि महानगरपालिकाले गर्ने लगानी अपेक्षित विकास लक्ष्य हासिल गर्न निर्णायक बन्न जान्छ । अन्तर्राष्ट्रिय सन्दर्भ केलाउँदा धेरै जसो विकासोन्मुख तथा विकासशील देशहरूले शिक्षा क्षेत्रमा कम्तीमा २० प्रतिशत लगानी गर्दै आएको देखिन्छ । नेपाल सरकारले समेत विभिन्न योजना तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा कम्तीमा २० प्रतिशत पुर्‍याउने प्रतिवद्धता जाहेर गरेतापनि करीब १० प्रतिशतको हाराहारीमा मात्र लगानी गर्दै आएको छ । यो लगानी मूलतः सबैका लागि गुणस्तरीय तथा समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्न अपुग रहँदै आएको छ । यस परिप्रेक्ष्यमा भरतपुर महानगरपालिकाले यो योजना कार्यान्वयनका लागि कम्तीमा पनि २० प्रतिशत बजेट लगानी गर्न आवश्यक देखिन्छ । यसका आधारहरू देहायअनुसार उल्लेख गर्न सकिन्छः

क) साक्षर महानगरको अवधारणालाई निरन्तरता दिई कार्यमूलक साक्षरता तथा आयआर्जनका कार्यक्रम सञ्चालन गर्न,

ख) गुणस्तरीय एवम् सर्वसुलभ बाल विकास, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, निशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्न, गुणस्तरीय शिक्षामा समतामूलक एवम् समावेशी पहुँच बढाउन, सुरक्षित तथा बालमैत्री शैक्षिक वातावरण तयार गर्न, तथा बालबालिकाको शैक्षिक उपलब्धि सुधार गर्न

ग) योजनाको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वडा शिक्षा समितिका पदाधिकारीको क्षमता विकास गर्न,

घ) बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता तथा सहयोगका लागि अभिभावक शिक्षा, सचेतना अभिवृद्धि तथा विद्यमान परम्परागत हानीकारक अभ्यास तथा विभेद न्यूनीकरणका लागि समुदायमा सचेतना अभिवृद्धि गर्न,

ङ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई वढावा दिन विद्यालयमा आधारित आइसिटी ल्याब लगायतका पूर्वाधार विकास तथा सूचना प्रविधिमा आधारित नवीनतम कार्यक्रमहरू सञ्चालन गर्न,

च) घुम्ती पुस्तकालय, घुम्ती शिक्षक, एक विद्यालय एक पुस्तकालय, विद्यालयमा एक विषय एक प्रयोगशाला, एक विद्यालय एक स्वास्थ्य परिचारिका, सिक्दै कमाउँदै कार्यक्रम, ल्यावस्कूलको अवधारणा जस्ता प्रवर्तनात्मक एवम् गुणात्मक कार्यक्रमहरू कार्यान्वयन गर्न,

## उपक्षेत्रगत लगानीको प्रक्षेपण

| उपक्षेत्र | पहिलो वर्ष (२०७९/८०) | दोस्रो वर्ष (२०८०/८१) | तेस्रो वर्ष (२०८१/८२) | चौथो वर्ष (२०८२/८३) | पाँचौ वर्ष (२०८३/८४) | छैटौँ वर्ष (२०८४/८५) | सातौँ वर्ष (२०८५/८६) | आठौँ वर्ष (२०८६/८७) | नवौँ वर्ष (२०८७/८८) | दशौँ वर्ष (२०८८/८९) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक वालविकास | ३५८२६ | ३९४०९ | ४३३५० | ४७६८५ | ५२४५३ | ५७६९८ | ६३४६८ | ६९८१५ | ७६७९६ | ८४४७६ | ५७०९७६ |
| आधारभूत शिक्षा | ५१७६० | ५६९३६ | ६२६२९ | ६८८९२ | ७५७८२ | ८३३६० | ९१६९६ | १००८६५ | ११०९५२ | १२२०४७ | ८२४९२० |
| माध्यमिक शिक्षा | १४१७० | १५५८७ | १७१४६ | १८८६० | २०७४६ | २२८२१ | २५१०३ | २७६१३ | ३०३७५ | ३३४१२ | २२५८३३ |
| प्राविधिक शिक्षा | २४७८० | २७२५८ | २९९८४ | ३२९८२ | ३६२८० | ३९९०८ | ४३८९९ | ४८२८९ | ५३११८ | ५८४३० | ३९४९२९ |
| पाठ्यक्रम र पाठ्यसामग्री | २८८७० | ३१७५७ | ३४९३३ | ३८४२६ | ४२२६९ | ४६४९५ | ५११४५ | ५६२५९ | ६१८८५ | ६८०७४ | ४६०११३ |
| शिक्षक व्यवस्थापन र विकास | ८०२०७३ | ८८२२८० | ९७०५०८ | १०६७५५९ | ११७४३१५ | १२९१७४७ | १४२०९२१ | १५६३०१३ | १७१९३१५ | १८९१२४६ | १२७८२९७८ |
| विद्यालय व्यवस्थापन तथा सुशासन | ५९७८१ | ६५७५९ | ७२३३५ | ७९५६९ | ८७५२५ | ९६२७८ | १०५९०६ | ११६४९६ | १२८१४६ | १४०९६० | ९५२७५५ |
| अनौपचारिक तथा वैकल्पिक शिक्षा | ९४७५ | १०४२३ | ११४६५ | १२६११ | १३८७२ | १५२६० | १६७८६ | १८४६४ | २०३११ | २२३४२ | १५१००७ |
| समावेशी तथा गुणस्तरीय शिक्षा | ४११०९ | ४५२२० | ४९७४२ | ५४७१६ | ६०१८८ | ६६२०६ | ७२८२७ | ८०११० | ८८१२१ | ९६९३३ | ६५५१७२ |
| शिक्षामा सूचना प्रविधिको प्रयोग | २२५८० | २४८३८ | २७३२२ | ३००५४ | ३३०५९ | ३६३६५ | ४०००२ | ४४००२ | ४८४०२ | ५३२४२ | ३५९८६७ |
| जम्मा | १०९०४२४ | ११९९४६६ | १३१९४१३ | १४५१३५४ | १५९६४९० | १७५६१३९ | १९३१७५३ | २१२४९२८ | २३३७४२१ | २५७११६३ | १७३७८५५० |

## संघीय सरकारबाट हुने लगानीको प्रक्षेपण

| उपक्षेत्र | पहिलो वर्ष (२०७९/८०) | दोस्रो वर्ष (२०८०/८१) | तेस्रो वर्ष (२०८१/८२) | चौथो वर्ष (२०८२/८३) | पाँचौ वर्ष (२०८३/८४) | छैटौँ वर्ष (२०८४/८५) | सातौँ वर्ष (२०८५/८६) | आठौँ वर्ष (२०८६/८७) | नवौँ वर्ष (२०८७/८८) | दशौँ वर्ष (२०८८/८९) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक वालविकास | १७१२६ | १८८३९ | २०७२३ | २२७९५ | २५०७४ | २७५८२ | ३०३४० | ३३३७४ | ३६७११ | ४०३८२ | २७२९४६ |
| आधारभूत शिक्षा | ४९१६० | ५४०७६ | ५९४८३ | ६५४३२ | ७१९७५ | ७९१७३ | ८७०९० | ९५७९९ | १०५३७९ | ११५९१६ | ७८३४८२ |
| माध्यमिक शिक्षा | १२३७० | १३६०७ | १४९६८ | १६४६४ | १८१११ | १९९२२ | २१९१४ | २४१०६ | २६५१६ | २९१६८ | १९७१४६ |
| प्राविधिक शिक्षा | १४४८० | १५९२८ | १७५२१ | १९२७३ | २१२०० | २३३२० | २५६५२ | २८२१७ | ३१०३९ | ३४१४३ | २३०७७४ |
| पाठ्यक्रम र पाठ्यसामग्री | २५६९० | २८२५९ | ३१०८५ | ३४१९३ | ३७६१३ | ४१३७४ | ४५५११ | ५००६३ | ५५०६९ | ६०५७६ | ४०९४३२ |
| शिक्षक व्यवस्थापन र विकास | ७७५७८३ | ८५३३६१ | ९३८६९७ | १०३२५६७ | ११३५८२४ | १२४९४०६ | १३७४३४७ | १५११७८२ | १६६२९६० | १८२९२५६ | १२३६३९८३ |
| विद्यालय व्यवस्थापन तथा सुशासन | १२८०० | १४०८० | १५४८८ | १७०३७ | १८७४० | २०६१५ | २२६७६ | २४९४४ | २७४३८ | ३०१८२ | २०३९९९ |
| अनौपचारिक तथा वैकल्पिक शिक्षा | ४७५२ | ५२२७ | ५७५० | ६३२५ | ६९५७ | ७६५३ | ८४१८ | ९२६० | १०१८६ | ११२०५ | ७५७३५ |
| समावेशी तथा गुणस्तरीय शिक्षा | २६०९४ | २८७०३ | ३१५७४ | ३४७३१ | ३८२०४ | ४२०२५ | ४६२२७ | ५०८५० | ५५९३५ | ६१५२८ | ४१५८७१ |
| शिक्षामा सूचना प्रविधिको प्रयोग | १४०५५ | १५४६१ | १७००७ | १८७०७ | २०५७८ | २२६३६ | २४८९९ | २७३८९ | ३०१२८ | ३३१४१ | २२४००१ |
| जम्मा | ९५२३१० | १०४७५४१ | ११५२२९५ | १२६७५२५ | १३९४२७७ | १५३३७०५ | १६८७०७५ | १८५५७८३ | २०४१३६१ | २२४५४९७ | १५१७७३६९ |

## महानगरपालिकाको आन्तरिक लगानीको प्रक्षेपण

| उपक्षेत्र | पहिलो वर्ष (२०७९/८०) | दोस्रो वर्ष (२०८०/८१) | तेस्रो वर्ष (२०८१/८२) | चौथो वर्ष (२०८२/८३) | पाँचौ वर्ष (२०८३/८४) | छैटौँ वर्ष (२०८४/८५) | सातौँ वर्ष (२०८५/८६) | आठौँ वर्ष (२०८६/८७) | नवौँ वर्ष (२०८७/८८) | दशौँ वर्ष (२०८८/८९) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक वालविकास | १८७०० | २०५७० | २२६२७ | २४८९० | २७३७९ | ३०११७ | ३३१२८ | ३६४४१ | ४००८५ | ४४०९४ | २९८०३० |
| आधारभूत शिक्षा | २६०० | २८६० | ३१४६ | ३४६१ | ३८०७ | ४१८७ | ४६०६ | ५०६७ | ५५७३ | ६१३१ | ४१४३७ |
| माध्यमिक शिक्षा | १८०० | १९८० | २१७८ | २३९६ | २६३५ | २८९९ | ३१८९ | ३५०८ | ३८५८ | ४२४४ | २८६८७ |
| प्राविधिक शिक्षा | १०३०० | ११३३० | १२४६३ | १३७०९ | १५०८० | १६५८८ | १८२४७ | २००७२ | २२०७९ | २४२८७ | १६४१५५ |
| पाठ्यक्रम र पाठ्यसामग्री | ३१८० | ३४९८ | ३८४८ | ४२३३ | ४६५६ | ५१२१ | ५६३४ | ६१९७ | ६८१७ | ७४९८ | ५०६८१ |
| शिक्षक व्यवस्थापन र विकास | २६२९० | २८९१९ | ३१८११ | ३४९९२ | ३८४९१ | ४२३४० | ४६५७४ | ५१२३२ | ५६३५५ | ६१९९० | ४१८९९५ |
| विद्यालय व्यवस्थापन तथा सुशासन | ४६९८१ | ५१६७९ | ५६८४७ | ६२५३२ | ६८७८५ | ७५६६३ | ८३२३० | ९१५५३ | १००७०८ | ११०७७९ | ७४८७५६ |
| अनौपचारिक तथा वैकल्पिक शिक्षा | ४७२३ | ५१९५ | ५७१५ | ६२८६ | ६९१५ | ७६०६ | ८३६७ | ९२०४ | १०१२४ | १११३७ | ७५२७२ |
| समावेशी तथा गुणस्तरीय शिक्षा | १५०१५ | १६५१७ | १८१६८ | १९९८५ | २१९८३ | २४१८२ | २६६०० | २९२६० | ३२१८६ | ३५४०५ | २३९३०० |
| शिक्षामा सूचना प्रविधिको प्रयोग | ८५२५ | ९३७८ | १०३१५ | ११३४७ | १२४८१ | १३७३० | १५१०३ | १६६१३ | १८२७४ | २०१०२ | १३५८६७ |
| जम्मा | १३८११४ | १५१९२५ | १६७११८ | १८३८३० | २०२२१३ | २२२४३४ | २४४६७७ | २६९१४५ | २९६०६० | ३२५६६६ | २२०११८१ |

# परिच्छेद ६: योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय

दीर्घकालीन सोच, दूरदृष्टि तथा लक्ष्यका आधारमा महानगरपालिकाले योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन समन्वय र सहजीकरण गर्नुपर्छ । नतिजामुखी योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयनलाई विशेष ध्यान दिनुपर्छ । लक्षित उपलब्धि हासिल गरी दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि संघ, प्रदेश तथा स्थानीय तहमा समेत उचित एवम् प्रभावकारी समन्वय स्थापित गर्न जरुरी छ । यसका लागि महानगरपालिकाले देहायअनुसारका रणनीतिहरू अवलम्बन गर्नेछः

## ६.१ योजना तर्जुमा

१. सविधानप्रदत्त शिक्षा सम्बन्धी हक सुनिश्चित गर्न माध्यमिक शिक्षा सम्मको शैक्षिक व्यवस्थापनका लागि उचित एवम् प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
२. योजना तर्जुमा गर्दा दिगो विकासहरू लक्ष्यहरूलाई स्थानीयकरण गरिनेछ ।
३. योजना तर्जुमा गर्दा कार्यक्रमहरूको पहिचान, प्राथमिकीकरण, कार्यान्वयन तथा मूल्याङ्कन कार्यलाई स्पष्ट रूपमा निर्धारण गरिनेछ ।
४. योजना तर्जुमा गर्दा मध्यकालीन खर्च संरचनालाई ध्यानमा राखी उपलब्ध स्रोत र साधनको उचित व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।
५. विगतको अनुभव, समस्या एवम् सिकाइ तथा लक्ष्यका आधारमा हासिल भएका सूचकका आधारमा योजना तर्जुमा गरिनेछ ।
६. उपलब्ध जनशक्ति र त्यसको व्यवस्थापन, कार्यान्वयन प्रक्रिया र संयन्त्र, स्रोत साधनका आधारमा जवाफदेहितालाई सुनिश्चित गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने छ ।
७. योजना तर्जुमा गर्दा सरकारी, गैरसरकारी, तथा निजी क्षेत्रलाई सहभागी गराउने तथा आवश्यकताअनुसार सहकार्यका लागि समन्वय गरिनेछ ।
८. योजना कार्यान्वयनका लागि सार्वजनिक खरीद प्रक्रियालाई बढी व्यावहारिक र चुस्त बनाई समयमा नै विकास खर्च हुने अवस्था सिर्जना गरिनेछ ।
९. योजना तर्जुमा तथा कार्यान्वयनमा समावेशी सिद्धान्तलाई आत्मसात गरी गरीब, विपन्न सीमान्तकृत समूह, अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र विकास पक्षलाई सुनिश्चित गरिनेछ ।

## ६.२ अनुगमन तथा मूल्याङ्कन

योजना कार्यान्वयनका क्रममा देखिने समस्याहरू तत्काल पहिचान गरी समाधान गर्न योजना कार्यान्वयन प्रक्रियालाई नतिजामुखी बनाउन अनुगमन तथा मूल्याङ्कन अपरिहार्य हुन्छ । संवैधानिक अधिकार तथा संघ तथा प्रदेश सरकारबाट

प्राप्त मार्गनिर्देशन समेतका आधारमा योजना कार्यान्वयनको निरन्तर अनुगमन र मूल्याङ्कन गर्नु जरुरी हुन्छ । यसका लागि महानगरका रणनीतिहरू देहायअनुसार हुनेछन्:

१. महानगरपालिकाले सहभागितामूलक एवम् नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई संस्थागत गरिनेछ ।
२. नगर शिक्षा समिति तथा वडा शिक्षा समितिहरूलाई सूचक तथा मापदण्डमा आधारित अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार बनाइनेछ ।
३. संघ तथा प्रदेशका अनुगमन तथा मूल्याङ्कनसँग सम्बद्ध विभिन्न निकायहरूसँग उचित समन्वय तथा सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।
४. वार्षिक कार्ययोजनाको अङ्गको रूपमा अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना कार्यान्वयनमा ल्याइने छ ।
५. अनुगमन तथा मूल्याङ्कनमा आधुनिक विधि, प्रविधि तथा प्रक्रिया अवलम्बन गरिनेछ ।
६. अनुगमन तथा मूल्याङ्कनका प्राप्तिका आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा आवश्यक सुधार गरिनेछ ।
७. महानगरपालिकामा कार्यरत जनशक्तिको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सक्षमता विकास गरिनेछ ।
८. महानगरपालिका भित्र कार्य गर्ने विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरू विच समन्वय गरी अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाइने छ ।

## ६.३ समन्वय र सहकार्य

१. संघ, प्रदेश र महानगरपालिकाबीचको समन्धलाई व्यवस्थित गरी समन्वयात्मक रूपमा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गरिनेछ ।
२. कार्यक्रम निर्माण कार्यान्वयन र मूल्याङ्कन जस्ता कार्यहरूमा महानगरपालिका भित्र कार्य गर्ने विभिन्न सरकारी गैह्र सरकारी तथा निजी क्षेत्रसँग उचित समन्वय स्थापित गरी उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गरिनेछ ।
३. संघ, प्रदेश तथा महानगरपालिका र संघसंस्थाहरूबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूमा उचित समन्वय गरी उपलब्ध स्रोत, साधन तथा कार्यक्रममा हुनसक्ने दोहोरोपना हटाइने छ ।

## परिच्छेद ७: मुख्य मुख्य क्रियाकलाप र उपलब्धिसूचक/परिमाणात्मक लक्ष्य

| क्षेत्र | मुख्य मुख्य क्रियाकलाप | परिमाणात्मक लक्ष्य |
|---|---|---|
| प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास केन्द्र सञ्चालन | २०० विद्यालय |
| | सिकाइ सामग्रीहरू विकास तथा वितरण | ५ पटक |
| | सहजकर्ताहरूका लागि एक महिने वा १६ दिने पुनर्ताजगी तालिम | ७ पटक |
| | नमुना प्रारम्भिक बाल विकास केन्द्रको स्थापना सहयोग | १० वटा |
| | सहजकर्ताहरूको अवलोकन भ्रमण | ५ पटक |
| आधारभूत शिक्षा | आधारभूत विद्यालयको पूर्वाधार विकास | ४० विद्यालय |
| | सूचना प्रविधि, ई लाइब्रेरीसहितको स्मार्ट कक्षा सञ्चालन | २० विद्यालय |
| | पाठ्यसामग्री डिजिटल र अनलाइन सामग्री विकास (स्थानीय पाठ्यक्रम समेत) | ५ पटक |
| | शिक्षक र प्रअ पेसागत तालिम सञ्चालन | १० पटक |
| | विद्यालय नक्शाङ्कन र एकीकरणका प्रोत्साहन अनुदान | २ पटक |
| | नमुना विद्यालय सञ्चालन | १० विद्यालय |
| | पुस्तकालय स्थापना | १२३ विद्यालय |
| माध्यमिक विद्यालय | विद्यालयको भौतिक पूर्वाधार विकास | ४० विद्यालय |
| | आवासीय सामुदायिक माध्यमिक विद्यालयहरूको सञ्चालन | २ विद्यालय |
| | विशिष्टीकृत विद्यालय (विशेष शिक्षा) विकास | ३ विद्यालय |
| | पाठ्यसामग्री डिजिटल र अनलाइन सामग्री विकास | ५ पटक |
| | नमुना विद्यालयको सञ्चालन | १० विद्यालय |
| | शिक्षक प्रअ को पेसागतक्षमता विकासतालिम सञ्चालन | ५ पटक |
| | विद्यालय नक्शाङ्कन र एकीकरणका प्रोत्साहन अनुदान | १ पटक |
| | माध्यमिक विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी प्रयोगशाला र ई लाईब्रेरीको स्थापना र प्रयोग | ४० विद्यालय |
| प्राविधिक शिक्षा | प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार ,प्रयोगशाला, मेशिनरी र अभ्यास स्थलको सुदृढीकरण गर्ने | १० विद्यालय |
| | प्रदेश सरकारको समन्वयमा ५०० जनालाई सिपमूलक एवं स्वरोजगारमूलक तालिम सञ्चालन ९३९ घण्टा र ६ महिना गर्ने | ५०० जना |

| | | |
|---|---|---|
| पाठ्यक्रम तथा पाठ्यसामग्री | राष्ट्रिय पाठ्यक्रमबमोजिम स्थानीय पाठ्यक्रमको प्रारूप ढाँचा विकास तथा योग्यता प्रारूप ढाँचा विकास र स्थानीय विषयको पाठ्यक्रम विकास | २ पटक |
| | स्थानीय विषयहरूको पाठ्यपुस्तक एवम् पाठ्यसामग्री विकास, छपाइ तथा वितरण | २ पटक |
| | अनलाइन र अफलाइन सिकाइ सामग्री विकास र व्यवस्थापन | ५ पटक |
| | आइसिटी लगायतका पूर्वाधार विकास गरी प्रविधिमैत्री सिकाइ वातावरण विकास | २ पटक |
| शिक्षक व्यवस्थापन | प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि तालिम पाठ्यक्रम र अध्ययन सामग्री विकास | २ पटक |
| | अनुसन्धानमा आधारित जर्नल विकास र प्रकाशन | २ पटक |
| | मापदण्डका आधारमा भरतपुर महानगरपालिकास्तरीय उत्कृष्ट शिक्षक, कर्मचारी र प्रधानाध्यापकलाई सम्मान तथा पुरस्कार | १० पटक |
| | शिक्षक प्रधानाध्यापकहरूको असल अभ्यासहरूको आदान / प्रदान तथा अवलोकन भम्रण | ५ पटक |
| | सेवा प्रवेश तालिम | १० पटक |
| अनौपचारिक शिक्षा | सामुदायिक सिकाइ केन्द्रको पूर्वाधार विकास र सुदृढीकरण | १० वटा |
| | सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालय स्थापना गरी सिकाइ केन्द्रका रूपमा विकास गर्ने | १० वटा |
| | नमुनाको रूपमा घुम्ती पुस्तकालयलाई प्रयोगमा ल्याउने | २ वटा |
| | सामुदायिक सिकाइ केन्द्र मार्फत आयआर्जन कार्यक्रमहरू सञ्चालन गर्ने | १० पटक |
| | अनौपचारिक शिक्षामा संलग्न जनशक्तिको क्षमता विकास गर्ने | ५ पटक |
| | अनौपचारिक तथा बैकल्पिक शिक्षाको माध्यमबाट हासिल ज्ञान तथा सीप परीक्षण तथा प्रमाणीकरण गरी औपचारिक शिक्षाको अवसर प्रदान गर्ने | १० पटक |
| समावेशी तथा गुणस्तरीय शिक्षा | शिक्षकहरूको शैक्षिक योग्यता वृद्धि कार्यक्रम | २ पटक |
| | छपाइ तथा डिजिटलमा आधारित शिक्षण सिकाइ सामग्री विकास | ५ पटक |
| | घुम्ती शिक्षक व्यवस्थापन | १० जना |
| | भूकम्प प्रतिरोधी, बालमैत्री अपाङ्गता मैत्री एवम् लैङ्गिकमैत्री विद्यालय पुनर्निमार्ण | १२३ विद्यालय |

| | | |
|---|---|---|
| | विद्यालयमा पुस्तकालय, घुम्ती पुस्तकालय, ल्याव स्कूल विकास, विषयगत प्रयोगशाला, ICT प्रयोगशालाको निर्माण | ५ पटक |
| | शैक्षिक खोज तथा अनुसन्धान | १० पटक |
| | विद्यालयमा खेल मैदान, घेराबारा, खाने पानीको व्यवस्थापन, गुनासो सुनुवाई संयन्त्र विकास | २ पटक |
| | "सिक्दै कमाउँदै" कार्यक्रम | १० पटक |
| | बालबालिकाको सिकाइ सिमितताको पहिचान (Screening) तथा सिकाइ सहयोग | १० पटक |
| | विषयगत समिति गठन एवम् परिचालन | १० पटक |
| सूचना प्रविधिको प्रयोग | शैक्षिक संस्थाहरूमा नि:शुल्क रूपमा उच्च गतिको इन्टरनेट सेवाको विस्तार | १० पटक |
| | विद्यालयहरूमा ICT प्रयोगशालाको स्थापना | २ पटक |
| | वैकल्पिक शिक्षण सिकाइ लागि अनलाइन तथा अफलाइनमा आधारित सिकाइ सामग्रीको विकास | ५ पटक |
| | सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्यरत शिक्षक, प्रशिक्षक प्रधानाध्यापक तथा कर्मचारीहरूको क्षमता विकास | ५ पटक |
| | सिकाइ पोर्टल विकास र प्रयोग (एप्स समेत) | ३ पटक |

## सन्दर्भ सामग्रीहरू


काफ्ले, भोजराज (२०७७), *परिवर्तनको सिद्धान्त सन्दर्भ नयाँ दश वर्षे शिक्षा योजना,* शैक्षिक स्मारिका २०७७ भाग-२: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर ।

शाही, अर्जुनबहादुर (२०७७), *सङ्घीय संरचनामा प्रादेशिक शिक्षा योजनाको सन्दर्भ,* शैक्षिक स्मारिका २०७७ भाग-२: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर।

नेपाल कानुन आयोग (२०७५), *अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५*।

कोइराला, विद्यानाथ (२०७८), *शिक्षामा आमूल परिवर्तन जिम्मा कस्को ?* शैक्षिक स्मारिका २०७८: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर।

नेपाल कानुन आयोग (२०५९), *शिक्षा ऐन २०२८ (संशोधन सहित), शिक्षा नियमावली २०५९ (संशोधन सहित)*।

भरतपुर महानगरपालिका (२०७५), *भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ (संशोधन सहित),* भरतपुर महानगरपालिकाको वेवसाइट।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७९), *स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन* ।

शर्मा, गोपीनाथ (२०७२), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू:* मकालु प्रकाशन, काठमाडौं ।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)*।

पौडेल, आनन्द (२०७८), *Universal Design for Learning (UDL) as a tool for inclusive education.* शैक्षिक स्मारिका २०७८: शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर।

शर्मा, महाश्रम (२०७८), *Head teacher Leadership for School Improvement a Case of Leadership Practice in Better Performing Public School* : शिक्षा सेवा समाज नेपाल स्मारिका २०७८ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७८), *सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८* ।

काफ्ले, बासुदेव (२०७८), *Inclusive Education in Nepal: Effort and Achievements,* शिक्षा सेवा समाज नेपाल स्मारिका २०७८ ।

राष्ट्रिय योजना आयोग (२०७२). *दिगो विकासका लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०*।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७८), *विद्यालय क्षेत्र सुधार योजना २०७८-२०८७:* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।